सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० साउन २०८३, बुधबार (5 Aug 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ११४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बागमती र कोशीमा दलको नेता बनाउन ओलीको ‘अस्वस्थ चलखेल’

ओलीको ‘मानसिक दबाब’ थेग्न नसकेपछि बैठकमै बेहोस भए थपलिया



गुन्डु बैठकमा ढलेका जगन्नाथ थपलिया मंगलबार वीर अस्पतालमा

■ गुन्डु बैठकको तस्बिर

सोमबार बेलुकी ७ बजेबाट जगन्नाथ थपलियासहितको उपस्थितिमा पार्टी र संसदीय दलको बैठक गुन्डुमा बसेको थियो। जहाँ किरण थापाले आफूलाई दलको नेता बनाए राप्रपाका १२ मध्ये सात सांसदको समर्थन जुटाउन सकिने दाबी गर्दै आफ्नो हिसाब प्रस्तुत गरे। त्यसपछि ओलीले थपलियालाई मंगलबार बिहान १० बजेसम्म अन्य दलसँग छलफल गरी जसरी पनि सहमति जुटाउन निर्देशन दिए।

तर, पार्टीमा लागेदेखि कहिल्यै अनैतिक काम नगरेको भन्दै थपलियाले बरु पार्टी दलको नेता र केन्द्रीय सदस्य छोड्ने, तर ‘जसरी पनि’ बहुमत जुटाउने काम गर्न नसक्ने जवाफ फर्काए।

यही विषयमा दुवै पक्षबिच सवाल-जवाफ चलिरहेकै क्रममा विगतका घटनाक्रम सम्झँदै थपलिया भावुक बनेका र त्यसपछि बेहोस भएको प्रदेश सांसद केशव पोखरेलले बताए। ‘उहाँको मानमर्दन भएजस्तो वातावरण बन्यो। उहाँलाई असक्षम भन्दै निकै दबाब दिइयो,’ प्रत्यक्षदर्शी पोखरेलले भने, ‘त्यसपछि उठेका प्रश्नहरूको जवाफ दिने क्रममा विगतका घटनाक्रम सम्झेर उहाँ भावुक हुनुभयो। त्यही क्रममा उहाँलाई असहज महसुस भयो र ढल्नुभयो।’

थपलिया ढलेपछि ओलीले त्यसलाई समेत गम्भीरतापूर्वक लिएनन्। र, भने, ‘बैठकको यति प्रेसर त थेग्न नसक्नेले कसरी मुख्यमन्त्री भएर सरकार चलाउँछ, यिनलाई उठाएर अस्पताल लैजानुस्।’

त्यसपछि थपलियाका सम्धीसमेत रहेका दलका उपनेता दावा दोर्जे लामा र अर्का सांसद केशव पोखरेलले उठाएर मध्यपुर थिमी अस्पताल पुऱ्याएका थिए।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

■ कार्कीको अडानले दबाबमा ओली

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले पार्टीको संस्थागत निर्णयविना पछि नहट्ने अडान दोहोऱ्याएका छन्। अध्यक्ष केपी ओलीसँग मंगलबार भएको भेटवार्तामा कार्कीले पुरानै अडान दोहोऱ्याएका हुन्। ओलीले पटक-पटक अवसर पाएको र प्रदेशको राजनीतिक सन्तुलन मिलाउन जनजाति पृष्ठभूमिको व्यक्तित्व अगाडि सार्न खोजिएकाले सहयोग गर्न कार्कीलाई आग्रह गरेका थिए। तर, कार्की त्यसमा सहमत भएनन्।

स्रोतका अनुसार कार्कीले ओलीसँग भनेका थिए, ‘सरकारको तर्फबाट काममा कमजोरी भएको छैन। सरकारको नेतृत्व फेरिरहँदा अस्थिरताको सन्देश जान्छ। तैपनि पार्टीले स्पष्ट निर्णय गरेर फिर्ता बोलाए दलको नेता र मुख्यमन्त्रीबाट हट्छु। होइन, प्रक्रियाबाटै टुंगो लगाउने हो भने पनि म तयार छु। लोकतान्त्रिक प्रक्रिया आत्मसात् गर्न मलाई आपत्ति छैन।’



मुख्यमन्त्री कार्की

कोशीमा ओलीले उपनेता तिलकुमार मेन्याङ्बोलाई अगाडि सारेका छन्। ओलीले प्रदेश इन्चार्ज शेरधन राईमार्फत कार्कीको राजीनामा गराउन कोसिस गरे पनि सफल भएनन्। त्यसपछि उनीसहित प्रदेश पदाधिकारीहरूलाई छलफलका लागि काठमाडौं बोलाएका थिए।

छलफलमा प्रदेश इन्चार्ज शेरधन राई र प्रदेश अध्यक्ष घनश्याम खतिवडालगायतका पदाधिकारीले प्रदेशको पछिल्लो अवस्थाबारे रिपोर्टिङ गरेका थिए। त्यसलगत्तै कार्कीले ओलीसँग अलग्गै भेटवार्ता गरेका थिए।

महासचिव शंकर पोखरेल गृहजिल्ला दाडमा रहेका कारण उनी फर्किएलगत्तै प्रदेशका मुख्यमन्त्रीहरूको विषय टुंगोमा पुऱ्याउने योजनामा ओली छन्। सोही कारण बुधबार पुनः गुन्डुमा छलफल राखिएको छ।

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अभावबिच ग्यासको मूल्यमा ठगिँदै उपभोक्ता, चुपचाप सरकार

स्थानीय डिलरको कमिसन ५० र ढुवानी भाडा ४० रुपैयाँसमेत जोडेर ग्यासको मूल्य प्रतिसिलिन्डर २ हजार ६० कायम गरिएको हो, तर अहिले ग्यास नपाएर भौंतारिँदै आएका उपभोक्तासँग पनि उद्योगले पूरै रकम असुलिरहेको छ, सरकार र संसद् मौन छन्

● **विष्णु तिमिल्सिना,** अधिकारकर्मी



एकातिर ग्यास नदिएर उपभोक्तालाई हैरानी दिइएको छ, अर्कातिर मूल्यमा पनि लुट मच्चाइएको छ। उद्योगको गेटसम्म लाइन लगाएर बेचेको ग्यासमा डिलर कमिसन र ढुवानीबापतको ९० रुपैयाँ तुरुन्तै हटाउनुपर्छ।

● **रहबर अन्सारी,** सभापति, संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समिति



उद्योगबाटै सिलिन्डर बिक्री गर्दा ९० रुपैयाँ छुट गर्नुपर्ने विषय जानकारीमा छ, तर अहिले त्योभन्दा पनि आपूर्ति सहज गराउन लाग्नुपर्ने देखिन्छ।

● **मनोज ठाकुर,** प्रवक्ता, आयल निगम



अहिले कसले कसरी बेचिरहेको छ भन्नेतिर ध्यान पुऱ्याउन सकिएको छैन। ग्यासको आपूर्ति सहज गर्नमै सबै शक्ति लगाइरहेका छौं।

● **गोकुल भण्डारी,** सञ्चालक, नेपाल ग्यास



हामीले सकेसम्म डिलरमार्फत नै ग्यास जाओस् भन्ने चाहेका छौं, तर उद्योगमै लाइन लाग्न आएका उपभोक्तालाई खाली पठाउने कुरा भएन। निगमले मूल्य हेरफेर गर्छ भने मान्छौं।

अजित अधिकारी/नयाँ पत्रिका

निजी सवारीसाधन नहुनेहरू रित्तो सिलिन्डरमा नाम्लो लगाएरसमेत ग्यासको खोजीमा चारतिर

» पृष्ठ २ मा क्रमशः

प्रधानमन्त्री कार्यालयमा उद्योगीहरूसँग छलफल

उपभोक्तामाथि भइरहेको ठगीको विषयमा छलफल नै भएन, बरु उद्योगीले ग्यास अभावको दोष उपभोक्ताको टाउकोमा थोपरे



संसद्को उद्योग तथा वाणिज्य समितिमा छलफल

आयल निगमका पदाधिकारीदेखि विभागीय मन्त्रीसम्मलाई डाकेर समितिले छलफल गऱ्यो, आपूर्ति सहज बनाउन भन्यो, तर ठगीको विषयमा बोलेन



झन् बढ्दै छ असहजता

बालाजुस्थित नेपाल ग्यासको उद्योग र टेकुस्थित निगमको पुरानो कार्यालयमा उपभोक्ताको घटेन भिड

साउन लागेयता नै ग्यास आपूर्ति सहज छैन। पछिल्ला दिन आपूर्ति असहजता झन् बढेको छ। आयल निगमले टेकुस्थित पुरानो कार्यालयमा नेपाल, एभरेस्ट, सुगम, श्रीराम र एचपी ब्रान्डको ग्यास उपलब्ध गराउने गरी व्यवस्थापन गरे पनि असहजता घटेको छैन। टेकुमा पनि दिनहुँ ग्यास लिन पुग्ने उपभोक्ताको भिड बढेको छ। मंगलबार दिउँसो टेकुमा भेटिएका प्रह्लाद चौरासियाले घरनजिकैको डिपोमा नपाएपछि आएको बताए।



बालाजुस्थित नेपाल ग्यासको उद्योगमा लाइन लागेका उपभोक्ता

‘घरमा भएको एउटा सिलिन्डर सकिन लागेको छ। अर्को रित्तै भएपछि तनाव भयो,’ उनले भने, ‘यहाँ (टेकु) ११ बजे लाइनमा बसेर ३ घण्टापछि पालो आएपछि एउटा सिलिन्डर लिएर जाँदै छु।’ उनले आयल निगमको व्यवस्थापकीय कमजोरीले सास्ती खेप्नुपरेको बताए। ‘अहिले अफिस लागेको छ, आफू यता ग्यासको लाइनमा बस्नुपरेको छ,’ उनको गुनासो थियो। नक्खुदेखि टेकु पुगेका भरत मगरले स्थानीय डिलरकहाँ एक-डेढ सातादेखि धाउँदा पनि ग्यास नपाएको बताए। ‘अझै कति दिनपछि ग्यास पाइन्छ भन्ने ग्यारेन्टी पनि भएन अनि यता आइयो,’ राजधानी ग्यासको खाली सिलिन्डर लिएर लाइन लागेका उनले भने।

मंगलबार दिउँसो बालाजुस्थित औद्योगिक क्षेत्रभित्र रहेको नेपाल ग्यास उद्योगको गेटमा पनि उपभोक्ताको लाइन उस्तै थियो। गेटबाट एक थान सिलिन्डर लिएर निस्कँदै गरेकी चन्दा महर्जनले सास्ती खेपेको बताइन्। ‘लाइन बस्नुपऱ्यो, लाइन सर्दैपिच्छे सिलिन्डर पनि घिसार्दै सार्नुपर्दा कति दुःख हुन्छ!’ उनले भनिन्, ‘ग्यासको साह्रै दुःख भयो यसपालि।’ निगमको पहलमा टेकुबाट गत शनिबारदेखि विभिन्न पाँच ब्रान्डका ग्यास कम्पनीले बिक्री थालेका छन्।

■ स्वास्थ्य क्षेत्रमा एकपछि अर्को आन्दोलन

नर्सहरू आन्दोलनमै रहेका बेला इन्टर्न चिकित्सक पनि अनशनमा



आन्दोलनरत इन्टर्न चिकित्सकको नेतृत्व गरेका डिल्ली हरिजनले थाले माइतीघरमा अनशन। तस्बिर : **दिपेन्द्र ढुंगाना**

आन्दोलनरत चिकित्सकहरूले इन्टर्न डाक्टरको ड्युटी श्रम ऐनअनुसार दिनको आठ घण्टा र सातामा ४८ घण्टा कायम हुनुपर्ने, मेडिकल कलेजले लिएको अतिरिक्त शुल्क फिर्ता हुनुपर्ने, अब अतिरिक्त शुल्क लिन नहुने, होस्टलमा बस्नुपर्ने अनिवार्य नियम हटाउनुपर्ने र कार्यदलले तयार पारेको प्रतिवेदन सार्वजनिक हुनुपर्नेलगायतका माग राखेका छन्। ‘कार्यदलको प्रतिवेदन सार्वजनिक र कार्यान्वयनमा आनाकानी भएपछि नयाँ चरणको आन्दोलन सुरु गरेका हौं। माग पूरा नभएसम्म अनशन जारी रहन्छ,’ मंगलबारबाट अनशन सुरु गरेका हरिजनले भने।

हाल नेपालभर निजी र सरकारी मेडिकल कलेजमा गरी १७ सय इन्टर्न डाक्टर अध्ययन गर्छन्। तर, निजी र सरकारी दुवैतर्फ उनीहरूको ड्युटी तालिका स्पष्ट छैन।

शिवहरि घिमिरे/नयाँ पत्रिका

स्वास्थ्य क्षेत्रमा भएका एकपछि अर्को आन्दोलनले सेवा नै प्रभावित हुन थालेको छ। विभिन्न १५ सूत्रीय माग राखी देशभरका नर्स आन्दोलनमा रहँदै वेला एमबिबिएस तथा बिडिएसका इन्टर्न चिकित्सक पनि आन्दोलनमा उत्रेका छन्।

सुरक्षित कार्यक्षेत्रसहितका माग राखेर देशैभरका चिकित्सक गत साता आन्दोलनमा उत्रिएका थिए, जसका कारण दुई दिन ओपिडी सेवा नै ठप्प भयो। सबै चिकित्सक आन्दोलनमा उत्रिएपछि सरकारले बिहीबार उनीहरूसँग सहमति गऱ्यो। त्यसपछि चिकित्सक नियमित काममा फर्केका थिए।

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



थप एकजना घाइतेको मृत्यु भएपछि कप्तानगन्जमा फेरि तनाव

स्थानीयले रुख ढालेर गरे सडक अवरुद्ध, गृहमन्त्रीसँगको छलफलपछि पनि आफन्तले रवीन्द्रको शव बुझ्न मानेनन्

(विस्तृत पृष्ठ ३)

■ झापा-इलाम सदरमुकाम जोड्ने सडक अवरुद्ध

बोकेर बिरामीको उद्धार गर्दै सुरक्षाकर्मी

झापामा **चिरञ्जीवी घिमिरे**

इलाम सदरमुकामलाई झापासँग जोड्ने मेची राजमार्गको राजदुवाली खण्डसँगै वैकल्पिक मार्गसमेत अवरुद्ध बनेका छन्। सोमबार रातिदेखिको वर्षाले राजदुवाली तथा सिमलगोलाई-तिल्केनी र मेची करिडोर अवरुद्ध बनेपछि यातायात ठप्प बनेको छ। सुरक्षाकर्मीले बोकेर बिरामीको उद्धार गरिरहेका छन्।

राजदुवालीको वैकल्पिक सडकका रूपमा प्रयोग हुँदै आएको सिमलगोलाई-तिल्केनी सडकमा पर्ने जोगमाई खोलामा आएको बाढीले डाइभर्सन भत्काएको छ। त्यस्तै, पुवा खोलाको बाढीले डाइभर्सन बगाउँदा झापादेखि इलाम सदरमुकाम जोड्ने मेची करिडोर पनि अवरुद्ध छ।

इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले झापाबाट इलाम सदरमुकाम जोड्ने यातायात पूर्ण रूपमा अवरुद्ध भएको बताए। ‘अहिले इलाम घेराबन्दीमा परेजस्तै भएको छ। राजदुवाली असारदेखि नै बन्द छ। काम सकिएर दुई-तीन दिनमा ग्राभेल हुन्छ र सञ्चालनमा आउँछ भन्ने थियो। फेरि वर्षा भएपछि सडकमा क्षति पुगेको छ,’ उनले भने, ‘वैकल्पिक सडक पनि खोलाले डाइभर्सन बगाएपछि अहिले झापा-इलाम सदरमुकामको यातायात आवागमन ठप्प छ। सिमलगोलाई-तिल्केनी सडक ग्राभेल गरेर केही सहज बनाइएको थियो। तर, जोगमाई खोलाले डाइभर्सन बगाएको छ।’

वैकल्पिक सडक तत्काल खुलाउने तयारी भए पनि लगातार

» पृष्ठ २ मा क्रमशः



झापाको अस्पतालमा बच्चा जन्माएर इलाम घर फर्किएकी सुत्केरीलाई स्ट्रेचरमा राखेर अवरुद्ध बाटो पार गराउँदै सुरक्षाकर्मी

● इलामका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले भने–

बुधबार खोलामा पानी घट्यो भने तत्कालै डाइभर्सन बनाएर सडक सञ्चालनमा ल्याउँछौं



अहिले इलाम घेराबन्दीमा परेजस्तै भएको छ। राजदुवाली असारदेखि नै बन्द छ। काम सकिएर दुई-तीन दिनमा ग्राभेल हुन्छ र सञ्चालनमा आउँछ भन्ने थियो। फेरि वर्षा भएपछि क्षति पुगेको छ। वैकल्पिक सडक पनि खोलाले डाइभर्सन बगाएपछि अहिले झापा-इलाम सदरमुकामको यातायात आवागमन ठप्प छ। सिमलगोलाई-तिल्केनी सडक ग्राभेल गरेर केही सहज बनाइएको थियो। तर, जोगमाई खोलाले डाइभर्सन बगाएको छ। सडक खुलाउन मेसिन तयारी अवस्थामा राखेका छौं। तर, मंगलबार साँझसम्म नै पानी पऱ्यो। खोलामा पानी घटेको छैन। अब बुधबार पानी घट्यो भने तत्कालै डाइभर्सन बनाएर सडक सञ्चालनमा ल्याउँछौं।

हिरासतमा हुने अस्वाभाविक मृत्यु

१५ दिनभित्र लिखित जवाफ पेस गर्न सर्वोच्चको आदेश

अधिवक्ता कुमार थपलियाले दर्ता गरेको रिटमा न्यायाधीश डा. नहकुल सुवेदीको एकल इजलासले सरकारको तर्फबाट महान्यायाधिवक्ता कार्यालयलाई १५ दिनभित्र जवाफ पेस गर्न आदेश गरेको छ।

नयाँ पत्रिका



सर्वोच्च अदालतले हिरासतमा हुने अस्वाभाविक मृत्युविरुद्धको रिटमा सरकारलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश गरेको छ। राज्यको नियन्त्रणमा रहेका नागरिकहरूको जीवन रक्षा, हिरासतगत सुरक्षा र संरक्षकीय दायित्व सुनिश्चित गर्न भन्दै सर्वोच्चमा दायर रिटमा न्यायाधीश डा. नहकुल सुवेदीको एकल इजलासले मंगलबार आदेश जारी गरेको हो।

अधिवक्ता कुमार थपलियाले दर्ता गरेको रिटको आदेशमा सरकारको तर्फबाट महान्यायाधिवक्ता कार्यालयलाई १५ दिनभित्र जवाफ पेस गर्न भनिएको छ। मुद्दामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालयसहित आठ निकायलाई विपक्षी बनाइएको थियो।

‘यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनुनपर्ने हो ? आदेश जारी हुनुनपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक

» पृष्ठ २ मा क्रमशः

बागमती...

पृष्ठ १ बाट क्रमशः

प्रदेश सरकारका लागि गरेको तीनबुँदे सहमतिलाई आफूविरुद्ध लागेका नेता-कार्यकर्तासँग बदला लिने 'मोर्चा' बनाउन खोजेपछि विवाद बढेको हो ।

उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलसँगको छलफलमा ओली कोशीमा हिक्मत कार्की र लुम्बिनीमा चेतनारायण आचार्यलाई नै निरन्तरता दिने तथा बागमतीमा संसदीय दलका नेता जगन्नाथ थपलियालाई नै मुख्यमन्त्रीको उम्मेदवार बनाउन सहमत भएका थिए । तर, पौडेल-पोखरेलसँगको सहमतिविपरीत ओलीले कार्की र थपलियालाई रोक्ने चलखेल गरेपछि विवाद सतहमा आएको हो ।

ओलीले भने पार्टीको केन्द्रीय सचिवालय बैठक नराखी कोशीमा उपनेता तिलकुमार मेन्याङ्बो र बागमतीमा किरण थापालाई बनाउन जोडबल गरिरहेका छन् ।
आफ्नो योजनाअनुसार प्रदेशहरूमा मुख्यमन्त्री र मन्त्रीहरू बनाएर पार्टीभित्र बलियो बन्ने रणनीतिमा ओली देखिएका छन् । एमाले नै प्रदेशहरूको स्थिरताविरुद्ध लागेको नकारात्मक सन्देश जान सक्ने भन्दै पार्टीभित्रै ओलीको आलोचना सुरु भएको छ ।

एमालेका एक पदाधिकारीका अनुसार 'बागमतीमा जसले बहुमत जुटाउँछ उही दलको नेता र मुख्यमन्त्री बन्छ' भन्दै थापालाई सहयोग हुने गरी ओली प्रस्तुत भएका थिए । थापालाई नै सहयोग गर्ने उद्देश्यले सोमबार राति डाकिएको बैठकमा तनाव भएको थियो । संसदीय दलका नेता थपलियालाई पछि हट्न मानसिक दबाब सिर्जना गरेपछि छलफलकै बिचमा उनी बेहोस भएका थिए ।

गत शुक्रबार ओलीले उपाध्यक्ष पौडेल र महासचिव पोखरेलसँगको सहमतिअनुसार प्रदेश इन्चार्ज महेश बस्नेत, अध्यक्ष कैलाश ढुंगेल र संसदीय दलका नेता थपलियालाई बोलाएर छलफल गरेका थिए । त्यसक्रममा उनले दलको नेता थपलिया नै मुख्यमन्त्रीको उम्मेदवार बन्ने भन्दै त्यसअनुसार राप्रपासहितका दलसँग छलफल गरेर बहुमतका लागि आवश्यक संख्या जुटाउन निर्देशन दिएका थिए ।

त्यसपछि थपलियाले यसबिचमै राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन र प्रदेश संसदीय दलका नेता उद्धव थापालाई भेटेर सहयोग मागे । उनीहरूले केन्द्रीय तहमै सैद्धान्तिक सहमति बनेको अवस्थामा मात्र राप्रपा सरकारमा जान सक्ने 'बटमलाइन' सुनाए । तर, त्यहीबिचमै प्रदेश इन्चार्ज बस्नेतले आफूनिकट थापालाई भित्री सहयोग गरेका कारण एमालेका २५ मध्ये बहुमत सांसद उनलाई नै मुख्यमन्त्री बनाउन तयार भए । १४ जना सांसदले त गोप्य रूपमा हस्ताक्षरसमेत गरे ।

त्यति मात्र होइन, आइतबार बस्नेतकै तयारीमा राप्रपाका १२ मध्ये ७ सांसदलाई गुन्डुमै बोलाएर ओलीकै उपस्थितिमा बैठक बस्यो । जहाँ राप्रपाबाट थापालाई सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाउन लगाएर एमालेको सरकार बन्ने अवस्था सिर्जना गरियो ।

सोमबार बेलुकी ७ बजेबाट थपलियासहितको उपस्थितिमा पार्टी र संसदीय दलको बैठक गुन्डुमै राखियो । बैठकमा २५ मध्ये १७ सांसद सहभागी भए । सहभागी प्रदेश सांसदहरूले थपलियाले एक हप्तासम्म अरू दलको सहमति जुटाउन नसकेको भन्दै उनको आलोचना गरे ।

सांसदहरू विष्णु सिलवाल, ज्ञानबहादुर तामाङ, डा. दिनेशचन्द्र देवकोटा र भारती पाठकसहित किरणको पक्षमा चर्को स्वरसहित बोले । बहुमत जुटाउन नसक्ने असक्षम व्यक्तिलाई बोक्न नसकिने भन्दै उनीहरूले थपलियाको अपमान नै गरेको बैठकमा सहभागी एक प्रदेश सांसदले बताए । मन्त्री भरत केसीले पनि थपलियाकै विपक्षमा बोले ।

थपलियाको पक्षमा भने प्रमुख सचेतक एकलाल श्रेष्ठ, सांसद केशव पोखरेल र उर्मिला सुनुवारबाहेक अरू खुलेनन् । थपलियाको पक्षमा खुलेका श्रेष्ठले पार्टीमा सबैको योगदानको मूल्यांकन हुनुपर्ने बताउँदै कसैको अपमान गर्न नहुनेमा जोड दिएका थिए ।

प्रदेश इन्चार्ज बस्नेतमार्फत ०७३ सालमा राप्रपाबाट एमाले प्रवेश गरेका भक्तपुरका किरण थापालाई संसदीय दलको नेता बनाउन जोडतोडका साथ पहल भइरहेको थियो । राप्रपाबाट वडाध्यक्ष जितेका थापा एमाले प्रवेश गरेलगत्तै प्रदेश सांसद बनेका थिए ।

सांसद थापाले आफूलाई दलको नेता बनाए राप्रपाका १२ मध्ये सात सांसदको समर्थन जुटाउन सकिने दाबी गर्दै आफ्नो हिसाब प्रस्तुत गरेपछि ओलीले थपलियालाई मंगलबार बिहान १० बजेसम्म अन्य दलसँग छलफल गरी जसरी पनि सहमति जुटाउन निर्देशन दिएका थिए । उनले भनेका थिए, 'मंगलबार बिहान १० बजेसम्म जसरी पनि राप्रपालाई सहमतिमा ल्याएर बहुमत पुर्‍याउनुस् । नभए पार्टीले सरकार गठनका लागि नयाँ ढंगले सोच्नुपर्ने हुन्छ ।'

ओलीको उक्त अल्टिमेटमपछि थपलियाले इमानदार राजनीतिको पक्षमा रहेको, अनैतिक काम नगर्ने र आवश्यक परे पद नै छोड्न तयार रहेको जवाफ दिएका थिए ।

बैठकमा ओलीले दलको नेता भएर पनि राजनीतिक संवादमार्फत कुनै सहमति जुटाउन नसकेको आरोप लगाएपछि थपलियाले त्यसको प्रतिवाद गरेका थिए । थपलियाले जवाफमा भनेका थिए, 'मैले राजनीतिक रूपमा गर्नुपर्ने वार्ता र छलफल निरन्तर गरिरहेको छु । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई पनि भेटेको छु । प्रदेश तहका नेताहरूसँग पनि आफ्नो तर्फबाट संवाद गरेको छु । तर, जसरी पनि सहमति जुटाएर बहुमत पुर्‍याउने जिम्मेवारी मेरो मात्र होइन । माथिल्लो तहको नेतृत्वसँग कुरा गरेर अन्तिम सहमति गर्ने दायित्व पार्टी नेतृत्वकै हो ।'

पार्टीमा लागेदेखि कहिल्यै अनैतिक काम नगरेको भन्दै थपलियाले बरु पार्टी दलको नेता र केन्द्रीय सदस्य छोड्ने, तर जसरी पनि बहुमत जुटाउने काम गर्न नसक्ने जवाफ दिएका थिए । 'चालिस-पचास वर्षदेखि यही आन्दोलनमा छु । अहिलेसम्म अनैतिक राजनीति गरेको छैन । इमानपूर्वक पार्टी र आन्दोलनमा समर्पित भएर लागेको छु । अब पनि जसरी पनि सहमति गर्ने नाममा मबाट अनैतिक काम हुन्न,' थपलियाको भनाइ उद्धृत गर्दै अर्का एक सांसदले भने, 'पार्टी अध्यक्षले नै मेराविरुद्ध हस्ताक्षर चलाउँदै हिँडेपछि राम्रो हुँदैन । बरु त्यही नाममा संसदीय दलको नेता, पार्टी केन्द्रीय सदस्यबाट राजीनामै दिनुपर्ने भए छोडिदिन्छु ।'

केहीबेर दुवै पक्षबिच सवाल-जवाफ चलिरहेकै क्रममा विगतका घटनाक्रम सम्झँदै थपलिया भावुक बनेका र त्यसपछि बेहोस भएको प्रदेश सांसद केशव पोखरेलले बताए ।

सवाल-जवाफकै बिच भावुक भएका थपलियाको बोली एक्कासि बन्द भएको थियो । लगत्तै, उनी बसेको ठाउँमै लडेका थिए । त्यसपछि ओलीले 'बैठकको प्रेसर त थेग्न नसक्ने मान्छेले मुख्यमन्त्री कसरी चलाउँछ ?' भन्दै अस्पताल लैजान निर्देशन दिएका थिए ।

ओलीको निर्देशनपछि थपलियाका सम्धीसमेत रहेका दलका उपनेता दावा दोर्जे लामा र अर्का सांसद केशव पोखरेलले उठाएर अस्पताल लगेका थिए । सांसद पोखरेलले पनि आफू र लामाले नै थपलियालाई मध्यपुर थिमी अस्पताल भर्ना गराएको जानकारी दिए । राति नै डिस्चार्ज भएका उनी थप उपचारका लागि अहिले वीर अस्पतालमा छन् । थपलिया पहिलेदेखि सुगर र प्रेसरका बिरामी छन् ।

अभावबिच...

पृष्ठ १ बाट क्रमशः

भौँतारिरहेका छन् । कतै नभेटेपछि अन्तिम आस लिएर ग्यास उद्योगमै पुग्नेले पाइहाले पनि उद्योगीबाटै मूल्यमा ठगिएका छन् । अभावबिच ग्यासको मूल्यमा नागरिक ठगिँदा सरकार भने उद्योगीकै 'ब्रिफिङ'का आधारमा प्रेस नोट जारी गरेर चुपचाप छ । सरकारलाई उचित निर्देशन दिनुपर्ने संसद्समेत बेपरबाह छ ।

आयल निगमले भरी प्रतिसिलिन्डर ग्यासको खुद्रा मूल्य दुई हजार ६० रुपैयाँ तोकेको छ । यो डिलरले बेच्ने मूल्य हो । उद्योगदेखि डिलरसम्मको स्थानीय ढुवानीबापत ४० रुपैयाँ र डिलरले पाउने कमिसनबापत ५० रुपैयाँ जोडेर उक्त मूल्य तोकिएको हो । तर, कैयौँ टाढाबाट सिलिन्डर बोकेर उद्योगको गेटमै पुगेका उपभोक्तालाई उद्योगीले दुई हजार ६० रुपैयाँ नै लिइरहेका छन् । आयल निगमकै टेकुस्थित कार्यालयमा रहेको अस्थायी डिपोमा पुगेका उपभोक्तालाई पनि उही मूल्य छ । एक सिलिन्डर ग्यासमा ९० रुपैयाँका दरले सिधासिधी ठगी भइरहेको छ ।

तर, मंगलबार ग्यास उद्योगीलाई डाकेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मुख्यसचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा बसेको बैठकमा न ग्यास आपूर्ति सहज बनाउने ठोस निर्णय भयो, न उपभोक्ता ठगिएको सवाल उठ्यो । बरु, बैठकमा उपस्थित उद्योगीले 'बजारमा हल्ला भएजस्तो ग्यास अभाव नरहेको' ब्रिफिङलाई नै प्राथमिकता दिएर प्रधानमन्त्री कार्यालयले प्रेस नोट जारी गरेको छ । बैठकमा उद्योगीले विगतमा आधा भरिएको सिलिन्डर प्रयोगमा आउँदा खपत घटेको र ३१ असारबाट पूर्ण तौलको सिलिन्डर प्रयोगमा आउँदा खपत बढेकाले आपूर्ति असहज भएको बताएका थिए । 'बैठकमा ग्यास आपूर्तिमा समस्या देखिएका जिल्लामा वितरण थप प्रभावकारी, नियमित र सहज बनाउन सम्बन्धित निकायबिच समन्वय तथा व्यवस्थापनलाई तीव्रता दिनेबारे निर्णय भएको छ,' प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयले जारी गरेको प्रेस नोटमा उल्लेख छ । दसैँ, तिहारमा पनि ग्यासको अभाव हुन नदिन मासिक ५० हजार टनभन्दा बढी आयातको व्यवस्था मिलाउने निर्णय भएको सचिवालयले जनाएको छ ।

उपभोक्ताहित संरक्षण मञ्चका महासचिव विष्णु तिमिल्सिना अभावको मौका छोपेर ग्यासको मूल्यमा लुट मच्चाइएको बताउँछन् । 'एकातिर ग्यास नदिएर उपभोक्तालाई अधिकतम हैरानी दिइएको छ, अर्कातिर ग्यासको मूल्यमा पनि लुट मच्चाइएको छ,' उनले भने, 'उद्योगको गेटसम्म उपभोक्तलाई लाइन लगाएर दिएको ग्यासमा तुरुन्तै डिलर कमिसनबापतको रकम हटाउनुपर्छ । अहिलेसम्म उपभोक्ताले तिरेको पैसा पनि फिर्ता हुनुपर्छ ।' ग्यास सहज आपूर्ति गराउनुपर्ने दायित्वबाट बिमुख भइसकेको सरकार अब मूल्यमा उपभोक्ता ठगिएको पनि हेरेर बस्न नहुने तिमिल्सिनाले बताए । 'आयल निगमले नै ग्यासको मूल्य निर्धारण गर्ने हो । त्यसैले अहिले उद्योग परिसरबाट भइरहेको बिक्री मूल्यमा पनि आयल निगमले नै हस्तक्षेप गरेर छुट दिलाउनुपर्छ,' उनले भने ।

मंगलबार संसद्को मात्रै होइन, संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिको बैठक पनि बसेको थियो । तर, ग्यास अभावबारे चर्चा भए पनि ग्यासको मूल्यमा उपभोक्ता ठगिएको विषयमा कसैले प्रश्न उठाएन ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिका सभापति रहबर अन्सारीले उद्योग मन्त्रालय र निगमले भारतबाट पर्याप्त ग्यास आएको जानकारी दिएको भन्दै अभाव हुनुको कारण मागेका थिए । उद्योगमन्त्रीदेखि निगमका पदाधिकारीसम्मलाई राखेर गरिएको बैठकमा सभापति अन्सारीले निगम अधिकारीहरूलाई लक्षित गर्दै 'देशमा काम गरेर देखाउने धेरै योग्य मान्छे रहेकाले काम गर्न नसके मार्गप्रशस्त गर्न' चेतावनी दिए । देशभर रहेका एक करोड ७५ लाख सिलिन्डर कहाँ, कस्तो अवस्थामा छन् म्यापिङ गर्न निर्देशन दिएका थिए ।

तर, उनले ग्यास आपूर्ति सहज गराउनु नै अहिलेको आवश्यकता रहेको भन्दै ठगीप्रति भने नजरअन्दाज गरेका । नयाँ पत्रिकाको प्रश्नमा उनले उद्योगको गेटबाटै उपभोक्तालाई ग्यास बिक्री गर्दा प्रतिसिलिन्डर ९० रुपैयाँसम्म छुट दिनुपर्ने विषयमा आफूले जानकारी पाए पनि अहिलेको आवश्यकता आपूर्ति सहज गराउनु नै रहेको बताए । 'उद्योगबाटै ग्यास बिक्री गर्दा प्रतिसिलिन्डर ९० रुपैयाँसम्म छुट हुनुपर्ने विषय मेरो जानकारीमा छ । तर, अहिले यो विषयभन्दा पनि आपूर्ति सहज गराउन सबै पक्ष लाग्नुपर्ने देखिन्छ,' उनले भने ।

सभापति अन्सारीले आयल निगमको घाटा पूर्ति गर्न सर्वसाधारण र व्यावसायिक उपभोक्तालाई दुईथरी मूल्य निर्धारण आवश्यक रहेको बताए । 'अहिले आयल निगमले प्रतिसिलिन्डर नौ सय रुपैयाँभन्दा बढी घाटा खाइरहेको अवस्था छ । होटेल-रेस्टुरेन्ट र सर्वसाधारण उपभोक्तालाई एउटै मूल्य निर्धारण भएकाले यो समस्या आएको हो । आगामी दिनमा यसमा उचित निर्णय लिनुपर्नेछ ।'

निगमले पनि आपूर्ति सहजता नै अहिलेको पहिलो प्राथमिकता रहेको भन्दै उद्योगले उपभोक्तालाई गरिरहेको ठगीबारे नजरअन्दाज गरेको छ । 'ग्यासको आपूर्ति सहज गर्नमै सबै शक्ति लगाइरहेका छौँ । अहिले कसले कसरी बेचिरहेको छ भन्नेतिर ध्यान पुर्‍याउन सकिएको छैन । उद्योगी र डिलरलाई जतिसक्दो पारदर्शी भएर ग्यास वितरण गर्न निर्देशन दिइएको छ । पहिला सहज आपूर्तिको वातावरण बनोस् भन्नेतिर प्रयास छ,' निगम प्रवक्ता मनोज ठाकुरले भने । उनले आयल निगम आफैँ पनि अनुगमनमा खटिएको र सरकारसँगको समन्वयमा आयात परिमाण बढाउन क्रियाशील भएको प्रतिक्रिया दिए ।

ग्यास उद्योगीले भने दुई हजार ६० रुपैयाँबाट घटाएर बेच्नुपर्ने आवश्यकता नभएको बताएका छन् । नेपाल ग्यासका सञ्चालकसमेत रहेका ग्यास उद्योग संघका पूर्वअध्यक्ष गोकुल भण्डारीले उपभोक्तालाई मागेजति ग्यास दिनु प्रमुख दायित्व भएको बताए । 'हामीले सकेसम्म डिलरमार्फत नै ग्यास जाओस् भन्ने चाहिरहेका छौँ । तर, उद्योग परिसरमा लाइन लाग्न आएका उपभोक्तालाई खाली हात पठाउने कुरा भएन । त्यसैले, उद्योगमा लाइन लाग्न आएका उपभोक्तालाई पनि ग्यास दिइरहका हौं । उद्योगबाटै सधैं ग्यास बेच्ने हाम्रो पनि चाहना होइन,' उनले भने, 'निगमले तोकेको मूल्यमा ग्यास बिक्री गर्नु उद्योगी र डिलरको दायित्व हो, निगमले हेरफेर गरे निर्णय मान्छौं ।'

उद्योगी भण्डारीले चार महिनासम्म सिलिन्डरमा आधा ग्यास मात्रै राखेर बिक्री गर्दा व्यहोर्नुपरेको उच्च लागतबारे पनि मूल्यांकन हुनुपर्ने माग गरे । '१५ दिनका लागि भनेर आधा परिमाण भरिएको ग्यास सिलिन्डर चार महिनासम्म बिक्री गर्न लगाइयो । यसबाट ढुवानीसहित सञ्चालन खर्च बढेर सबै उद्योगको झन्डै एक अर्ब नोक्सान भएको छ,' उनले भने, 'यति ठुलो नोक्सान व्यहोरेर पनि हामीले निरन्तर ग्यास आपूर्ति गरिरहेको विषयलाई सबैले ध्यान दिनुपर्छ ।'

त्यस्तै, तालुकदार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले ग्यास आपूर्ति सहज बनाउन कुनै प्रभावकारी भूमिका खेलेकी छैनन् । उनले केही समयअघि पूर्वजानकारी दिएर काभ्रेको दुई ग्यास उद्योग (सूर्य र सगरमाथा) निरीक्षण गरेकी थिइन् । जसकारण उनी उद्योगपरिसर पुग्दा उद्योगीले फूलमालाले स्वागत गर्दै माग र आपूर्तिबारे जानकारी गराएका थिए । उनी नियमित आपूर्ति गर्न निर्देशन दिएर फर्किएकी थिइन् ।

ग्यास आपूर्तिको कार्यकारी जिम्मेवारी लिएको आयल निगमले भने आपूर्ति असहज हुनुमा उपभोक्तालाई दोष दिएको छ । निगमसँगै ग्यास उद्योगी र विक्रेता पनि उपभोक्तालाई दोष देखाएर आफ्नो जिम्मेवारीबाट पन्छिरहेका छन् । निगमका निमित्त कार्यकारी निर्देशक दीपक बरालले मंगलबार संसद्को उपभोक्ताहित समितिको बैठकमा पनि उपभोक्तालाई नै दोषारोपण गरे । 'आयातमा समस्या होइन, हाम्रो आन्तरिक वितरण प्रणालीमा समस्या भएको हो कि भन्ने हाम्रो बुझाइ छ,' उनले भने, 'मानिसहरू अत्तालिएका वेला मिडिया कभरेज पनि गरिदिने हुँदा अलि ठुलो समस्या हो कि भन्ने लागेको छ ।'

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले आधा भरिएको ग्यास सिलिन्डर हटाएर पूरा तौलको सिलिन्डर बजार पठाउने निर्णय गर्दा अहिले असहज भएको बताए । 'उपभोक्ताले आधा भरी सिलिन्डरमा ग्यास सकिएपछि बजारमा ल्याएका थिएनन् । अहिले पूरा तौलको पाउने भएपछि खाली भएका सबै सिलिन्डर एकैसाथ बजार ल्याउँदा समस्या भयो,' उनले भने । भारतबाट सन्तोषजनक रूपमा आयात भइरहेको र आगामी दिनमा आयात परिमाण बढाउन लागिएको उनको भनाइ छ ।

समिति बैठकमा रास्वपा सांसद रज्जु दर्शनाले मन्त्रालय र निगमका अधिकारीले ग्यास आपूर्तिमा ठुलो समस्या नरहेको बताएकोमा आपत्ति जनाइन् ।

बोकेर बिरामीको...

पृष्ठ १ बाट क्रमशः

पानी परेपछि मंगलबार सम्भव नभएको उनले बताए । 'सडक खुलाउन मेसिन तयार अवस्थामा राखेका छौँ । तर, मंगलबार साँझसम्म नै पानी पर्‍यो । खोलामा पानी घटेको छैन,' उनले भने, 'अब बुधबार खोलामा पानी घट्यो भने तत्कालै डाइभर्सन बनाएर सडक सञ्चालनमा ल्याउँछौं ।' सदरमुकाम आउनुपरेमा वा बाहिरनुपरेमा राजदुवाली खण्डको करिब एक किलोमिटर हिँडेर जानुपर्ने अवस्था रहेको उनी बताउँछन् । बिरामीलाई भने सुरक्षाकर्मीले बोकेर राजदुवाली खण्ड पार गराउँदै आएको उनले बताए ।

१७ असारबाट नै हेल्पडेस्क स्थापना गरेर बिरामीको उद्धार हुँदै आएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको संयुक्त टिमले बिरामीको उद्धार गर्दै आएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । एक महिनामा करिब ९० जना बिरामीको उद्धार गरिएको प्रहरीको भनाइ छ । मंगलबार मात्रै तीनजना बिरामीलाई बोकेर यातायात सञ्चालन हुने स्थान माईखोलासम्म ल्याइएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

मेची राजमार्गअन्तर्गत इलामको राजदुवाली खण्ड बर्खायाम लागेसँगै सधैंको दुःख दिने गरेको छ । सामान्य वर्षामा नै पहिरोका कारण सडक भासिँदा नागरिकले सधैँ सास्ती भोग्नुपरेको हो ।

Dibyashwari Hydropower Ltd.
Old Baneshwor 34, Kathmandu

Unaudited Financial Report for the Fourth Quarter FY 2082-83 Ended 32 Ashar 2083

Statement of Financial Position

Particular	This Quarter ending As at Ashad 32, 2083	Previous Quarter ending As at Chaitra 30, 2082	Corresponding Quarter ending as at Ashad 32, 2082
ASSETS			
NON CURRENT ASSETS			
Property, Plant & Equipment	93,265	99,613	117,914
Intangible Assets	717,601,045	726,187,413	750,941,728
Deferred Tax Asset	-	-	-
Total Non-Current Assets	**717,694,311**	**726,287,026**	**751,059,642**
CURRENT ASSETS			
Prepayments	1,865,938	-	1,889,916
Advance & Deposits	8,917,313	92,50,763	8,688,723
Financial Assets			
Trade Receivables	25,375,806	13,645,809	17,823,860
Cash and Cash Equivalents	437,840	136,674	2,517,455
Total Current Assets	**36,596,898**	**23,033,246**	**30,919,954**
Total Assets	**754,291,208**	**749,320,272**	**781,979,596**
LIABILITES AND EQUITY **Non - Current Liabilities**			
Deferred Tax Liability			
Financial Liabilities			
Non –Current Borrowing	573,419,514	580,760,672	528,094,070
Total Non –Current Liabilities	**573,419,514**	**580,760,672**	**528,094,070**
Current Liabilities			
Provisions - Current			
Financial Liabilities			
Current Borrowing			73,158,317
Retention Money	21,443,430	21,443,430	21,443,430
Trade Payable	16,806,697	17,253,420	17,741,205
Other Current Liabilities	119,052,595	115,776,332	132,530,958
Employee Benefit Payable	1,444,751	732,746	1,442,439
Total Current Liabilities	**158,747,474**	**155,205,928**	**246,316,349**
Equity			
Share Capital			
Ordinary Share Capital	264,000,000	264,000,000	264,000,000
Reserve and Surplus	(241,875,779)	(250,646,328)	(256,430,824)
Total Equity	**22,124,221**	**13,353,672**	**7,569,176**
Total Liabilities	**754,291,208**	**749,320,272**	**781,979,596**

Statement of Profit & Loss

Particular	This Quarter ending As at Ashad 32, 2083	Previous Quarter ending As at Chaitra 30, 2082	Corresponding Quarter ending as at Ashad 32, 2082
Revenue from Power Sales	104,418,841	73,575,807	89,928,620
Cost of Sale	(5,216,446)	(3,874,823)	(10,332,594)
Gross Profit	**99,202,395**	**69,700,984**	**79,596,026**
Other Income			
Profit Before Operation	**99,202,395**	**69,700,984**	**79,596,026**
Employee Benefit Expenses	(5,891,353)	(3,766,207)	(1,119,546)
Administrative Expenses	(4,881,191)	(4,072,218)	(5,520,281)
Depreciation and Amortization Expenses	(33,365,331)	(24,772,616)	(33,456,676)
Operating Profit	**55,064,520**	**37,089,943**	**39,827,727**
Finance Cost	(39,959,565)	(30,758,660)	(46,127,035)
Other Finance Cost	(549,911)	(546,788)	(564,152)
Finance Income			-
Profit Before Tax	**14,555,045**	**5,784,496**	**(6,863,460)**
Income Tax Expense			-
Provision for Bonus			-
Provision for Income Tax			-
Deferred Tax Income/ (Expense)			-
Profit for the year	**14,555,045**	**5,784,496**	**(6,863,460)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुसुचि-१४ (नियम २६ को उपनियम (१) संग सम्वन्धित)

धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुसुचि-१४
(नियम २६ को उपनियम (१) संग सम्वन्धित)

१. वित्तिय विवरण :
क. त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा (नोक्सान) सम्वन्धि विवरणहरू यसै सांथ संग्लन गरिएको छ ।
ख. प्रमुख वित्तिय सूचांकहरू निम्न बमोजिम रहेको छ ।

प्रति शेयर आम्दानी रु. (EPS)	P/E Ratio	प्रतिशेयर नेटवर्थ (रु.)	प्रतिशेयर कुल सम्पतिको मुल्य	तरलता अनुपात	शेयर बजार मुल्य
५.५१	४९	८.३८	२८५.७२	०.२३	२७०

२. व्यवस्थापकिय विश्लेषण
(क.) उक्त त्रैमासिक अवधिमा आयोजनाको आम्दानी र तरलतामा गत बर्षको सोही त्रैमासिक अवधिको भन्दा बढी भएको छ । अन्य आयोजनाको व्यवसायिक योजना अनुरुप नै कार्यहरू हुदैछन ।
३. कानुनी कारवाही सम्वन्धी बिवरण
(क.) यस कम्पनीका पूर्व कर्मचारीले पारिश्रमिक भुक्तानीको सम्बन्धमा चित नबुझी कम्पनी विरुद्ध श्री श्रम अदालत, काठमाण्डौमा दायर गर्नु भएको मुद्दा फैसला उपर चित नबुझी यस कम्पनीले श्री सर्वोच्च अदालतमा मुद्दा हालेकोमा हाल त्यो विचाराधीन रहेको छ ।
(ख.) यस आयोजनाको सिभिल निमार्ण कार्यका ठेकेदारले डिजाईन नक्सा अनुरूप कार्य नगरी कम्पनीलाई क्षति पुगेकोले सम्झौता अनुसार हर्जाना भराई पाँउ भनी मुद्दा दायर भएको छ । हाल सो मुद्दा श्री पाटन उच्च अदालतमा विचाराधीन रहेको छ ।
४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण
(क.) यस संगठित संस्थाको शेयर रजिष्टार श्री एन आई बि एल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा रहेको छ । धितोपत्र बजारमा कम्पनीको शेयर कारोवार सामान्य रहेको छ । नेप्से अनुसार उक्त त्रैमासिक अवधिमा शेयर कारोवारको स्थिति यस प्रकार रहेको छ ।

शेयरको अधिकतम मुल्य (रु.)	शेयरको न्युनतम मुल्य (रु.)	शेयरको अन्तिम मुल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार भएको संख्या
३१५	२५४	२७०	६४	३,०५,७९३

५. समस्या र चुनौतीहरू
(क.) नदीमा जलको प्रवाहमा कमी भएकोले आयोजनाबाट हुने बिद्युत उत्पादनमा हिउँद याममा असर परिरहेको छ ।
(ख.) बिगतमा भएको ३३ केभि प्रसारण लाईनको क्षमतामा कमजोरी भई उत्पादनमा असर परेको कारण बाट आम्दानीमा कमी भई त्यसको असरले गर्दा हाल सम्म पनि बैंकको साँवा ब्याजको व्ययभार बढ्न गएको छ जसले गर्दा साँवा तथा ब्याज भुक्तानीमा नियमित हुन सकीरहेको छैन । हालको बैंक ब्याज दर ६.४२ प्रतिशत छ ।
६. संस्थागत सुशासन :
(क.) कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई थप व्यवस्थित तथा चुस्त बनाउनुका साथै कर्मचारी व्यवस्थापनको लागी आन्तरिक कार्यविधि बनाई सोही अनुसार लागु गरिएकोछ । ऐन, विनियम बमोजिमका अन्य समिति तथा उप समिति गठन गरी कार्यान्वयन गरिएको छ ।
७. कार्यकारी अध्यक्षको उद्घोषण :
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछुकी मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनि बिस्वास लियको छु । लगानी कर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । लगानी कर्ताहरू बाट हुने थप जानकारी हरूको प्रयास लाई सधै स्वागत योग्य कदम ठान्ने छु ।

INVITATION FOR SEALED TENDER BID

(First date of publication: 5th August, 2026, Wednesday)

Description of works: NMB Bank Limited solicits Sealed Tender Bid from interested Bidders/ Contractors for the interior renovation and construction (Civil, Sanitary, Carpentry, Furnishing and Electrical & Allied Works) of below mentioned branch:-

- **Kudiya Triveni Susta Branch, Parasi, Lumbini Province- Renovation**
- **Bangain Branch, Lumbini Province-Construction**

Interested Eligible Bidder/Contractor can obtain Bid Document from Bank's Project & Strategic Sourcing Department, Krishna Tower, Sixth Floor upon deposit of non-refundable Bid Document Fee of NPR 1,000.00 (Nepalese Rupees One Thousand Only) for each branch at any branches of the bank as specified below account;

A/c Name: Bid Document Purchase Parking Account
A/c No. 00901371300114

1. Tender Bid shall consist of Sealed Proposals as described in the "Bid Document" that to be submitted as declared below:

S.N.	Activity	Date/Venue
1	Submission of Proposals	Sealed Tender Bids must be submitted to the address below with Separate Technical and Financial proposals on or before 5:00 PM on 15th Days **(i.e. 19th August, 2026, Wednesday (3rd Bhadra, 2083)** from the date of publication of this notice.
2	Opening of Proposals	Will be advised Later.

2. Interested Bidders/Contractors should have experience in the related field and should have completed at least one branch office of any "A" Class Commercial Bank. *(Please enclose evidences)*
3. Interested Bidders/Contractors must submit all the documents outlined in the Bid document and failing to do so shall result in the rejection of the Bid.
4. The Bank reserves the right to accept or reject any or all proposals without assigning any reason whatsoever.
5. Interested Bidders/Contractors may contact the office of:
Projects & Strategic Sourcing Department
NMB Bank Limited
Krishna Tower, 6th Floor
New Baneshwor, Kathmandu
Phone: 01-4217117 Ext-1512/1576

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of Global Alliance for Banking on Values

सर्टिफिकेट हरायो

मिति २०८३/४/३ गते नयाँ स्वयम्भु देखि बालाजु बसपार्क सम्म जाँदा मेरो NEB बाट जारी भएको Migration Certificate हराएको हुँदा पाउनु हुने महानुभावले निजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरीदिनुहुन अनुरोध छ ।

Name: **Dipendra Bista**
Reg. No: 803270660014
Symbol no : 22717874
Mob No: 9766866894

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश
पोखरा, नेपाल
सूचना नं: ३ (२०८३/८४)

निजी फलफूल नर्सरी सूचीकरणका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०४/२०

यस आयोजनाको स्वीकृत "फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१" अनुसार लक्षित फलफूल बालीहरूको बगैंचा स्थापनार्थ गुणस्तरीय फलफूल बिरुवा उत्पादनको माग र आपूर्तिलाई व्यवस्थित गर्न प्रचलित कानुन बमोजिम दर्ता भई आयोजना लक्षित फलफूलका बिरुवाहरूको उत्पादन तथा बिक्री वितरण गर्दै आइरहेका नर्सरीहरूले तपसिल बमोजिमका कागजातहरू संलग्न राखी सूचना प्रकाशित भएको मितिले ६० (साठी) दिनभित्र यस कार्यान्वयन एकाइमा आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।
साथै गत आ.व. २०८२/८३ मा सूचीकृत भएका निजी फलफूल नर्सरीहरूले समेत पुनः सूचीकृत हुनुपर्ने बेहोरा जानकारी गराइन्छ ।

आवेदन पेस गर्दा संलग्न गर्नुपर्ने कागजातहरू :

१) अनुसूची-३ बमोजिमको निजी नर्सरी सूचीकरण सम्बन्धी निवेदन फाराम ।
२) नर्सरी दर्ता, नवीकरण, करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
३) नर्सरी धनीको नागरिकताको प्रतिलिपि ।
४) नर्सरी रहेको जग्गाको लालपुर्जाको प्रतिलिपि ।
५) प्रतिवद्धता तथा स्वघोषणा ।

नोटः अन्य जानकारीका लागि आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश, पोखरा वा सम्बन्धित स्थानीय तहको कृषि शाखा वा आयोजना कार्यान्वयन एकाइको सम्पर्क नं. ०६१-५४३८९५ वा सूचना अधिकारीको सम्पर्क नम्बर ९८५६००८५६६/९८४६२८८२३९ वा ईमेल ठेगाना piugandaki.nafha@gmail.com मा सम्पर्क गर्न सकिनेछ । साथै यस एकाइको वेबसाइट www.gandaki.nafha.gov.np मार्फत "फलफूल बिरुवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्ड सम्बन्धी मार्गदर्शन, २०८१" अनुसारका अनुसूची तथा फारमहरू प्राप्त गर्न सकिनेछ ।

प्रादेशिक आयोजना व्यवस्थापक

नर्सहरू...

पृष्ठ १ बाट क्रमशः

चिकित्सकसँग सहमति गरेकै दिनदेखि १५बुँदे मागसहित नर्स ज्योति रानामाट अनशनमा बसिन् । उनीसँगै देशैभरका नर्स आन्दोलनमा उत्रिएका छन् । नर्सको आन्दोलनमा नेपाल नर्सिङ संघ, सरकारी तथा निजी अस्पतालमा कार्यरत नर्स र नेपाल चिकित्सक संघले ऐक्यबद्धता जनाएका छन् ।

सरकार र आन्दोलनरत नर्सबिच वार्ता भए पनि निष्कर्षमा पुग्न सकेको छैन । यहीबिचमा मंगलबारदेखि एमबिबिएस तथा बिडिएसका इन्टर्न चिकित्सक अनशनमा बसेका छन् । देशभरका शिक्षण संस्थामा काम गर्ने एक हजार सात सय डाक्टर अनशनसहितका आन्दोलनमा उत्रिएका हुन् ।

शिक्षण अस्पतालहरूले कार्यबोझ थुपारेर आफूहरूमाथि अन्याय गरेको उनीहरूको गुनासो छ । चार महिनाअघिदेखि अगाडि सारेका विभिन्न माग सम्बोधनमा सरकारले चासो नदिएको भन्दै उनीहरूले मंगलबार बिहान १० बजेदेखि अनशन थालेका हुन् ।

आन्दोलनरत इन्टर्न चिकित्सकको नेतृत्व गरेका डिल्ली हरिजन अनशन बसेका छन् । यसमा देशभरकै इन्टर्न चिकित्सकले ऐक्यबद्धता जनाएका छन् । यसअघिका सम्झौता पूरा नभएपछि अनशन बस्न बाध्य भएको डाक्टर हरिजनले बताए । पटक-पटक स्वास्थ्य र शिक्षा मन्त्रालयसँग संवाद तथा छलफल गरे पनि सम्बन्धित मन्त्रालय र चिकित्सा शिक्षा आयोगले चासो नदिएको उनको भनाइ छ ।

आन्दोलनरत चिकित्सकहरूले इन्टर्न डाक्टरको ड्युटी श्रम ऐनअनुसार दिनको आठ घण्टा र सातामा ४८ घण्टा कायम हुनुपर्ने, मेडिकल कलेजले लिएको अतिरिक्त शुल्क फिर्ता हुनुपर्ने, अब अतिरिक्त शुल्क लिन नहुने, होस्टलमा बस्नुपर्ने अनिवार्य नियम हटाउनुपर्ने र कार्यदलले तयार पारेको प्रतिवेदन सार्वजनिक हुनुपर्नेलगायतका माग राखेका छन् ।

माग सम्बोधन नभएसम्म अनशन जारी रहने डाक्टर हरिजनले बताए । 'कार्यदलको प्रतिवेदन सार्वजनिक र कार्यान्वयनमा आनाकानी भएपछि नयाँ चरणको आन्दोलन सुरु गरेका हौं । माग पूरा नभएसम्म अनशन जारी रहन्छ,' उनले भने ।

१५ दिनभित्र...

पृष्ठ १ बाट क्रमशः

सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षीहरूको हक महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू,' आदेशमा छ । मुलुकभरको ७४ कारागारमा हाल २६ हजार ८४३ कैदीबन्दी रहेका छन् । मानव अधिकारवादी संस्था एड्भोकेसी फोरमको तथ्यांकअनुसार गएको नौ वर्षमा ४४ मृत्यु विवादित बनेका छन् । यी घटनामा अधिकांश पीडित सीमान्त समुदायका छन् । यस्तै, इन्सेकको तथ्यांकअनुसार पाँच वर्षमा प्रहरी हिरासतमा मात्रै २१ जनाको मृत्यु भएको छ । इन्सेकले प्रत्येक वर्ष हिरासतमा मृत्यु भएकाहरूको तथ्यगत विवरण प्रकाशन गर्ने गर्छ । विवरणअनुसार कारागारभित्र प्रत्येक दिनजसो कम्तीमा एकजनाको मृत्यु भइरहेको हुन्छ । तर, केही मृत्यु भने विवादित हुने गरेका छन् ।

थप एकजना घाइतेको मृत्यु भएपछि कप्तानगन्जमा फेरि तनाव

स्थानीयले रुख ढालेर गरे सडक अवरुद्ध, गृहमन्त्रीसँगको छलफलपछि पनि आफन्तले रवीन्द्रको शव बुझ्न मानेनन्



प्रहरीले रवीन्द्र मेहताको शव जिम्मा लगाउन खोजे पनि आफन्तले गृहमन्त्री नआएसम्म शव नबुझ्ने अडान लिएका थिए। गोली हान्ने प्रहरी र पहिले झडप गर्ने समूहलाई कारबाही हुनुपर्नेलगायतका माग उनीहरूले गरेका छन्। गृहमन्त्री सुधन गुरुङसँग भएको आफन्तको छलफल पनि विनानिष्कर्ष टुंगिएको छ।

विराटनगरमा **गणेश लम्साल**

प्रहरीको गोली लागेर घाइते भएका थप एकजनाको मृत्यु भएपछि सुनसरीको कप्तानगन्जमा फेरि तनाव बढेको छ। आक्रोशित स्थानीयले मंगलबार सडकमा रुख ढालेर र बाँस तेर्स्याएर आवागमन बन्द गरेपछि सुनसरी प्रशासनले संयमता अपनाउन अपिल गरेको छ।

गत १० साउन राति दुई समुदायका युवाहरूबिच भएको झडपमा प्रहरीको गोली लागेर गम्भीर घाइते भएका २२ वर्षीय रवीन्द्र मेहताको उपचारका क्रममा शिक्षण अस्पताल महाराजगन्जमा मंगलबार मृत्यु भएको हो। प्रहरीले मेहताको शव परिवारलाई जिम्मा लगाउन खोजे पनि आफन्तले गृहमन्त्री नआएसम्म शव नबुझ्ने अडान लिएका थिए। गोली हान्ने प्रहरी र पहिले झडप गर्ने समूहलाई कारबाही हुनुपर्नेलगायतका माग उनीहरूले गरेका छन्। गृहमन्त्री सुधन गुरुङसँग भएको आफन्तको छलफल पनि विनानिष्कर्ष टुंगिएको छ। आफन्तले दोषीलाई कारबाही नभएसम्म शव नबुझ्ने र कुनै पनि सहमति नगर्ने अडान लिएपछि बुधबार पुनः छलफल हुने भएको छ।

त्रिवि शिक्षण अस्पतालका निर्देशक डा. सुवास आचार्यका अनुसार उपचारका क्रममा मृत्यु भएका मेहताका आफन्तसँग गृहमन्त्री गुरुङले एक घण्टाभन्दा बढी छलफल गरेका थिए। तर, दोषीलाई कारबाही नभएसम्म कुनै पनि सहमति गर्न आफन्त सहमत भएनन्। 'छलफलमा गृहमन्त्रीज्यूले दोषीलाई जसरी पनि कारबाही गर्ने भनेर बताउनुभयो, तर मृतकका आफन्तहरूले कारबाही नै हुनुपर्छ, नत्र सहमति नगर्ने अडान लिनुभयो, शव आइसमा राख्ने सहमति भने भयो, पोस्टमार्टमलगायतको सहमति भएन,' उनले भने, 'अस्पताल ल्याउँदा गम्भीर अवस्था थियो, उपचार सम्भव भएन।' गृहमन्त्री गुरुङले बुधबार फेरि छलफलमा आउन आफन्तलाई आग्रह गरेका छन्। मंगलबारको छलफलमा मृतकका बुबाआमा पनि सहभागी थिएनन्। बुधबार बुबाआमा आएपछि थप छलफल हुने बताइएको छ।

गोली लागेर गम्भीर घाइते भएर विराटनगरमा उपचार गराइरहेका मेहताको स्वास्थ्य अवस्था जटिल बनेपछि शुक्रबार एयर एम्बुलेन्समार्फत काठमाडौंस्थित शिक्षण अस्पताल लगिएको थियो। उनको बायाँ तिघ्रामा लागेको गोलीले गर्दा नसामा गम्भीर चोट पुगेकाले बायाँ खुट्टा काटेर फालिएको थियो।

देवानगन्ज गाउँपालिका- ३, कप्तानगन्जमा भएको घटनामा यसअघि देवानगन्जकै युवाहरू ओमप्रकाश मेहता र जयप्रकाश मेहताको मृत्यु भइसकेको छ। घटनामा घाइते भएका एकजनाको काठमाडौं र सातजनाको विराटनगरमा अझै उपचार भइरहेको छ। कप्तानगन्ज घटनापछि उत्पन्न तनाव फैलँदा सिराहाको गोलबजारमा गोली लागेर औरही गाउँपालिका- २, तुलसीयाहीका १५ वर्षीय गणेश यादवको पनि मृत्यु भएको थियो।

संयमता अपनाउन सुनसरी प्रशासनको अपिल

कप्तानगन्ज घटनामा प्रहरीको गोली लागेर घाइते भएका २२ वर्षीय रवीन्द्र मेहताको उपचारका क्रममा मृत्यु भएपछि जिल्ला प्रशासन कार्यालय सुनसरीले संयमता अपनाउन सबै पक्षसँग सार्वजनिक अपिल गरेको छ। प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले मंगलबार सार्वजनिक अपिल जारी गर्दै सोही घटनामा ज्यान गुमाएका परिवारसँग गृहमन्त्रीको उपस्थितिमा भएको सहमतिअनुसार रवीन्द्र मेहताको परिवारलाई पनि राहत तथा सहायता उपलब्ध गराउन राज्य प्रतिबद्ध रहेको जानकारी पनि गराएका छन्। उनले घटनाबाट प्रभावित सबै पक्षलाई धैर्यता, संयमता र सहिष्णुता अपनाउन आग्रह गर्दै शोकको यस घडीमा सामाजिक सद्भाव र शान्ति-सुरक्षा कायम राखी कुनै पनि गतिविधिले थप तनाव सिर्जना नगर्न र वातावरणलाई नबिथोल्न अनुरोध गरेका छन्।

गोलबजार पुग्यो गृहको छानबिन टोली

सिराहाको गोलबजारमा पाँच दिनअघि एकजनाको ज्यान जाने गरी भएको प्रदर्शनसँगै तोडफोड, आगजनीसम्बन्धी घटनाको छानबिन गर्न गृह मन्त्रालयको उच्चस्तरीय टोलीले छानबिन थालेको छ। मन्त्रालयका सहसचिव पुष्पराज शाहीको नेतृत्वमा रहेको पाँच सदस्यीय टोलीले घटनाको निष्पक्ष छानबिनका लागि मंगलबारदेखि विस्तृत रूपमा घटनास्थलको निरीक्षण, आवश्यक तथ्य प्रमाण संकलनसँगै स्थानीय सरोकारवालासँग छलफल थालेको हो। प्रदर्शनका क्रममा गोलबजारमा भएका क्षतिग्रस्त व्यापारिक, निजी घर पसलको स्थलगत अनुगमन गरेको समितिले मंगलबार बिहान गोलबजार नगरपालिकामा सर्वदलीय बैठकमार्फत घटनाको विषयमा जानकारी लिएको छ।

त्यसपछि छानबिन समितिले दोस्रो चरणमा उद्योग व्यापार संघ गोलबजारका पदाधिकारीसहित स्थानीय व्यवसायीसँग छलफल गरी प्रदर्शनका क्रममा भएको भौतिक तथा आर्थिक क्षति तथा व्यवसायीका गुनासो टिपोट गरेको संघका अध्यक्ष विजय साहले बताए। उनका अनुसार समितिले तेस्रो चरणमा स्थानीय मुस्लिम समुदायका अगुवासँग छुट्टै छलफल गरी घटना हुनुको कारण, त्यसको प्रभाव र सामाजिक सद्भाव कायम गर्न सम्भावित उपायहरूबारे छलफल गरेको छ। छानबिन समितिका संयोजक सहसचिव शाहीका अनुसार सुनसरीमा भएको घटनाको चार दिनपछि सिराहाको गोलबजारमा परेको प्रभाव, प्रदर्शनमा गोली चल्नुपर्ने अवस्था, विद्यार्थी गणेश यादवको मृत्युबारे विस्तृत छानबिन थालिएको छ। प्रदर्शनका क्रममा गोली प्रहारले विद्यार्थीको मृत्युसम्बन्धी घटना, त्यसको पृष्ठभूमि र कारणलगायत विषयमा छानबिन र सिफारिससहित गृह मन्त्रालयमा प्रतिवेदन बुझाइने उनले बताए।

१४ साउन दिउँसो भएको हिंसात्मक प्रदर्शनपछि भएको आगजनी र तोडफोडले निजी घर पसल तथा सम्पत्तिमा भएको क्षतिको कारणले मारमा परेका पीडित व्यवसयीहरूले स्थानीय प्रहरीमा निवेदन दिन थालेका छन्। सिराहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले प्रदर्शनका क्रममा क्षति व्यहोरेका व्यापारी व्यवसायीले आफूलाई परेको मर्काको व्यहोरा खुलाएर स्थानीय प्रहरीमा निवेदन गरिएको आग्रहबमोजिम निवेदन संकलन हुन थालेको बताए। 'स्थानीय प्रहरीले सबैको निवेदन संकलन गरेपछि प्रमाणको आधारमा स्थलगत मुचुल्का उठाएर क्षतिको विवरण तयार गर्छ,' उनले भने, 'त्यसपछि आएको विवरणहरूको विश्लेषण गरी एकमुस्ट रूपमा मन्त्रालयमा पठाउँछौं।'

उद्योग व्यापार संघ गोलबजारका अध्यक्ष साहले व्यवसायीलाई सुरक्षित र भयरहित ढंगले व्यापार व्यवसाय गर्न पाउने वातावरण तयार गर्न र व्यापार व्यवसायलाई पुरानै लयमा फर्काउन राज्यको पहिलो जिम्मेवारी रहेको बताए। 'त्यसमा स्थानीय व्यापारीहरूको पनि सहयोग रहन्छ,' उनले भने। जिल्लाकै मुख्य व्यापारिक स्थलका रूपमा उदाउँदै गरेको गोलबजारमा १४ साउनमा भएको प्रदर्शनपछि भौतिक तथा आर्थिक क्षतिको यकिन मूल्यांकनका लागि छुट्टै छानबिन गरी राज्यले पीडित व्यापारीलाई उचित क्षतिपूर्ति दिनुपर्ने गोलबजार नगरपालिका प्रमुख श्यामकुमार श्रेष्ठले माग गरे।

सुस्तामा एसएसबीको हस्तक्षेपबारे सरकारले गरायो भारतको ध्यानाकर्षण

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) स्थित सुस्ता गाउँपालिका- ५, थारूटोलमा भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले शुक्रबार हस्तक्षेप गरेको घटना साम्य भएको छ, तर पटक-पटक भएका यस्ता घटनाबारे नेपाल सरकारले भारतलाई ध्यानाकर्षण गराएको छ। भारतीय एसएसबीले गत २९ जेठमा पनि त्यहाँ प्रवेश गरेर तटबन्ध भत्काउन थालेपछि नेपालीले लखेटेका थिए। नेपालले त्यसलगत्तै र अहिले घटनाबारे ध्यानाकर्षण गराएको छ।

एसएसबीका स्थानीय फौजले जबर्जस्ती प्रवेश गरेर नेपाली बस्ती नारायणीबाट बचाउन बनाइएको अस्थायी तटबन्ध भत्काएको थियो। यसका नेपाली र भारतीयबिच विवादसमेत भएको थियो भने दुवैतिरका सुरक्षाकर्मीको समन्वयमा विवाद साम्य भएको थियो।



● **दीपकराज नेपाल**
सिडिओ, नवलपरासी पश्चिम

शुक्रबार तटबन्धसँग सम्बन्धित विषय १५ मिनेटभित्रै साम्य भएको थियो। अस्थायी तटबन्ध वा बाँधका विषयमा भएको विवाद भारतीय पक्षसँग समन्वयमा समाधान भएको छ। अहिले परिस्थिति सहज र शान्त छ।

नयाँदिल्लीस्थित नेपाली दूतावासका अधिकारीले भारतीय विदेश मन्त्रालयको नेपाल र भुटान हेर्ने महाशाखामा सुस्तामा भएको घटनाबारे सोमबार ध्यानाकर्षण गराएका थिए। परराष्ट्र मन्त्रालयका एक अधिकारीका अनुसार सुस्ता क्षेत्रमा नेपाली बस्तीको सुरक्षाका लागि स्थानीयले नै अस्थायी तटबन्ध बनाएको र यसलाई भत्काउनुपर्ने अवस्था नरहेको समेत ध्यानाकर्षण गराएका थिए। ती अधिकारीका अनुसार भारतीय पक्षले सुस्ता दुवै देशले स्वीकार गरेको विवादित क्षेत्र भएको उल्लेख गर्दै स्थानीय समस्यालाई स्थानीयस्तरमै समाधान गर्नुपर्ने र समग्र विषयमा दुई देशीय संयन्त्रमा छलफल गर्नुपर्नेमा जोड दिएको थियो।

सुस्ता विवादित क्षेत्र भएको भन्दै एसएसबीले कुनै पनि प्रकारको संरचना बनाउन नमिल्ने जिकिर गर्दै सबै संरचना यथास्थितिमा राख्नुपर्ने भन्दै आएको छ। नेपाली बस्ती बचाउनुपर्ने विषयमा जिल्लास्तरमा दुवै पक्षको समन्वयमा छलफल भइरहेको नवलपरासी पश्चिमका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले बताए। दुई महिनाको बिचमा भारतीय एसएसबीले दोस्रोपटक सुस्ता क्षेत्रमा प्रवेश गरेर स्थानीय नेपालीलाई दुःख दिएको स्थानीयको आरोप छ।

नारायणी नदीका कारण स्थानीय बस्ती डुबान र कटान नपर्ने गरी अस्थायी समाधान खोज्न स्थानीयस्तरमा छलफल भइरहेको प्रशासनले जनाएको छ। 'शुक्रबार तटबन्धसँग सम्बन्धित विषय १५ मिनेटभित्रै साम्य भएको थियो। अस्थायी तटबन्ध वा बाँधका विषयमा भएको विवाद भारतीय पक्षसँग समन्वयमा समाधान भएको छ। अहिले परिस्थिति सहज र शान्त छ,' नवलपरासीका प्रमुख जिल्ला अधिकारी नेपालले भने।

शुक्रबार नारायणी नदीको कटान रोक्न स्थानीयवासीले अस्थायी तटबन्ध निर्माण गरेकोमा स्थानीय भारतीय र एसएसबीले आएर तटबन्धको माटो निकालेका थिए। स्थानीय बासिन्दाले नारायणी नदीको डुबान र कटानबाट बस्तीलाई जोगाउन अस्थायी तटबन्ध बनाएका थिए। नारायणी नदीको कटानबाट बस्ती जोगाउन स्थानीयवासीले आफ्नै पहलमा अस्थायी तटबन्ध निर्माण गरेका थिए।

नेपालले उक्त क्षेत्रमा १३२ मिटर पक्की तटबन्ध निर्माण गर्न लागेकोमा भारतले विवादित क्षेत्रमा पक्की संरचना बनाउन नमिल्ने अडान राखेपछि अहिलेसम्म यो बन्न सकेको छैन। नारायणीको कटान रोक्न स्थानीयवासीले श्रमदानमार्फत माटो थुपारेर अस्थायी तटबन्ध निर्माण थालेका थिए। सुरुवातमा बोरामा माटो हालेर जालीमा भर्ने तयारी भइरहेका बेला शुक्रबार भारतीय एसएसबी र भारतीय नागरिकसमेत सुस्ता संरचना भत्काउन थालेका थिए। त्यसपछि विवाद भएको थियो। दुवै पक्षका नागरिकबिच विवाद भएपछि स्थानीय प्रशासनको समन्वयमा आ-आफ्ना सुरक्षाकर्मीले नागरिकलाई आ-आफ्नो देशतिर लगेका थिए। '१५ मिनेटको बिचमा हाम्रा नागरिकलाई सशस्त्र प्रहरीले हाम्रोतिर ल्याए, भारतीय नागरिकलाई एसएसबीले त्यहाँबाट हटाएर लगे,' नेपालले भने।

नेपाल र भारतबिच सुस्ता र कालापानी लिम्पियाधुरा क्षेत्रमा सीमांकन भएको छैन। त्यहाँ सीमारेखाबारे नेपाल र भारतबिच विवाद छ। नेपालले त्यहाँ लामो समयदेखि रहेको सिमलको रुखलाई सीमा मानेको छ, तर भारतीय पक्षले भने दुई सय मिटर नेपालतिरको अर्को रुखलाई सीमा रहेको दाबी गर्दै आएको छ। प्रमुख जिल्ला अधिकारी नेपालले अस्थायी तटबन्ध निर्माणका विषयमा भारतीय पक्षसँग समन्वय भइरहेको बताए। 'उहाँहरूसँग समन्वयमा नेपाली बस्तीको सुरक्षाका लागि आवश्यक कदम चाल्नेछौं, भारतीय पक्षसँग र स्थानीय बासिन्दासँग हाम्रो निरन्तर छलफल भइरहेको छ,' नेपालले भने।

सुस्तामा सशस्त्र प्रहरीको बोर्डर आउटपोस्ट खटिएको छ। सशस्त्र प्रहरी निरीक्षकको कमान्डमा सुरुमा ३५ जनाको टोली रहेकोमा २९ जेठको घटनापछि जनशक्ति थपिएको सशस्त्र प्रहरी प्रवक्ता डिआइजी नेत्रबहादुर कार्कीले जानकारी दिए। 'हाम्रो बिओपी त्यहाँ खटिएको छ। अहिले परिस्थिति शान्त छ, हाम्रो टोलीले भारतीय समकक्षीसँग सुरक्षाबारे समन्वय गरिरहेको छ,' उनले भने।

संक्षेप

गढवा गाउँपालिका अध्यक्षसहित पाँचजनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/ कानुनविपरीत ठेकेदारलाई झन्डै डेढ करोड रुपैयाँ राजस्व छुट दिने निर्णय गरेर हानि पुऱ्याएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डाडको गढवा गाउँपालिकाका तत्कालीन अध्यक्षसहित पाँचजनाविरुद्ध मंगलबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। ठेकेदार कम्पनीले माग्दै नमागेको अवस्थामा एक करोड ४१ लाख ५० हजार रुपैयाँ मिनाहा गर्ने निर्णय गराएर भ्रष्टाचार गरेको अख्तियारको आरोप छ। सोही रकमलाई बिगो कायम गरेर अख्तियारले राजस्व चुहावट गरी भ्रष्टाचार कसुरमा मुद्दा दायर गरेको हो। गाउँपालिकाका तत्कालीन अध्यक्ष सहजराम अहिर, प्रमुख प्रशासकीय अधिकृत लालबहादुर योगी, राजस्व शाखा प्रमुख शम्भु चौधरी र सगुन कन्स्ट्रक्सनका प्रबन्ध निर्देशक सहदेव खड्का तथा कम्पनीका प्रतिनिधि विकास पुनलाई अख्तियारले प्रतिवादी कायम गरेको छ। अहिर, योगी, चौधरीलाई जनही र सगुन कन्स्ट्रक्सनका खड्का र पुनविरुद्ध संयुक्त एक करोड ४१ लाख ५० हजार रुपैयाँ बिगो कायम छ। प्रतिवादीहरूले आपसी मिलेमतोमा भ्रष्टाचार गरेको अख्तियारको ठहर छ।

जंगली च्याउ खाँदा श्रीमान्को मृत्यु, श्रीमतीको अवस्था गम्भीर

बाजुरा/ विषाक्त जंगली च्याउ खाँदा बाजुराको बडीमालिका नगरपालिका- ७, ढम्कनेका ५१ वर्षीय रामे थापाको मृत्यु भएको छ। उनकी ५० वर्षीया श्रीमती नाम्सरी थापाको अवस्था गम्भीर छ। उनीहरू सोमबार साँझ जंगली च्याउ खाएपछि अचानक बिरामी परेका स्थानीय नरवीर थापाले बताए। बिरामी भएका दुवैलाई सोमबार राति नै उपचारका लागि जिल्ला अस्पताल मार्तडी ल्याइएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ। चिकित्सकले स्वास्थ्य परीक्षण गर्ने क्रममा राति १०:४० बजे रामे थापालाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रवक्ता नरेश शाहीले जानकारी दिए। नाम्सरी थापाको जिल्ला अस्पताल मार्तडीमा उपचार भइरहेको प्रहरीले जनाएको छ। उनको स्वास्थ्य अवस्था चिन्ताजनक छ। घटनाको जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बाजुराबाट प्रहरी नायब उपरीक्षक शैलेश्वरी बोहराको कमान्डमा प्रहरी टोली घटनाबारे आवश्यक अनुसन्धानका लागि खटिएको छ। वर्षायाममा जंगलमा उम्रने अपरिचित च्याउ सेवन नगर्न तथा पहिचान नभएका च्याउ खानबाट बच्न प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ।

खैरो हेरोइनसहित एक युवा पक्राउ

धनकुटा/ प्रतिबन्धित लागुऔषध खैरो हेरोइनसहित धनकुटा नगरपालिका- १, हिले क्याम्पसनजिकबाट एक युवालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनकुटा र प्रहरी चौकी हिलेबाट खटिएको संयुक्त प्रहरी टोलीले धनकुटा नगरपालिका- १, हिले क्याम्पसनजिक सडकमा शंकास्पद रूपमा हिँडिरहेका पाखीबास नगरपालिका- ७, मुगाका ३२ वर्षीय हरि तामाङलाई खानतलासी गर्ने क्रममा खैरो हेरोइनसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनकुटाका सूचना अधिकारी डिएसपी हेमन्त भण्डारी क्षेत्रीले बताए। तामाङमाथि खानतलासी गर्ने क्रममा उनले लगाएको खैरो रङको ट्र्याकको बायाँपट्टि अगाडितर्फको गोजीमा लुकाइछिपाइ राखेको अवस्थामा प्लास्टिकमा पोको पारी खैरो हेरोइनजस्तो देखिने लिसाइलो पदार्थ एक ग्राम बरामद गरिएको प्रहरीले जनाएको छ। तामाङलाई लागुऔषधअन्तर्गतको मुद्दा दायर गरी जिल्ला अदालतबाट म्याद थप गरेर अनुसन्धान सुरु गरिएको प्रहरीको भनाइ छ।

कार्यान्वयनमा आएन प्रहरीलाई पोसाकबापत नगद दिने गृहमन्त्रीको घोषणा



नयाँ पत्रिका

नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई पोसाक खरिद गर्न नगद नै दिने गृहमन्त्री सुधन गुरुङले बताए पनि त्यसका लागि कार्यान्वयन प्रक्रिया अघि बढ्न सकेको छैन। मन्त्रालयले त्यसमा कुनै निर्णय नगरेपछि दुवै प्रहरीले विगतमा जस्तै खरिद प्रक्रिया अघि बढाउने गृहकार्य थालेका छन्।

पोसाक खरिद अनियमितताका कारण विवादित बनेपछि प्रहरीलाई नगद नै दिने र आर्थिक वर्ष ०८३/८४ देखि उनीहरू स्वयंले खरिद गर्ने परिपाटी सुरु गरिने गृहमन्त्री गुरुङले ४ असारको संसद् बैठकलाई जानकारी गराएका थिए। उनको भनाइ थियो, 'प्रहरीको पोसाकमा जहिले पनि टेन्डर प्रक्रियामा सेटिङ हुने भन्ने इस्युहरू धेरै सुनिरहेको अवस्था थियो, त्यही भएर यसपालि हामीले के सोचिरहेका छौं भने जति रकम प्रहरीको पोसाकमा खर्च हुन्छ, त्यो रकम प्रहरीलाई नै दिने, प्रहरीले आफैं खरिद गर्ने भन्ने सोच बनाएका छौं ताकि कुनै पनि बिचौलियाले यसमा चलखेल नगरोस्।'

प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्ले नगद नै दिने विषयमा छलफल भए पनि टुंगो लागिनसकेको बताउँछन्। प्रहरीको प्रशासन विभाग स्रोतका अनुसार यस आर्थिक वर्षमा नगद दिने सम्भावना न्यून भएकाले खरिद प्रक्रियाको गृहकार्य भइरहेको छ। हरेक वर्ष प्रहरीले खरिद गरेर पोसाक वितरण गर्ने गरेको छ। जुन खरिद सधैजसो विवादमा पर्दै आएको छ। गत आर्थिक वर्षको खरिदमा पनि ठुलो अनियमितता भएको उजुरीपछि हालसम्म प्रक्रिया रोकिएको छ।

सशस्त्र प्रहरीले पनि चालू आर्थिक वर्षका लागि टेन्डरबाटै खरिद गर्ने प्रक्रिया सुरु गरिसकेको छ। विगतमा पनि पोसाकबापत कर्मचारीलाई नगद नै दिनेबारे छलफल भएको थियो। ०७३ मा तत्कालीन प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालले अर्थ मन्त्रालयसँग यस विषयमा छलफल गरेका थिए। तर, पोसाकमा एकरूपता नहुने र नेपालमै पोसाक उत्पादन गर्न सक्ने उद्योग नभएकाले समस्या आउन सक्ने भन्दै कार्यान्वयन गरिएन।

सुकुमवासी, भूमिहीनलाई लालपुर्जा वितरणमा सरकारले खोज्यो विपक्षीको साथ

कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले सुकुमवासी, भूमिहीन र अव्यवस्थित बसोबासीको व्यवस्थापनमा विपक्षी दलहरूको सहयोग खोजेको छ। देशभरै प्रशासनिक समिति बनाएर व्यवस्थापनको काम द्रुत गतिमा अगाडि बढाइरहेको सरकारले विपक्षी दलहरूले नेतृत्व गरिरहेको प्रदेश र पालिका सरकारबाट सहयोग खोजेको हो।

प्रमुख प्रतिपक्षी काङ्ग्रेस दलका नेता भीष्मराज आइदेम्बे प्रस्तावक र एमाले प्रमुख सचेतक ऐन महर, नेकपा प्रमुख सचेतक युवराज दुलाल र श्रम संस्कृतिका प्रमुख सचेतक आरेन राई समर्थक भई विपक्षीहरूले प्रतिनिधिसभामा दर्ता गराएको 'वास्तविक सुकुमवासी, भूमिहीन तथा अव्यवस्थित बसोबासीको पहिचान गरी नागरिकको संरक्षण र पुनर्स्थापनाका लागि सरकारले आवश्यक व्यवस्था गर्नुपर्ने, वास्तविक सुकुमवासी एवं भूमिहीनलाई लालपुर्जा उपलब्ध गराउने'सम्बन्धी जरुरी महत्त्वको प्रस्तावमाथिको छलफलमा सरकारले सहयोगको अपिल गरेको हो।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सुकुमवासी, अव्यवस्थित बसोबासीको हकमा सरकार गम्भीर रहेको र निरन्तर काम गरिरहेको बताइन्। उनले सुकुमवासी पहिचान र जग्गा वितरणमा तीनै तहको सरकारको भूमिका हुने भन्दै अहिले स्थानीय सरकारबाट असहयोग भएको उल्लेख गरिन्। 'यसमा सुकुमवासी पहिचान र जग्गा वितरणमा तीनै तहको सरकारको भूमिका हुन्छ। स्थानीय तहले सहयोग गरिदिएन भने प्रक्रिया अवरुद्ध हुन्छ,' उनले भनिन्, 'अहिले काठमाडौंको हकमा त्यही भएको हो।' उनका अनुसार होल्डिङ सेन्टरमा ३८८ परिवारको लगत संकलन गरेर विस्तृत विवरण

■ भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री **प्रतिभा रावल**ले संसद्मा भनिन्-



जस्तो खालको गम्भीर छलफल यहाँ भएको छ, जति गम्भीरताका साथ माननीयहरूले कुरा राख्नुभयो, यो कुरा तल सर्कुलर हुनुपर्‍यो। प्रदेश र पालिकामा सर्कुलर गर्नुपर्‍यो।

लगिएको थियो। त्यसमा ५८ परिवारको निवेदन फाराम सम्बन्धित जिल्ला र पालिकामा पठाइएको छ। ५१ जनाको जग्गा भेटिएकाले निवेदन अस्वीकृत भएको छ। ५१ जनाको पहिले नै आयोगमा दर्ता भएको हुनाले छुट्टै सूचना प्रकाशित हुँदै छ।

'हालसम्म जहाँ-जहाँ उहाँहरूको विवरण पठायौं, सम्बन्धित जिल्ला र पालिकामा, उहाँहरूको हकमा सम्बन्धित पालिका र वडाले सूचना निकालिदिनुपर्ने थियो। तर, चारवटा पालिकाबाहेक जहाँ-जहाँ पठाइएको थियो, उनीहरूले त्यो परिवारको सूचना नै निकालिदिएनन्। १४ वटा पालिकाले सूचना निकालिदिएनन्,' मन्त्री रावलले सुनाइन्। उनले सदनमा विपक्षी दलहरूले सरकारलाई झकझक्याउन जरुरी महत्त्वको प्रस्ताव ल्याएकामा धन्यवाद दिँदै प्रदेश र पालिकामा पनि अवरोध हटाइदिन अनुरोध गरिन्।

'लालपुर्जा वितरण गर्नुपर्छ भनेर जरुरी महत्त्वको प्रस्ताव जुन विपक्षी दलहरूले ल्याउनुभयो, त्यो महसुस उहाँहरूले पालिकामा पनि गर्नुपऱ्यो। त्यही भएर सार्वजनिक महत्त्वको प्रस्ताव यहाँ दर्ता भएर छलफल भइरहेको छ, यसको एउटा कपी भए पनि सम्बन्धित पालिकालाई पठाइदिउँ। पत्राचार गरिदिउँ। त्यसले तपाईंहरूको अपनत्व देखाउँछ। विपक्षी दललाई पनि लागेको कुरा यही हो, सुकुमवासी, अव्यवस्थित बसोबासीले छिटोभन्दा छिटो लालपुर्जा पाउनुपर्छ भन्ने कुरा विपक्षीले फिल गरेको छ भन्ने कुरा पालिका प्रमुखले पनि फिल गर्नुपऱ्यो,' उनले भनिन्।

मन्त्री रावलका अनुसार मकवानपुर गढी गाउँपालिका, मिथिला नगरपालिका, भोजपुर नगरपालिकामा परिपत्र गरिए पनि सहयोग गरेका छैनन्। यी पालिकाको प्रमुख काङ्ग्रेसबाट निर्वाचित भएका हुन्। 'सरकारबाट अनुरोध गर्न चाहन्छु कि जस्तो खालको गम्भीर छलफल यहाँ भएको छ, जति गम्भीरताका साथ माननीयहरूले कुरा राख्नुभयो, यो कुरा तल सर्कुलर हुनुपऱ्यो। प्रदेश र पालिकामा सर्कुलर गर्नुपऱ्यो,' उनले भनिन्।

मन्त्री रावलले त्यतिबेला तीनवटा आयोगमा जनशक्ति मात्रै ६ सयजना रहेको र प्राविधिक कर्मचारी हजारजना राखिएको उल्लेख गरिन्। यस्ताखाले आयोगबाट हुन नसकेकाले प्रशासनिक आयोग बनाएको उनले प्रस्ट पारिन्। 'पुरानै खाले आयोगबाट जाँदा हुँदैन, यो सरकार पनि फेलियर हुन्छ, सबैजनाको सुकुमवासी र अव्यवस्थित बसोबासीलाई लाजपुर्जा दिनुपर्छ, यही सरकारको पालामा दिनुपर्छ भन्दा सम्भव थिएन। त्यसैले हामीले जिल्लामा सिडिओको अध्यक्षतामा समिति गठन गर्‍यौं। पालिकाको प्रतिनिधि हुन्छ। नापीको प्रतिनिधि सदस्यसचिव हुन्छ। केन्द्रमा मात्र चारजना विज्ञ सदस्य राख्यौं। उच्च अदालतको न्यायाधीशले लिड गर्नुहुन्छ,' उनले भनिन्।

के भन्छन् विपक्षी दलहरू ?

प्रस्तावक भीष्मराज आइदेम्बेले वास्तविक सुकुमवासी र भूमिहीनले राज्यबाट न्याय पाउनुपर्ने बताए। 'जो वास्तवमै सुकुमवासी र भूमिहीन हो, उनीहरूको पहिचान गरी बसोबासको ग्यारेन्टी गर्नु राज्यको संवैधानिक दायित्व हो,' उनले भने। भूमिहीनलाई जग्गा, आवास र लालपुर्जा दिने विषय निर्वाचनअघि सबैजसो दलको साझा प्रतिबद्धता रहेको स्मरण गराउँदै उनले सबै दलले सुकुमवासीको व्यवस्थापन चाहेको प्रस्ट्याए। भूमि आयोग खारेज भनेर त्यही प्रकृतिको राजनीतिक नियुक्तितिर सरकार लागेको आरोप लगाउँदै उनले थपे, 'वर्तमान सरकारले साँच्चै सुकुमवासीको समस्याको दीर्घकालीन समाधान गर्न खोजेको थियो भने व्यापक छलफलपश्चात् संसद्को समितिबाट पारित कानुन संसद्मा पेस गरी द्रुत गतिमा यही सदनबाट पारित गरेर कार्यान्वयन किन गरेन ?'

एमाले संसदीय दलकी उपनेता पद्मा अर्यालले भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या छुट्टाछुट्टै नीति र प्रक्रियाबाट समाधान गर्न नसकिने बताइन्। उनले दुवै समूहको समस्या एउटै ढाँचाबाट सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याइन्। सुकुमवासीलाई एकातिर र अव्यवस्थित बसोबासीलाई अर्कोतिर राखेर समाधान खोज्ने प्रयास प्रभावकारी नहुने उनको भनाइ थियो।

नेकपा प्रमुख सचेतक युवराज दुलाललेे भूमिहीन, सुकुमवासी, अव्यवस्थित बसोबासीको तथ्यांक संकलन गर्ने, तिनीहरूको उचित व्यवस्थापन गर्ने कार्य विगतको सरकारले गर्दै आइरहेको बताए। त्यस्तै, श्रम संस्कृतिका प्रमुख सचेतक आरेन राईले नागरिकलाई अनागरिक ढंगले व्यवहार गर्न नहुने र जग्गा वितरण गर्नुपर्ने बताए। जग्गा नपाएर नागरिकहरू ठुलो पीडामा रहेको उनको भनाइ थियो। बाढीपहिरोले जग्गा लगेको, तर पुर्जामा जग्गा देखिने भन्दै यो समस्या नीतिबाटै समाधान गर्न उनले माग गरे।

राजेन्द्रलक्ष्मीको नायबी शासन र कांग्रेस संकट

'बदलिएको कांग्रेस'को नेतृत्वले सानेपामा सभापतिकै वरिपरि घुमेर मात्र युग सुहाउँदो कांग्रेस निर्माण गर्ने सभापति थापाको चाहनामा बल पुग्दैन



● सुदर्शन आचार्य

अग्रलेख

पृथ्वीनारायण शाहका छोरा प्रतापसिंह शाहको मृत्युपछि नाबालक राजा रणबहादुर शाहका नायबका रूपमा रानी राजेन्द्रलक्ष्मीले शासन प्रारम्भ गरिन्। जसरी कांग्रेसभित्र आज संस्थापनइतर पक्षले शेरबहादुर देउवाको बहिर्गमनपश्चात् डा. शशांक कोइरालालाई अगाडि सारेर गुटगत सत्ताको नायबका रूपमा कृष्णप्रसाद सिटौला र विमलेन्द्र निधीहरू शासन गर्ने तर्खरमा छन्।

प्रतापसिंहको मृत्युपश्चात् बज्रनाथ पण्डित राजेन्द्रलक्ष्मीलाई सती पठाएर आफू बालक राजाका नाममा शासन चलाउन चाहन्थे। जसरी कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाको सिंगापुर बहिर्गमनपश्चात् केही समय त्यसको रिहर्सल पूर्वउपसभापति पूर्णबहादुर खड्काले समेत गरे। बज्रनाथ पण्डितको चालबाजीको भेउ पाएकी राजेन्द्रलक्ष्मीले पण्डितलाई चारपाटा मुडेर चार भन्ज्याङ कटाइदिएकै शैलीमा कार्यवाहक सभापति खड्कालाई असफल बनाउन सिंगापुरमा रहेका देउवालाई सिटौला-निधीले नेपाल बोलाइछाडे। अहिले आएर खड्का इतर समूहमा समेत किनारीकृत भएका छन् भने डा. शशांकको आडमा सिटौला-निधीको नायबी आरम्भ भएको छ।

भृकुटीमण्डपमा सम्पन्न कांग्रेसको विशेष महाधिवेशनको वैधानिक सभामा भागै नलिई बाहिरिएको संस्थापनइतर समूहले साउन २९-३१ काठमाडौंमा राष्ट्रिय भेला नामको गुटगत बैठक गर्ने निष्कर्ष निकालेको छ। र, राजनीतिक वैधताकै निम्ति बैठक आयोजक समितिको संयोजकमा डा. शशांक छानिएका छन्। कांग्रेसबाट बाहिरिएर नयाँ पार्टी निर्माण गर्ने उद्देश्यले नायबी चलाउन उद्यत् सिटौला-निधीलाई गुटगत भेलाको उद्देश्यबारे थाहा नहुने कुरै भएन, डा. शशांकलाई भने त्यसको भेउ छ भन्नेमा शंकै छ। कांग्रेसको संस्थापनइतरको हरेक मोर्चामा हारका बाबजुद जसरी पनि पार्टी कब्जा गर्नैपर्ने रणनीति र त्यसबारे चाल पाएसँगै विधि र पद्धतिबाहिर गएर टसमस नगर्ने सभापति गगन थापाको रणनीतिका कारण कांग्रेसमा यतिवेला संस्थापन र इतर समूहबिच निकै ठुलो रस्साकस्सी देखिन्छ।


सतहमा हेर्दा बिपी कोइराला, गणेशमान सिंह र महेन्द्रनारायण निधीजस्ता मूर्धन्य दिवंगत नेताका पुत्रत्रय डा. शशांक, प्रकाशमान र विमलेन्द्र फ्रन्ट लाइनमा देखिएको, तर ठेक्कापट्टा असफल भई कालोसूचीमा रहेका ठेकेदारको लगानीमा राजधानीको निर्मल निवासछेउ चुनदेवीमा सम्पर्क कार्यालय खोलेर बिपी स्मृति दिवसकै दिन पार्टी सभापति गगन थापाविरुद्ध विषवमन गर्ने एउटा समूह कांग्रेसलाई कमजोर बनाउन मैदानमै उत्रिएको देखिन्छ। हुन त विशेष महाधिवेशनपूर्वका सभापति देउवा स्वयंले पनि सत्ताकै लागि कांग्रेस पार्टी फुटाएर प्रजातान्त्रिक कांग्रेस नबनाएका होइनन्। तर, लामो समय सो पार्टी टिकाउन भने देउवा असफल भए।

देउवाकालीन समयमा नायबी चलाउने आरजु राणा र उनकै वरिपरि घुम्ने कांग्रेसको तत्कालीन संस्थापनको एउटा समूह आफूभन्दा कान्छो उमेरका गगनलाई मनैदेखि सभापति मान्न तयार देखिन्न। सो समूह कतिसम्म उल्टो बाटो हिँड्न तयार छ भन्ने उदाहरण उनीहरूको सर्वोच्च अदालतको यात्राले पनि पुष्टि गर्छ। देउवा स्वयंलाई मतदान गरेर पार्टी सभापति बनाउने बहुमत महाधिवेशन प्रतिनिधि देउवालाई छाडेर विधिवत् गणनातिर लाग्दासमेत नैतिकताको पर्वाह नै नगरी देउवा र पूर्णबहादुर राजनीतिक विषयलाई लिएर सर्वोच्च अदालत जानु उनीहरूको राजनीतिका नाममा देखिएको कुण्ठा मात्र हो।

इतिहासमा कांग्रेसले पटक-पटक टुटफुट व्यहोर्‍यो। अझ जब-जब कांग्रेसभित्र झगडाको बीजारोपण गरिन्छ, तब बुझ्नैपर्ने हुन्छ, सिस्टममै कहीँ न कहीँ गडबड गर्न खोजिँदै छ। भारी जनमत प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भित्रसमेत बेमेलको तुवाँलो बाक्लिँदै गएको देखिएको समय जनमतका हिसाबले दोस्रो कांग्रेसभित्र समेत बाक्लिँदै गएको घरझगडाले नेपालको राजनीतिमा शुभ संकेत गर्दैन।

कांग्रेसको आफ्नै विधानमा भएको व्यवस्थामा टेकेर सँगै हिजो देउवालाई नै सभापति बनाउन मतदान गर्ने १४औँ महाधिवेशनकै प्रतिनिधिबाट गरिएको वैधानिक विद्रोहबाट आएका गगन थापालाई सभापति मान्न देउवा समूह तयार नहुनु नै कांग्रेसभित्रको मूल समस्या हो। उमेरले ८० को हाराहारीमा रहेका र हिजैदेखि, अर्थात् गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र देउवाकालीन समयदेखि उनीहरूका नाममा नायबी चलाउँदै आएको एउटा समूह जनता र कार्यकर्ताबाट अनुमोदनबेगरै पद प्राप्तिको राजनीति गर्दै आएको थियो। गगन नेतृत्वको कांग्रेसले जब वैधानिक विद्रोहमार्फत कांग्रेसमा बदलाव ल्यायो, सँगै पार्टीका पदाधिकारीसमेत आसन्न महाधिवेशनमा वडातहबाटै प्रतिनिधि भएर आउनुपर्ने व्यवस्था विधानमै गर्‍यो, तब विक्षिप्त बन्न पुगेको संस्थापनइतर समूह नयाँ पार्टी निर्माणको अभियानमा छ।

कांग्रेसलाई मनोवैज्ञानिक रूपमा विभाजनको तहसम्म लैजानुपूर्व संस्थापनइतर समूहले पार्टीका दिवंगत नेता बिपी, गणेशमान र महेन्द्रनारायणजस्ता मूर्धन्य व्यक्तित्वका पारिवारिक विरासत बोकेका नेता हामीसँग छन् भन्ने सन्देश दिन खोजेको देखिन्छ। २१औँ शताब्दीको यक्षप्रश्न भनेको राजनीतिमा प्रधान भनेको 'ब्लड' कि 'विचार' भन्ने नै हो। संस्थापनइतर समूहले माने पनि, नमाने पनि देश-दुनियाँले मानेको एउटा सत्य के हो भन्दा गगनमा बिपी, गणेशमान र निधीको रगत छैन। तर, उनीहरूको विचार प्रस्ट देखिन्छ। उनैले पनि



भन्दै आएका छन्, मेरो शरीरमा बिपी र गणेशमानको रगत छैन, तर बिपीको विचार र गणेशमानको साहस छ। राजनीतिमा प्रधान ठानिने पनि वंश वा रगतभन्दा वैचारिक निष्ठा र साहस नै हो।

बिपी, गणेशमान र निधीजस्ता नेताको 'लिगेसी' प्राप्त गरेर मात्र हुन्न भन्ने उदाहरण हेर्न टाढा जानै पर्दैन। हालै मात्र बिपी स्मृति दिवसको अवसरमा संस्थापनइतर समूहद्वारा राजधानीमा आयोजित सभालाई हेरे पुग्छ। जुन सभामा बिपी स्मृतिका नाममा जम्मा भएका संस्थापनइतर समूहका बिपी, गणेशमान र निधीका 'ब्लड'कै उत्तराधिकारी दाबी गर्नेले कांग्रेस सभापति थापाविरुद्ध विषवमन गरे। वर्तमान राजनीतिक असहजता तथा लोकलाजको ख्यालै नराखी हिजोसम्म आफैंले राजनीति गरेको पार्टी तथा निर्वाचन लड्न जाँदा टिकटमा हस्ताक्षर गरेका पार्टी सभापतिविरुद्ध भविष्यमा कांग्रेस रहेर राजनीति गर्ने नपर्नेभन्दै गरी सो समूह घृणाको राजनीतिमा उत्रियो। गालीगलोजको पनि सीमा हुन्छ। हुँदाहुँदा सभापति थापामाथि विदेशी एजेन्ट तथा 'सेटिङमा चलेको' आरोपसम्म लगाइयो। कांग्रेसजनको मात्र नभई तमाम लोकतन्त्रवादीकै चाहना कांग्रेसमा बृहत् एकता होस् भन्ने छ। तर, एकताको जिम्मा केवल गगन थापाले मात्र लिनुपर्छ भन्ने जुन भाष्य चुनदेवीले निर्माण गर्न खोजेको छ, त्यो आफैंमा पूर्वाग्रहप्रेरित छ। महाधिवेशन प्रतिनिधिको बहुमतबाट हस्ताक्षरित निवेदन ग्रहण गर्ने पूर्णबहादुर, विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन गर्ने महाधिवेशन प्रतिनिधि, महाधिवेशन प्रतिनिधिले गरेको नेतृत्व परिवर्तनलाई कानुनतः अद्यावधिक गर्ने निर्वाचन आयोग र आयोगले गरेको अद्यावधिक कानुनसम्मत छ भनेर देखाइदिने सर्वोच्चको खिलाफ जान देउवा समूहमा नैतिकता भए त्यसैले रोक्नुपर्ने थियो। तर, दुर्भाग्यवश उक्त समूह कांग्रेसको नेतृत्व परिवर्तनको विषयलाई लिएर सर्वोच्च र उल्टै गगनद्वारा हस्ताक्षरित टिकट लिएर गयो।

> हिजो देउवालाई सभापति बनाउन मतदान गर्ने १४औँ महाधिवेशनकै प्रतिनिधिबाट गरिएको वैधानिक विद्रोहसँगै नेतृत्वमा आएका गगन थापालाई सभापति मान्न देउवा समूह तयार नहुनु नै कांग्रेसभित्रको मूल समस्या हो

जनमतका आधारमा प्रतिपक्षमा धकेलिएको कांग्रेसबारे उल्लिखित विषय समीक्षाको पाटो हो। बाँकी मूल विषय भनेको बिपी, गणेशमान र कृष्णप्रसादजस्ता व्यक्तित्वको राजनीतिक मात्र नभई पारिवारिक विरासतसमेत प्राप्त व्यक्तिले पार्टीलाई फुटउन्मुख गराएर समाजलाई दिन खोजेको सन्देश के र कस्तो भन्ने नै हो। कांग्रेसका संस्थापक नेताले राजनीतिको संगीन कालखण्ड व्यहोरेर निर्माण गरिदिएको लोकतन्त्रको भरपूर उपयोग गरी सत्ताको चास्नीमा डुब्ने, तर जेन-जी विद्रोहपश्चात् पार्टीमा आएको परिवर्तनलाई चाहिँ आत्मसात् गर्न पटकै रुचि नदेखाउने विचार बिपी विचार' हुने सक्दैन। चुनदेवी समूहले ख्याल पुऱ्याउनुपर्ने अर्को तर महत्त्वपूर्ण सवाल के पनि देखिन्छ भने प्रजातन्त्र प्राप्तियता कांग्रेस सत्तामा रहेका समय निरन्तर सत्तामा बसी अकुत कमाइरहेका, एउटा न एउटा केसमा अड्डा-अदालत धाइरहेका, बैंक तथा वित्तीय संस्थासँगै ठेक्कापट्टा र चेक अनादर केस व्यहोरिरहेका, अकुतको विषयले लखेटिरहेका र आफ्नो घर बैंकको मुख्यालयमै देखिने गरी धन-दौलत थुपारिरहेका पार्टीबाट अलग हुँदा नै पार्टी सच्चिन्छ भन्नेको संख्या पनि कांग्रेसभित्र ठुलो छ। बिपीले उही समय भनेकै थिए, 'प्रजातन्त्र प्राप्तिसँगै पार्टीमा सुकिला-मुकिला हाबी हुनेछन्, त्यतिवेला इमानदार कार्यकर्ताले एकपटक संघर्ष गर्नुपर्छ।'

देउवा समूह त पार्टी ब्रेक गर्न उद्यत भयो नै। 'बदलिएको कांग्रेस'ले पनि आजको मितिमा संगठन निर्माणमा खेलेको भूमिकाले मात्र संघीय लोकतान्त्रिक व्यवस्था मजबुत हुने छनक देखिँदैन। हिजो देउवाकालीन समयका महामन्त्रीद्वय गगन-विश्वकै जुझारु भूमिकामा आजका महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे देखिन सक्नुपर्थ्यो। विशेष महाधिवेशन प्रतिनिधिको वैधानिक विद्रोहले कांग्रेसको नेतृत्व त परिवर्तन भयो, तर परिवर्तित नेतृत्वले गगन थापाको बेग बुझेर राजनीतिक मैदानमा उत्रिने सिंगो केन्द्रीय समिति भने राजनीतिक रूपमा परिपक्व नपाएकै हो। आज पनि कांग्रेसको सिंगै केन्द्रीय नेतृत्व जनता र कार्यकर्तातिर फर्कनुको सट्टा सभापति गगनकै वरिपरि भेटिन्छन्। आज गगन राज्यसत्तामा छैनन्। तैपनि, कांग्रेस नेतृत्व उनकै वरिपरि रमाइरहेको छ भने भोलि राज्यसत्तामा गगन पुग्दा के होला ?

प्राकृतिक विपत्तिको समय छ। मधेशलगायत पूर्वी प्रदेशमा देखापरेको धार्मिक हिंसाको ज्वाला निभिसकेको छैन। जनताले प्राप्त गर्ने मल, बिउबिजन प्राप्त गर्न सकेका छैनन्। सरकारको कामकारबाही बच्चाले 'भाँडाकुटी खेलेजस्तो' छ। भूराजनीतिक हिसाबले मुलुक चुक्दै गएको देउवा, ओली, दाहालकै पालादेखि हो। मुलुकको अर्थतन्त्र डावाँडोल छ। 'मनी लाउन्डरिङ'का हिसाबले 'ग्रे लिस्ट'बाट नेपाल फिर्ता आउने त कता हो, सरकारको काम-कारबाही हेर्दा 'ब्ल्याक लिस्ट'उन्मुख देखिँदै छ। यस्तो समय कांग्रेसको संस्थापनइतर त कांग्रेस कमजोर बनाउन लाग्यो नै, परिवर्तित नेतृत्वले समेत सभापति थापाको भाषा र चाल बुझ्न नसकेकै देखिन्छ। 'बदलिएको कांग्रेस'को सिंगै नेतृत्वले बुझ्नुपर्ने भनेकै हिजोको संस्थापनलाई जनताले पत्यारयोग्य नठानेकाले आफू जनताबाट पत्याइने शक्ति कसरी बन्ने भन्ने नै हो। 'बदलिएको कांग्रेस'को केन्द्रीय नेतृत्वले सानेपा र चपलीमा सभापतिकै वरिपरि देखा परेर मात्र युग सुहाउँदो कांग्रेस निर्माण गर्ने सभापति थापाको चाहनामा बल पुग्दैन।

ढिलोचाँडो निश्चित अवधिका लागि पार्टीबाट एउटा तप्का त बाहिरिने नै भयो, पार्टीको मूलधारमा रहेका नेता-कार्यकर्ताले पार्टीलाई जनताको तहमा स्थापित गर्न जनताकै तहसम्म पुग्न सक्दा मात्र कांग्रेस र लोकतन्त्र बलियो हुने हो। सत्तामा पुगेपछि जे गरे पनि हुन्छ भन्ने मान्यता स्थापित गरेकै कारण देउवा, ओली र दाहालको विकल्प नेपाली जनताले खोजेका हुन्। रास्वपालाई हेरेर देशमा कायापलट ल्याउलान् भनेर जनताले मतदान गरेका होइनन्।

कांग्रेसको हिजैदेखि खाइपाइ आएको एउटा 'रैथाने गुट' पार्टीबाट लगभग बाहिरिने पूर्वसन्ध्यामा छ। पार्टीको मूलधारले बिपी विचार अँगालेर राजनीति बिपीको 'ब्लड'बाट होइन, 'विचार'बाट सम्भव छ भन्ने सुखद् सन्देश सम्प्रेषित गर्न सक्दा मात्र संघीय लोकतान्त्रिक गणतन्त्रको मियो शक्ति कांग्रेसप्रतिको जनताको अभिभारा पूरा गरेको ठहरिनेछ। अन्यथा, पदबाट बाहिर पुग्यो कि पदकै लागि पार्टी नै फुटाउन उद्यत हुने र लोकतन्त्रको स्थायित्वका निम्ति नयाँ रणनीति अख्तियार गर्न नसक्ने हो भने कांग्रेससँगै लोकतन्त्रले समेत बाटो बदल्ने निश्चितप्रायः देखिन्छ।

---

३ प्रश्न

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख **हीराकुमारी निरौला**लाई



देशमा नर्सिङ जनशक्तिको उपलब्धता कस्तो छ ?

हाम्रो देशको स्वास्थ्य क्षेत्रको मागका आधारमा भन्ने हो भने नर्सिङ जनशक्तिको अभावै छ भन्ने अवस्था छैन। तर, विद्यालय नर्स कार्यक्रमका लागि पनि नर्सिङ जनशक्ति आवश्यक पर्ने हुनाले प्रायः दुर्गमका विद्यालयमा चाहिँ मागअनुसारको जनशक्ति नपाएको गुनासो यदाकदा सुनिन्छ। तर, सहरमा भने त्यस्तो अभाव छैन। अहिले देशभर नर्सिङ कलेजको संख्या पनि बढ्दै छ। यससँगै नर्सिङ जनशक्तिको उत्पादन पनि बढ्दै छ। यस्तोमा उत्पादित जनशक्ति विदेश पलायन नहुने हो भने हामीकहाँ नर्सिङ जनशक्तिको अभाव हुँदैन। तर, पलायन पनि भइरहेको हुनाले भविष्यमा समस्या नै नआउला चाहिँ भन्न सकिन्न।

नर्समाथि श्रमशोषण बढ्दो र सेवा, सुविधा कम भएको गुनासो पटकपटक उठिरहेको सुनिन्छ नि ?

देशैभरिका सम्पूर्ण स्वास्थ्य संस्थालाई एउटै बास्केटमा हालेर हेर्न मिल्दैन। कतिपय संस्थाले यसअघिका दिनमा भएका सम्झौताअनुसार नै सेवा, सुविधा दिएको अवस्था पनि छ। कतिपयले सम्झौताभन्दा बढी नै दिएको अवस्था पनि नभएको होइन। तर, यसो भन्दैमा समस्या नै नभएको भने होइन। कतिपय अस्पताल र मेडिकल कलेजमा कामको लोड बढी र सेवा, सुविधा कम रहेको गुनासो वेलावेलामा सुनिन्छन्। ठाउँ विशेष र इन्स्टिच्युटअनुसार नर्सिङ जनशक्तिको सेवा, सुविधामा अन्तर छ र त्यसलाई सम्बोधन गर्नुपर्ने अवस्था पनि छ।


नर्सहरूका गुनासा सम्बोधन गरेर भविष्यमा फेरि आन्दोलन गर्न नपर्ने अवस्था सिर्जना गर्न सकिन्न ?

अहिले नर्सहरूले विभिन्न माग राखेर आन्दोलन गरिराख्नुभएको छ। आन्दोलनरत र सरोकारवाला दुवै पक्ष वार्तारत रहेको हुनाले माग सम्बोधन हुने अपेक्षा गर्न सकिन्छ। अहिले ती माग सम्बोधन गर्न सकियो भने त्यसले दीर्घकालका लागि राम्रै गर्ला। तर, भविष्यमा कहिल्यै आन्दोलन गर्नैनपर्ने अवस्थाको ग्यारेन्टी त कसरी गर्न सकिएला र ?

प्रेरक प्रसंग

बालकको सराहनीय काम

सहरको एक सामान्य टोलमा बस्ने आठ कक्षामा अध्ययनरत विद्यार्थी रोहित अरूलाई मद्दत गर्न जहिल्यै तयार रहन्थे। उनको टोलको बिजुलीको पोलमा जडान गरिएका चिम वर्षौंदेखि बल्दैनथे, तैपनि तिनमा कसैले ध्यान दिएका थिएनन्। रोहितको टोलको सो सडक खण्ड हुँदै रातको समयमा हिँड्डुल गर्ने सर्वसाधारणले निकै हैरानी खेप्नुपर्थ्यो। रोहितले यसबारे बुबाआमा र टोलवासीसित पनि गुनासो गर्थे, तर सबैले प्रशासनको लापरबाही भनेर टारिदिन्थे।



एक दिन रोहितले आफ्ना केही साथीको सहयोगमा कतैबाट एक लामो बाँस र बिजुलीको तार ल्याएर आफ्नो घरअगाडि गाडे अनि घरको लाइनबाट जोडेर एउटा चिम जडान गरे। टोलका केही मानिसले भने उनको कामलाई हाँसोमा उडाए। उनको एक्लो प्रयासले के नै हुन्छ र भन्ने उनीहरूको तर्क थियो। तर, कम्तीमा आफ्नो घरअगाडिबाट हिँड्ने मानिसले त सास्ती व्यहोर्नुपर्दैन नि भन्ने रोहितको तर्क थियो।

राति रोहितको घरअगाडिको चिम बल्यो। यसबारे पूरै टोलमा चर्चा चल्यो। कसैले, उनको कामको प्रशंसा पनि गरे। केही दिन बिते। बिस्तारै केही मानिसले आ-आफ्ना घरअगाडि एउटा-एउटा चिम झुन्ड्याउँदै गए। एक महिना बित्दा-नबित्दै पूरै टोल रातको समयमा उज्यालो प्रकाशमा जगमगाउन थाल्यो। एक साना बालकले सुरु गरेको सानो प्रयासको यति ठुलो परिणाम देख्दा टोलवासी पनि खुसी भए। बिस्तारै यो हल्ला पूरै सहरभरि फैलियो। देशका प्रमुख सञ्चारमाध्यमले पनि यसलाई महत्त्व दिएर प्रकाशित गरे। अन्त्यमा प्रशासनलाई पनि यसबारे आफ्नो कमजोरी महसुस भयो। उसले तत्काल बिग्रेको सडकबत्ती मर्मत गरेर रोहितको टोललाई झलमल्ल बनाइदियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नर्सका माग जायज छन्

देशभरका स्वास्थ्य संस्थामा कार्यरत नर्समाथि चरम श्रम शोषण छ। यो कुरा अहिले होइन, उहिल्यैदेखि उठ्दै आएको हो। नर्सले आफ्नो पेसागत सुरक्षा, मर्यादा तथा सेवा सुविधाका माग उठाएर यसअघि नै विरोध प्रदर्शन गर्दै आएका हुन्। तर, उनीहरूका मागको खासै सुनुवाइ भइरहेको थिएन। अहिले फेरि देशैभरिका नर्स आन्दोलित भएका छन्। उनीहरूले जेजति माग अघि सारेका छन्, ती सबै अत्यन्त जायज छन्। ती माग पूरा गराउन पहल गर्नु र स्वास्थ्य संस्थासित मध्यस्थता गर्नु सरकारको दायित्व हो। सरकार आफ्नो दायित्वबाट पर नभागोस्।

● **सुनयना महर्जन**, वसुन्धरा, काठमाडौं

ठग उद्योगीलाई कारबाही गर

बजारमा ग्यास अभाव देखाएर उद्योगबाट सीधै उपभोक्तालाई बिक्री गरिरहेका नेपालका ग्यास उद्योगीले उपभोक्तालाई ठगिरहेको समाचार पढियो। हामीजस्ता सोझासीधा उपभोक्तालाई डिलर कमिसनबापतको ५० रुपैयाँ र ढुवानी खर्च ४० रुपैयाँ असुलेर उद्योगीले नराम्री ठगिरहेका रहेछन्। जब उद्योगबाटै हामी उपभोक्ताले ग्यास उठाउँछौं भने ग्यासको डिलर कमिसन र ढुवानी खर्च कटाएर बिक्री गर्नुपर्ने होइन र ? यसरी सीधै हामी उपभोक्तालाई ठग्ने उद्योगीलाई कारबाही गर सरकार !

● **सुवर्ण लामा**, सानेपा, ललितपुर

एमाले कहिल्यै सुध्रिन्न हो ?

यतिखेर एमालेमा प्रदेश सरकारको नेतृत्व परिवर्तनको विषय निकै पेचिलो बन्दै गएको देखिन्छ। जब प्रदेश स्वायत्त छ भने प्रदेश सरकारको निर्णय गर्ने अधिकार पनि पार्टीको प्रदेश कमिटीलाई नै दिनुपर्ने होइन र ? तर, एमालेको कोशी र बागमती प्रदेशको अवस्था हेर्दा त्यहाँ पार्टीको प्रदेश कमिटीले होइन, संघले निर्णय गरिरहेको छ। अहिलेको संकटमा पनि एमाले नेतृत्वले नचेतेको र अस्थिरतामा रमाइरहेको देखिनु दुःखद छ।

● **सोनाम पाखिन**, गल्कोपाखा, काठमाडौं

बजारमा ग्यास नभएकै हो ?

बजारमा आधा सिलिन्डर ग्यास दिँदा समस्या थिएन। अहिले भरी सिलिन्डर ग्यास भन्नेबित्तिकै ग्यास पसलमा लाइन देखिन्छ। यो किन भइरहेको छ, थाहा भएन। ग्यास आपूर्तिमै कमी आएको हो कि व्यापारीले चलखेल गरेका हुन् ? यसको अनुगमन गर्नुपर्‍यो र सत्यतथ्य के हो, जनतालाई जानकारी गराउनुपर्‍यो।

आधा सिलिन्डर ग्यास वितरण गर्दा तौल धेरै कम आउने गरेको थियो, कम्तीमा अहिले पूरा सिलिन्डर आउने भयो भनेपछि नागरिक खुसी भएका थिए। तर के गर्नु, विडम्बना ग्यास नै पाइँदैन, गर्नु के ? भन्ने कसलाई ? कतिपय पसलेले ग्यास राति बढी पैसामा बेचेको भन्ने पनि सुनिन्छ। यस्तो कालोबजारी गर्ने व्यापारीलाई कारबाही गर्नुपर्‍यो। यो काम स्थानीय निकायले गरे भने अझ प्रभावकारी बन्थ्यो। तर स्थानीय सरकार कहाँ छन्, जनतालाई नै थाहा छैन। निर्वाचनका वेला जनता देख्ने नेताहरू निर्वाचनपछि भोट हालेर जिताउने तिनै जनतालाई चिन्दैनन्।

आयल निगमले ग्यास पर्याप्त छ भनिरहँदा बजारमा खाना पकाउने ग्यासको अभाव किन भएको हो ? एक सिलिन्डर ग्यास लिनकै लागि एक महिनादेखि नाम लेखाउनुपर्ने, त्यही लिन पनि घन्टौं लाइन बस्नुपर्छ। दिनभरि काम गर्न जाने कि ग्यासको लाइन बस्ने, पिरलो छ। ग्यास पसलेहरूले आफ्ना नजिकका मान्छेलाई ग्यास दिइरहेका छन्। ग्यास नपाउने हो भने कसैले पाउनु नपर्ने हो नि, होइन ? पैसा तिरेर पनि सहजसँग ग्यास पाइँदैन, किन होला ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

प्रशान्त किशोरको डेब्यु : भाजपामा खतराको घन्टी

बाँकीपुर क्षेत्रको भाजपाको बलियो किल्ला प्रशान्त किशोरले भत्काइदिएपछि भाजपाको आधारमा खतराको घन्टी बजेको छ



देश / विदेश

● डिके सिंह
(सिंह द प्रिन्टका राजनीतिक मामिलाका सम्पादक हुन्)

विधान सभाको कुनै पनि उपनिर्वाचनले राज्य र राष्ट्रिय राजनीतिबारे यति धेरै कुरा बोलेको उदाहरण भारतको राजनीतिक इतिहासमा सायदै पाइन्छ। बाँकीपुर विधान सभा उपनिर्वाचनमा प्रशान्त किशोरको विजयले विहारमा अनेकौं सम्भावनाको ढोका खोलेको छ। कागजी रूपमा हेर्दा जन सुराज पार्टी (जेएसपी)का संस्थापकले पहिलोपटक चुनावी मैदानमा उत्रिएका भाजपाका नीरज कुमारलाई ठुलो मतान्तरले पराजित गरेका छन्। तर, उनले भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीनलाई पराजित गरेका हुन्। नवीनले यसअघि यसै निर्वाचन क्षेत्रबाट लगातार पाँच कार्यकाल जित हासिल गरेका थिए र पछि राज्यसभा जान राजीनामा दिएका थिए। बाँकीपुर क्षेत्र भाजपाको बलियो किल्ला हो र अहिले प्रशान्त किशोरले त्यो किल्ला भत्काइदिएका छन्।

कुल तीन लाख ७९ हजार मतदातामध्ये करिब एक लाख ६० हजार 'उच्च जात'का हिन्दु रहेको बाँकीपुर निर्वाचन क्षेत्र विगत तीन दशकदेखि भाजपाको गढ रहँदै आएको थियो। नवीनका पिताले पनि यहाँ लगातार चार कार्यकाल जित हासिल गरेका थिए। निर्वाचन रणनीतिकारका रूपमा परिचित प्रशान्त किशोरले यो गढलाई निर्णायक रूपमा तोडेका छन्। जात वा धर्ममा नभई विकासमा केन्द्रित उनको वैकल्पिक राजनीतिक धारप्रति विहारले अन्ततः सकारात्मक प्रतिक्रिया जनाउन थालेको यो पहिलो संकेत हो।

लगभग भाजपाका राष्ट्रिय अध्यक्षलाई नै पराजित गरेसरह 'दिग्गज नेतालाई हराउने व्यक्ति'को छवि बनाएका प्रशान्त किशोर र उनको जेएसपी आगामी महिना र वर्षमा लालु-तेजस्वी यादवको राष्ट्रिय जनता दल (आरजेडी) को स्थान लिँदै प्रमुख विपक्षी शक्तिका रूपमा उदाउन सक्छ। यता, तेजस्वीमा भने संघर्ष गर्ने इच्छाशक्ति देखिएको छैन। सम्राट चौधरी सरकारको पहिलो चुनावी परीक्षणका रूपमा रहेको बाँकीपुरको चुनावी अभियान पनि खोट लगाउने प्रशस्त ठाउँ छ। किनकि, प्रचार अभियान चलिरहेकै वेला उनी बिदामा थिए। यसअघि कुनै राजनीतिज्ञले निर्वाचनको समय पारेर विदेशमा तीन साता लामो बिदा मनाउँदैनथे।

बाँकीपुरमा प्रशान्तको जितले भाजपा आधारमा खतराको घन्टी बजेको छ। यो जितले भाजपा राष्ट्रिय अध्यक्ष नितिन नवीन, मुख्यमन्त्री सम्राट चौधरी वा स्वयं प्रशान्त किशोरबारे के संकेत गर्छ भन्ने कुरा मुख्य विषय होइन। भाजपाका लागि अझ बढी चिन्ताको विषय त के हो भने उसका मुख्य मतदाता मानिने 'उच्च जात'का



मानिसमा निराशा बढेको र उनीहरू पार्टीबाट टाढिँदै गएको देखिन्छ। सतही रूपमा हेर्दा यी नतिजा पटना वा अन्य ठाउँमा भएका जेन-जीका विरोध प्रदर्शनको परिणाम नै हुन् वा होइनन्, यकिनसाथ भन्न सकिन्न।

प्रशान्त किशोरका सह-निर्वाचन परामर्शदाता नरेश अरोराले भनेझैं 'जेन-जी' यस्तो पहिलो पुस्ता हो, जसलाई जात वा धार्मिक पहिचानको सट्टा उनीहरूको सोच वा मानसिकताका आधारमा एउटा मतदाता समूहका रूपमा हेरिनुपर्छ। विरोधमा उत्रिएका विद्यार्थी र युवा सबै प्रश्नपत्र चुहावटबाट मात्र प्रभावित थिएनन्। उनीहरूले विद्यमान परिस्थितिबारे आफ्ना समग्र गुनासा व्यक्त गरिरहेका थिए। सरकारी ढिलासुस्ती, अनियमितता, भ्रष्टाचार र बेरोजगारीबारे उनीहरू असन्तुष्ट थिए। यस अर्थमा, बाँकीपुर उपनिर्वाचनको नतिजालाई 'जेन-जी'को विरोध प्रदर्शनकै सन्दर्भमा हेर्न सकिन्छ।

सन् २०१४ मा भाजपालाई सत्तामा पुऱ्याउने विद्यार्थी र युवालगायत उसका मुख्य मतदातामा बढ्दो असन्तुष्टिप्रति पार्टी बेखबर भने छैन। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्ना विश्वासपात्र तथा सन् २०१४ देखि नै सरकारमा निरन्तर टिकिरहेका अत्यन्तै थोरै मन्त्रीमध्येका एक, तत्कालीन शिक्षामन्त्री धर्मेन्द्र प्रधानलाई जिम्मेवारीबाट हटाए। मोदीका बाँकी विश्वासपात्रमा राजनाथ सिंह, नितिन गडकरी, पियूष गोयल, निर्मला सीतारमण, राव इन्द्रजित सिंह र जितेन्द्र सिंह गरी मुस्किलले आधा दर्जन मात्र छन्। बाँकी भने समयक्रमसँगै बाहिरिए। 'साइला'हरूलाई शान्त पार्न र जन्तरमन्तरबाट घर फर्काउन सरकारले प्रधानको 'बलि' चढायो। विद्यार्थीसामु झुकेर गल्ती गरियो भन्ने अहिले उनको पार्टीले महसुस गरेको देखिन्छ। प्रधानलाई हटाएयता विद्यार्थीप्रति भाजपाको दृष्टिकोणमा आएको परिवर्तन हेर्नुहोस्, अब उनीहरूसँग नरम व्यवहार गरिनेछैन, बरु अब कडा कारबाहीको समय आएको छ।

पार्टीकी सांसद कंगना रनौतले युवतीहरूलाई गृहणीसमेत बन्न नसक्ने फोहोरी पुस्ता (जेनेरेसन गटर) भन्दै आलोचना गर्दा उनको धारणाले सीमा नाघेको थियो। किनकि, मोदी सरकार आन्दोलनरत विद्यार्थी र युवालाई खुसी पार्न हरसम्भव प्रयास गरिरहेको थियो।

द प्रिन्टबाट

लेख, रचना तथा पाठक टिप्पणीका लागि नयाँ इमेल ठेगाना
nayapatrikaopinion@gmail.com

भारतीय युवाले उजागर गरेको राज्यको 'अक्षम' प्रवृत्ति

क्षमताभन्दा बफादारीलाई प्राथमिकता दिएर मोदी सरकारले अनजानमै कर्मचारीतन्त्रलाई जोखिम नलिने र कमजोर कार्यसम्पादन गर्न बढावा दियो

भारतमा हालै विद्यार्थी नेतृत्वमा भएको विरोध प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्ना माग पूरा गर्न बाध्य पारिदियो । विरोध प्रदर्शनले मोदीको सरकारको मात्र नभई समग्र भारतीय राज्यको आमप्रवृत्ति बनेको 'अक्षमता'लाई उजागर गरिदिएको छ । खासमा यस विरोध प्रदर्शनको कारण नै एउटा अत्यन्त अव्यवस्थित परीक्षा प्रक्रिया थियो । चीन, जापान, दक्षिण कोरिया र भियतनाममा जस्तै भारतमा पनि विद्यार्थीहरू आफ्नो भविष्यलाई एउटै परीक्षाको प्रतिफलले निर्धारण गर्ने विश्वास गर्छन् । यसैले, अति महत्त्वपूर्ण परीक्षाका लागि विद्यार्थी वर्षौं तयारी गर्छन् । यिनै कठिन परीक्षाले परीक्षार्थी कुनै प्रतिष्ठित शैक्षिक संस्थाको सीमित सिट पाउने कि नपाउने वा कुनै प्रतिष्ठित सरकारी जागिर पाउने कि नपाउने निर्धारण गर्छन् ।





● देवेश कपुर

कपुर अमेरिकाको जोन्स हप्किन्स विश्वविद्यालयको 'पल एच. निट्जे स्कुल अफ एड्भान्स्ड इन्टरनेसनल स्टडिज'मा दक्षिण एसियाली अध्ययनका प्राध्यापक हुन् ।

भारतका विश्वविद्यालयमा सीमित सिटसंख्याका कारण लाखौं भारतीय विदेशी विश्वविद्यालयमा भर्ना हुन थालेका छन् । गत वर्ष (सन् २०२५ मा) विदेश पढ्न जाने भारतीय विद्यार्थीको संख्या १२.५ लाखसम्म पुगेको थियो । तथापि, देशका निम्न मध्यम वर्गका युवाका लागि भने विदेशी संस्थाको पहुँच अझै कठिन नै रहेको छ । उनीहरूका लागि जीवनस्तर सुधार गर्ने थोरै मात्र विकल्प उपलब्ध छन् । विश्वविद्यालय प्रवेश परीक्षा त्यस्तै भरेडतर्फको पहिलो खुड्किलो हो । परीक्षाहरू जतिसुकै तनावपूर्ण भए पनि विगतमा तिनको सञ्चालन स्वच्छ हुने गरेको थियो ।

परीक्षाको बढ्दो संख्या र तिनमा सहभागी हुने विद्यार्थीको थप ठुलो संख्यालाई मध्यनजर गर्दै केन्द्र सरकारले सन् २०१७ एक केन्द्रीकृत निकाय 'नेसनल टेस्टिङ एजेन्सी (एनटिए)' गठन गऱ्यो । संस्था त बन्यो, तर त्यसमा एउटा समस्या थियो, एनटिएमा कहिल्यै पनि आवश्यक जनशक्ति भर्ना गरिएन । प्रत्येक वर्ष सयौं सहरमा हजारौं परीक्षा केन्द्रमा एक दर्जनभन्दा बढी भाषामा प्रवेश परीक्षा लिइन्छ । एक करोडभन्दा बढी विद्यार्थी सहभागी हुने यति ठुलो परीक्षा सञ्चालन गर्ने निकाय एनटिएमा कति कर्मचारी छन् थाहा छ ? जम्मा ३९ जना मात्र । तीमध्ये पनि केवल २४ जना स्थायी हुन् । एजेन्सीले बाँकी जति पनि थप जनशक्ति आवश्यक पर्छ, त्यो बाह्य संस्थाबाट 'आउटसोर्सिङ'मार्फत पूरा गर्न सकिने विश्वास गरेको थियो । तर, यही बाह्य संस्थामाथिको निर्भरता बढ्दै जाँदा समस्या बढ्दै गयो ।

परीक्षाअघि नै प्रश्नपत्र बाहिरिने, अन्तिम समयमा परीक्षा स्थगित हुने, प्रश्नहरूमा उलेख्य गल्ती हुने र परीक्षाको नतिजा घोषणामा ढिलाइ हुनेजस्ता समस्या बारम्बार दोहोरिन थालेको छ । विद्यार्थी विरोध प्रदर्शनलाई प्रेरित गर्ने प्रश्नपत्र चुहावटका घटनापछि लाखौं परीक्षार्थीले दोहोऱ्याएर पुनः कठोर मेडिकल प्रवेश परीक्षा दिन बाध्य भएका थिए । अझ विद्यार्थीलाई पीडामाथि पीडा दिने गरी फरक परीक्षामा ग्रेडिङ नै फरक-फरक आयो ।

उच्च युवा बेरोजगारी र सर्वोच्च अदालतका न्यायाधीशबाट अनावश्यक अपमानको (बेरोजगारलाई 'कक्रोच'सँग तुलना) पृष्ठभूमिमा विद्यार्थी आक्रोशित भए । उनीहरू शिक्षामन्त्रीको राजीनामा र व्यापक शिक्षा सुधारको माग गर्दै सडकमा ओर्लिए । सरकार सुरुमा दमनमा उत्रियो । दमनले आन्दोलन नदबिएपछि मात्र सरकार विद्यार्थीका मागअघि झुक्न बाध्य भयो । यसलाई मोदीको शासनको लागि धक्काका रूपमा हेरिएको छ । समस्या एनटिएमा मात्र सीमित छैन । खासमा भारतको तुलनात्मक रूपमा कमजोर राज्य क्षमताले देशको आर्थिक विकासमा लामो समयदेखि बाधा पुऱ्याइरहेको छ । देशको राज्य क्षमता पूर्वी एसियाली देशको तुलनामा धेरै कमजोर छ ।

> राज्य संयन्त्रको लापरबाहीका कारण परीक्षाअघि नै प्रश्नपत्र बाहिरिने, अन्तिम समयमा परीक्षा स्थगित हुने, प्रश्नहरूमा उलेख्य गल्ती हुने र परीक्षाको नतिजा घोषणामा ढिलाइ हुनेजस्ता समस्या बारम्बार दोहोरिन थालेको छ ।

मोदीले सन् २०१४ मा सत्तामा आएदेखि नै यस समस्यालाई सम्बोधन गर्ने वाचा पटक-पटक दोहोऱ्याए । तर, शक्ति केन्द्रीकृत गर्ने र कार्यकारी नियन्त्रणलाई बलियो बनाउने मोदीको कदमले देशको 'हार्डवेयर'(पूर्वाधार)मा त सुधार आएको छ । तर, यही अवधिमा दीर्घकालीन विकासका लागि महत्त्वपूर्ण हुने 'सफ्टवेयर'(नीति र संस्थाहरू) भने बिग्रँदै गएका छन् । प्रतिभाशाली जनशक्तिलाई आकर्षित गरेर राज्यको नोकरशाही संयन्त्रलाई सुधार गर्ने काममा कुनै ढिलाइ गर्नु हुँदैनथ्यो । तर, क्षमताभन्दा बफादारीलाई प्राथमिकता दिएर मोदीको सरकारले अनजानमै शीर्ष कर्मचारीलाई जोखिम नलिने र कमजोर कार्यसम्पादन गर्न बढावा दियो ।

केन्द्र सरकारले अकस्मात देशका युवाको निराशा सामना गर्नुपछाडि केवल विवेकको मात्र असफलता थिएन, यो त सूचनाको गैरपक्षपाती स्रोत बन्द गर्नुको अपरिहार्य परिणाम थियो । राज्यका प्रमुख पदाधिकारीको वृद्ध उमेरले परिस्थितिलाई थप खराब बनाउन भूमिका खेल्यो । किनकि, यस्तो उमेरका पदाधिकारीले द्रुत गतिमा परिवर्तनशील संसारको गतिशीलतामा अनुकूल हुनु त परको कुरा तिनलाई बुझ्नसमेत नसकेको देखियो ।

भारतले पछिल्लो समय अपनाएका सीमित नीतिगत परिवर्तन प्रायः बाह्य दबाबको प्रतिक्रियामा आएका छन्, चाहे त्यो डोनाल्ड ट्रम्पको भारी भन्सार दरले होस् या चीनबाट बढ्दो खतराले ।


मोदी नेतृत्वको सरकारले मुख्य ध्यान साँघुरो वैचारिक लक्ष्य हासिल गर्नेमा केन्द्रित हुने गर्छ । सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) र यसको वैचारिक अभिभावक 'राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)'का लागि शिक्षा मन्त्रालयको महत्त्व हिन्दुत्व (हिन्दु-राष्ट्रवाद) विचारधाराको प्रचार गर्नुमा सीमित छ । विभिन्न शैक्षिक संस्थानका उपकुलपतिदेखि संकायसम्मका शैक्षिक नियुक्तिसम्ममा आरएसएसको आशीर्वाद हुनुपर्छ भन्ने आमविश्वास बनेको छ ।

उता आफ्नो १२ वर्षे शासनकालमा मोदी सरकारले राज्यका क्षमतालाई सुदृढ पार्न सक्ने राज्य सरकारदेखि नागरिक समाजसम्मलाई कमजोर बनायो । मुख्यतया भाजपा सरकारमा आफूले नियन्त्रण गर्न नसकिने हरेक कुराप्रति गहिरो अविश्वास र असहिष्णुता देखिन्छ । भारतले सहयोगात्मक संघीयताविना धेरै कठिन चुनौतीको सामना गर्न सक्दैन । चाहे त्यो शिक्षा होस् वा ऊर्जा वा वातावरण नै किन नहोस् । तर, मोदीको नेतृत्वमा देशका राज्यका अधिकार घटेको छ । फलस्वरूप, भारतको राजनीतिक अभिजात वर्गलाई समेत प्रत्यक्ष रूपमा असर गर्ने मुद्दासमेत समाधान हुन छाडेको छ । यसको एक ज्वलन्त उदाहरण दिल्लीको गम्भीर वायु प्रदूषण हो, जुन वर्षौंदेखि ज्युँकात्युँ छ । सरकार आफ्ना काममाथि प्रश्न गर्ने गैरसरकारी संस्था र थिंक ट्यांक आबद्ध मानिसलाई खोजी-खोजी थुन्छ । यस कदमले राज्यका शिक्षा प्रणालीलाई सुधार गर्ने र भारतीय स्कुलको नतिजालाई सम्बोधन गर्ने प्रयासमा अवरोध पुगेको छ । परिणामस्वरूप आमविद्यार्थीको भविष्य र त्यसका कारण भारतको विकास र समृद्धि नै खतरामा छ । यसबाहेक विदेशी कोषलाई नियन्त्रण गर्न सरकारले ल्याएको कठोर कानुनका कारण भारतको सम्पन्न 'डायस्पोरा'ले गर्न खोजेको परोपकारी प्रयासलाई कमजोर बनाएको छ ।

मोदी सरकार कतिपय अवस्थामा आफ्नै प्राथमिकता कार्यान्वयन गर्ने एजेन्सीसमेत बलियो बनाउन असफल देखिन्छ । सन् २०२० मा सरकारले विश्वस्तरको उच्च-गुणस्तरको शिक्षा प्रदान गर्न शिक्षा प्रणालीलाई रूपान्तरण गर्ने उद्देश्यले एक अग्रगामी राष्ट्रिय शिक्षा नीति ल्यायो । तर, ६ वर्षपछि सो नीति कार्यान्वयन गर्ने देशका दुई प्रमुख उच्च शिक्षा नियामकमा लगभग दुईतिहाइ पद कर्मचारीविहीन छन् । यसरी सरकारले लिएको लक्ष्य कसरी हासिल हुन सक्छ ?

मनमोहन सिंह नेतृत्वको कंग्रेस सरकारको भ्रष्टाचार र अक्षमताप्रति आमनिराशाले मोदीलाई सत्तामा पुऱ्याएको थियो । तर, १२ वर्षपछि मोदीको सरकारले गरेका काम हेर्दा पुरानै विकृतिको पुनरावृत्ति देखिन्छ । वर्षको सुरुमा पश्चिम बंगालको चुनावमा अभूतपूर्व जितपछि भाजपाले आफूलाई कसैले हराउन सक्दैन भन्ने आत्मविश्वास महसुस गरेजस्तो देखियो । तथापि, अहिले भारतका युवाले भाजपालाई एउटा गम्भीर चेतावनीपूर्ण सन्देश दिएका छन्, पेन्डुलम आफ्नो चरम सीमामा पुगेपछि फेरि फर्कन्छ ।

प्रोजेक्ट सिन्डिकेटबाट



इतिहासमा आज

अगस्ट ५

सन् २०१९ : भारत सरकारले संविधानको धारा ३७० खारेज गर्दै कस्मिर राज्यको विशेषाधिकार खोस्यो । योसँगै सरकारले राज्यको हैसियतसमेत खोस्दै सो क्षेत्रलाई 'जम्मु-कस्मिर' र 'लद्दाख' दुई युनियन टेरिटोरी घोषित गऱ्यो ।

● **सन् १५८३** : हम्फ्रे गिलबर्टले 'न्युफाउन्डल्यान्ड' कब्जा गरेर अंग्रेज राजाको भएको घोषणा गरे । योसँगै उत्तर अमेरिकाको पहिलो ब्रिटिस उपनिवेश कायम भयो ।

● **सन् १७७२** : पोल्यान्डको पहिलो विखण्डनमा अस्ट्रिया, प्रुसिया र रुसले यसको झन्डै एकतिहाइ भूमि आफूमा बाँडेर लिए ।

● **सन् १८५८** : अमेरिका र बेलायतबिच सम्पर्क स्थापित गर्ने गरी आन्द्र महासागरको पिँधमा टेलिग्राफ केबल बिछ्याइयो । एघार दिनपछि यसै केबलमार्फत ब्रिटिस महारानी भिक्टोरिया र अमेरिकी राष्ट्रपति जेम्स बुकननले एक-अर्कालाई बधाई दिए ।

● **सन् १८६१** : गृहयुद्धबिच राजस्व बढाउन राष्ट्रपति अब्राहम लिंकनले पहिलो अमेरिकी आयकर कानुन पारित गर्दै ८०० डलरमाथिका आयमा तीन प्रतिशत कर लगाए ।

● **सन् १९२१** : इस्तानबुलका सुल्तानले देशलाई टुक्र्याउने गरी मित्रशक्तिसँग सम्झौता गरेपछि प्रतिद्वन्द्वी संसद् (ग्रान्ड नेसनल एसेम्ली) अंकारामा बस्यो । संसद्ले मुस्तफा केमललाई आफ्नो सैन्य तथा कार्यकारी प्रमुख तोक्यो । केमलको नेतृत्वमा टर्कीले मित्रशक्तिविरुद्ध जित हासिल गरेसँगै इस्तानबुलको सुल्तान अपदस्थ भए र देश गणतन्त्र बन्यो ।

● **सन् १९६०** : बुर्किना फासो (तत्कालीन अपर भोल्टा)ले फ्रान्सको उपनिवेशबाट स्वतन्त्रता प्राप्त गऱ्यो । २४ वर्षपछि देशको नाम बुर्किना फासोमा बदलिएको थियो ।

● **सन् १९६२** : दक्षिण अफ्रिकी रंगभेदविरोधी अभियन्ता नेल्सन मन्डेलालाई जोहानेसबर्गको उपनगर रिभोनियामा सरकारले गिरफ्तार गऱ्यो । एक वर्ष लामो सुनुवाइपछि मन्डेलालाई कुख्यात रोबेन टापु जेलमा कैद गरियो, जहाँ उनले अर्को १८ वर्ष बिताए ।

● **सन् १९६३** : अमेरिका, सोभियत संघ र बेलायतले 'आंशिक आणविक परीक्षण प्रतिबन्ध सन्धि'मा हस्ताक्षर गरे । सन्धिले भूमिगत रूपमा बाहेक जमिन, पानीमुनि वा अन्तरिक्षमा आणविक हतियारको परीक्षण गर्न प्रतिबन्ध लगायो ।

● **सन् २०२४** : विद्यार्थी आन्दोलन चर्किदै गएपछि सेनाले साथ छाडेसँगै बंगलादेशकी प्रधानमन्त्री सेख हसिनाले राजीनामा दिइन् र छिमेकी भारतको शरणमा लागिन् ।

कंगोमा जारी महामारी बन्यो हालसम्मकै दोस्रो ठुलो इबोला प्रकोप

किन्सासा/ प्रजातान्त्रिक गणतन्त्र कंगोमा तीव्र गतिमा फैलिरहेको इबोला प्रकोपबाट मृत्यु हुनेको संख्या एक हजार ७०० भन्दा माथि पुगेको छ ।

यसबिच विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले प्रयोगात्मक उपचार, रोकथाम औषधि र खोपको परीक्षण



अभूतपूर्व गतिमा अगाडि बढिरहेको बताएको छ ।

पछिल्लो सरकारी तथ्यांकअनुसार भाइरसको दुर्लभ 'बुन्डिबुग्यो स्ट्रेन'को कारणले सिर्जित पछिल्लो प्रकोप घोषणा भएको मे १५ देखि यता तीन हजार ८०२ केस पहिचान भएको र तीमध्ये एक हजार ७०७ जनाको मृत्यु भएको छ । डब्लुएचओको तथ्यांकले १७ हजारभन्दा बढी सम्भावित बिरामीको सम्पर्कमा आएको मानिसमाथि निगरानी भइरहेको जनाएको छ । यसमध्ये लगभग ८० प्रतिशत प्रत्येक दिन फलोअप गरिएको पनि तथ्यांकले देखाउँछ ।

पछिल्लो इबोला प्रकोप रेकर्ड राख्न थालिएयताको दोस्रो ठुलो प्रकोप बनिसकेको छ । इबोला भाइरसका अन्य प्रजातिको तुलनामा बुन्डिबुग्यो भेरियन्टविरुद्ध कुनै स्वीकृत खोप वा उपचार उपलब्ध नहुनुले पनि संकट गहिरो बनाएको छ । यो प्रकोप मुख्यतः कंगोको पूर्वी प्रान्त इटुरीमा केन्द्रित छ, जहाँ देशमा पहिचान भएका केसको लगभग ९० प्रतिशत बिरामी भेटिएको हो । यद्यपि, प्रमुख सहर किसानगानीसहित अन्य पाँच प्रान्तमा पनि संक्रमण पुष्टि भएको छ ।

पछिल्लो प्रकोप अघिल्ला इबोला प्रकोपको तुलनामा बढी छिटो फैलिइरहेको छ । यसअघि सन् २०१४-२०१६ मा पश्चिम अफ्रिकामा फैलिएको प्रकोपको समयमा झन्डै २८ हजार मानिसलाई संक्रमित भएको थिए भने ११ हजारभन्दा बढीको ज्यान लियो । त्यस समय मृतकको संख्या एक हजार पुग लगभग आठ महिना लागेको थियो । उता छिमेकी युगान्डाले भने जुनको मध्यमा आफ्नो अन्तिम बिरामीलाई अस्पतालबाट डिस्चार्ज गरेपछि आफूलाई इबोलामुक्त घोषणा गऱ्यो ।

शिक्षाको गुणस्तरमा एआईको प्रयोग

जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स (जेनएआई)ले मानिसको दैनिक जीवनमा आफूलाई द्रुत गतिमा घुलमिल गरिसकेको छ । जेनेरेटिभ एआई एक प्रकारको कृत्रिम बुद्धिमत्ता हो, जसले ठुलो मात्रामा तथ्यांकबाट सिक्छ र त्यसपछि पाठ, तस्बिर, कोड वा संगीतजस्ता नयाँ सामग्री सिर्जना गर्छ । विश्वभरका विद्यालयमा विद्यार्थीले अब गृहकार्यमा मद्दतका लागि च्याटबटसँग परामर्श लिन्छन् भने शिक्षकले पाठ योजना मस्यौदा गर्न एपहरू प्रयोग गर्छन् । यो क्रान्ति आश्चर्यजनक गतिमा भएको छ । च्याटजिपिटी २०२२ को अन्त्यमा मात्र सुरु भएको थियो । प्रविधिको सम्भावनाले यसको द्रुत विस्तारलाई बढावा दिएको छ ।

जेनएआईले स्कुलको ढोकामा विनम्रतापूर्वक ढकढक्याएन, यो वाइफाईमार्फत भित्र प्रवेश गऱ्यो । यो शिक्षा प्रविधिको पहिलेको लहरभन्दा फरक छ । जेनएआईको धेरैजसो भागमा इन्टरनेट जडान छ । यो जोकोहीका लागि स्वतन्त्र रूपमा पहुँचयोग्य छ । यसका लागि कुनै पूर्वप्रशिक्षण वा कोडिङ सिप आवश्यक पर्दैन । प्रविधिले निबन्ध मस्यौदा गर्नेदेखि सिकाइ अनुभव सिर्जना गर्नेसम्म सबै काम केही सेकेन्डमै गर्न सक्छ ।

तर, जेनएआई कुनै जादुको छडी होइन । यो एक गतिवर्द्धक हो, जसले राम्रो शिक्षणलाई जति सजिलै बढाउँछ, त्यति नै खराब अभ्यासलाई पनि बढाउँछ । जेनएआईले साँच्चै समान खेलमैदान सिर्जना गर्न मद्दत गर्न सक्छ, जसले गर्दा सबैजना सफल हुन्छन् । तर, यसले खाडललाई पनि फराकिलो बनाउन सक्छ, सही स्रोत भएकालाई शक्ति दिन्छ र अरूलाई पछाडि छोड्छ । उदाहरणका लागि, जेनएआईले शिक्षकलाई नवीन सिकाइ अनुभवको रचनात्मक डिजाइनर बन्न सशक्त बनाउन सक्छ, तर यसले तिनीहरूलाई स्क्रिप्टेड पाठ योजना वा एल्गोरिदमको दास बनाउन सक्छ ।

जेनएआईले राम्रो डेटामार्फत मानव पूर्वाग्रह कम गर्न मद्दत गर्न सक्छ, तर यसले पूर्वाग्रहलाई बढाउन र स्थापित गर्न पनि सक्छ । यसले भौगोलिक, भाषिक वा सांस्कृतिक सीमा पार गर्ने मानिसलाई जोड्न सक्छ, तर यसले तिनीहरूलाई इको-चेम्बरमा पनि वर्गीकृत गर्न सक्छ, जसले तिनीहरूको आफ्नै विचारलाई बढावा दिन्छ र तिनीहरूलाई भिन्न सोचबाट अलग गर्छ । जेनएआई नैतिक रूपमा तटस्थ छ, तर यसलाई प्रयोग गर्ने मानिस त्यस्ता छैनन् ।

आर्थिक सहयोग र विकास संगठनको डिजिटल शिक्षा दृष्टिकोण ०२६ ले जेनएआईसँग सम्बन्धित प्रतिज्ञा र समस्या दुवैलाई जोड दिन्छ । स्पष्ट शिक्षण लक्ष्यद्वारा निर्देशित वा शिक्षाका लागि विशेष रूपमा डिजाइन गरिएको खण्डमा जेनएआई उपकरणले सिकाइलाई समर्थन गर्न सक्छ । यद्यपि, जेनएआईले सिकाइका लागि आवश्यक उत्पादक संघर्षलाई हटाउँछ । विद्यार्थीले कार्य छिटो पूरा गर्न सक्छन् र तत्काल राम्रो परिणाम प्राप्त गर्न सक्छन्, तर तिनीहरूको बुझाइ गहिरो नहुन सक्छ । यसले संज्ञानात्मक सहनशक्ति, गहिरो पठन, निरन्तर ध्यान र दृढतालाई घटाउन सक्छ ।

सिकाइका लागि गैरशिक्षा-विशिष्ट जेनएआई उपकरण प्रयोग गर्दा पनि सीमितता छन् । अध्ययनले देखाउँछन्



> एआईले प्रभुत्व जमाएको संसारमा शिक्षाले कस्तो प्रकारको ज्ञान, सिप, दृष्टिकोण र मूल्य-मान्यतालाई बढावा दिनुपर्छ भन्नेबारेमा ध्यान दिन आवश्यक छ

कि विद्यार्थीले सामान्य उद्देश्यको जेनएआई उपकरणको साथ अध्ययन गर्दा उनीहरूको प्रतिक्रियाको गुणस्तरमा सुधार गरे, तर परीक्षामा उनीहरूको प्रदर्शनमा सुधार भएन । केही अवस्थामा यो अझ खराब भयो । यसविपरीत विशेषगरी सिक्नका लागि बनाइएका जेनएआई उपकरण बढी आशाजनक छन् । यी स्पष्ट शैक्षिक उद्देश्यका साथ डिजाइन गरिएका छन् । मानिसहरूले ज्ञान र सिप कसरी प्राप्त गर्छन् भन्ने कुरा विज्ञानमा आधारित छ । यी उपकरणलाई रचनात्मक वा सहयोगी सिकाइ साझेदारका रूपमा वा भर्चुअल अनुसन्धान सहायकका रूपमा प्रयोग गर्दा राम्रो सिकाइ परिणाम आउन सक्छ ।

जेनएआईद्वारा सहयोग गरिएका कम अनुभवी ट्यूटरले राम्रो ट्युटोरिङ रणनीति प्रयोग गरे र उनीहरूका विद्यार्थीको गणितमा निपूणता उल्लेखनीय रूपमा सुधार भयो । अन्तर्क्रियात्मक च्याटमा आधारित शिक्षक प्रशिक्षण उपकरण (जसले नयाँ शिक्षकलाई नक्कली विद्यार्थीसँग शिक्षण अभ्यास गर्न अनुमति दिन्छ) ले राम्रो शिक्षक तयारी र आत्मविश्वासको नेतृत्व गऱ्यो । जेनएआईलाई सिकाइ समृद्ध बनाउन र सिकाइको गुणस्तर सुधार गर्न प्रयोग गर्दा राम्रो हुन्छ, संज्ञानात्मक प्रयासलाई प्रतिस्थापन गर्न वा शिक्षकको व्यावसायिक निर्णयलाई कम गर्न होइन । त्यसकारण शिक्षा प्रणालीले शिक्षक र विद्यार्थीसँग स्पष्ट रूपमा डिजाइन र सह-सिर्जना गरिएका, कडाइका साथ परीक्षण गरिएका र स्पष्ट शैक्षिक लक्ष्यसँग मिल्दाजुल्दो उपकरणलाई प्राथमिकता दिनुपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा एआईले प्रभुत्व जमाएको संसारमा शिक्षाले कस्तो प्रकारको ज्ञान, सिप, दृष्टिकोण र मूल्य-मान्यतालाई बढावा दिनुपर्छ भन्ने कुरामा हामीले बढी ध्यान दिनु आवश्यक छ । एआईलाई मानव क्षमता बढाउने शक्तिका रूपमा हेर्नुपर्छ । यदि मेसिनले हाम्रो क्षमताको नक्कल गर्छन् र हाम्रा कार्य लिन्छन् भने हाम्रा लागि के बाँकी रहन्छ ? हामी ठूलो तस्बिर हेर्न सक्छौं, सूक्ष्म निर्णय गर्न सक्छौं, डिजाइन गर्न सक्छौं, विचार सञ्चार गर्न सक्छौं र तिनीहरूलाई जीवन्त बनाउन सक्छौं ।

जेनएआईलाई कम गर्नुहुँदैन, बरु यसमा हाम्रो ध्यान केन्द्रित गर्नुपर्छ । यदि नियमित सिप मेसिनद्वारा बढ्दो रूपमा ह्यान्डल गरिन्छ भने शिक्षा प्रणालीले मानव क्षमतालाई बढी महत्त्व दिनुपर्छ । हामीले मानव र कृत्रिम बुद्धिमत्ताबिचको भिन्नतालाई राम्रोसँग स्पष्ट पार्नु आवश्यक छ । चेतना र जीव विज्ञानद्वारा निर्देशित लामो अनुकूलन प्रक्रियामा विकसित बुद्धिमत्ता र यान्त्रिक प्रक्रियामार्फत विकसित हुने बुद्धिमत्ताबिचको भिन्नतालाई स्पष्ट पार्नु आवश्यक छ ।

औद्योगिक युगको शिक्षालाले दोस्रो दर्जाका रोबोटलाई कसरी शिक्षित गर्ने भनेर पत्ता लगायो । जेनएआईको युगमा हामीले मानव हुनुको अर्थ के हो र हामीले हाम्रा कम्प्युटरमा सिर्जना गरेको एआईलाई कसरी मार्गदर्शन गर्न सक्छौं भनेर पत्ता लगाउन आवश्यक छ । सायद सबैभन्दा ठुलो जोखिम भनेको जेनएआई मानव बन्दै छ भन्ने होइन, बरु यसले हामीलाई बच्चा बनाउँछ र हामीलाई आवश्यक मानवीय क्षमता त्याग्न बाध्य पार्छ, सुविधाका लागि मानव स्वायत्तताको व्यापार गर्छ । त्यसकारण, भोलिको शिक्षा प्रणालीले विद्यार्थीलाई आफैं सोच्न, सही र गलतको बलियो भावना विकास गर्न मद्दत गर्छ । हामीले आफ्नै विवेकका बारेमा सोच्ने, अनिश्चितताका नैतिक निर्णय गर्ने र साँच्चै नयाँ कुरा सिर्जना गर्ने क्षमताको कदर गर्नुपर्छ ।

यी केवल अमूर्त अवधारणा मात्र होइनन् । शिक्षाको मुख्य उद्देश्य यिनै हुन् र यी तीं स्तम्भसँग सम्बन्धित छन्, जसमा हामी हाम्रो समाज निर्माण गर्छौं । यदि शिक्षालाले यस्ता मानवीय क्षमतालाई दृढतापूर्वक सुरक्षित गर्दैन भने जेनएआईले हाम्रा समाजको जग भत्काइदिन सक्छ ।

(चाइना डेलीका लागि एन्ड्रियास स्लाइचरको आलेख)

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २० साउन ०८३

बिमा प्राधिकरण एक वर्षदेखि नेतृत्वविहीन

अध्यक्ष नियुक्तिका लागि आवेदन संकलन गरेको दुई महिना बित्यो, बाँकी प्रक्रिया भने ठप्प

अर्थ मन्त्रालयका प्रवक्ता **अमृत लम्साल** भन्छन्-



अहिले आवेदन दिएका उम्मेदवारहरूको मूल्यांकनको काम भइरहेको छ। आवेदन दिने उम्मेदवारको संख्या धेरै नै भएकाले पनि मूल्यांकनको प्रक्रिया लम्बिएको हुन सक्छ। सिफारिस समितिले यसमा काम गरिरहेको छ। यस विषयमा धेरै जानकारी मलाई पनि छैन।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

खुला आह्वानमार्फत इच्छुक उम्मेदवारको आवेदन संकलन गरेको दुई महिना बितिसक्दा पनि सरकाले नेपाल बिमा प्राधिकरणको अध्यक्ष नियुक्तिमा विलम्ब गरेको छ। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टको संयोजकत्वमा गठित सिफारिस समितिले १३ जेठ देखि १९ गतेसम्मको अवधि राखेर प्रस्ताव आह्वान गरेको थियो।

स्रोतका अनुसार त्यसमा ५१ जनाको आवेदन परेको छ। तर, दुई महिना बितिसक्दा अन्तर्वार्ता तथा व्यावसायिक प्रस्तुतिका लागि उम्मेदवारको नाम छनोट (सर्टलिस्ट) गरिएको छैन। हालसम्म आवेदन दिनेहरूको नामसमेत गोप्य राखिएको छ। प्राधिकरणको अध्यक्ष पद करिब एक वर्षदेखि रिक्त छ। तर, सरकारले त्यसको पदपूर्तिमा तदारुक्ता देखाएको छैन।

अर्थ मन्त्रालयका प्रवक्ता अमृत लम्सालले हाल आवेदन दिएका उम्मेदवारहरूको मूल्यांकनको काम भइरहेको जानकारी दिए। 'यसमा आवेदन दिने उम्मेदवारको संख्या धेरै नै भएकाले पनि मूल्यांकनको प्रक्रिया लम्बिएको हुन सक्छ। सिफारिस समितिले यसमा काम गरिरहेको छ,' उनले भने, 'यस विषयमा धेरै जानकारी मलाई पनि छैन।' सिफारिस समितिको एक स्रोतका अनुसार यसै साता बैठक बस्ने तयारी भने भइरहेको छ।

८ वैशाखको मन्त्रिपरिषद्ले बिमा प्राधिकरण अध्यक्ष नियुक्तिका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. भट्टको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो। सोही दिन नेपाल धितोपत्र बोर्डको अध्यक्षका लागि समेत भट्टकै संयोजकत्वमा समिति बनेको थियो। त्यसमा थप प्रक्रिया पूरा गरेर गत ५ असारमा नै मन्त्रिपरिषद्ले डा. गोपालप्रसाद भट्टलाई बोर्डको अध्यक्ष नियुक्ति गरिसकेको छ। उनले १५ असारमा पदभार पनि गरेका थिए। तर, प्राधिकरणका लागि भने अझै अध्यक्ष नियुक्ति हुन सकेको छैन।

बिमा प्राधिकरणका अध्यक्षका लागि सिफारिस समितिले गत १३ देखि १९ जेठसम्मको अवधि राखेर प्रस्ताव आह्वान गरेको थियो। त्यसमा ५१ जनाले आवेदन दिएका छन्। अब तोकिएको मापदण्डका आधारमा पाँचजनालाई अन्तर्वार्ता तथा व्यावसायिक प्रस्तुतीकरणका लागि छनोट गर्नुपर्छ। उनीहरूले दिने अन्तर्वार्ता तथा प्रस्तुतिका आधारमा उत्कृष्ट तीनजनालाई नियुक्तिका लागि मन्त्रिपरिषद्मा सिफारिस गर्नुपर्छ। त्यसबाट एकजनालाई मन्त्रिपरिषद्ले अध्यक्ष नियुक्ति गर्ने व्यवस्था छ। तर, सिफारिस समितिले आवेदन दिने उम्मेदवारको नाममेत सार्वजनिक गरेको छैन।



काम चलाउ अध्यक्षमा निर्भर प्राधिकरण

प्राधिकरणको अध्यक्ष पद एक वर्षदेखि रिक्त अवस्थामा छ। १२ फागुन ०८१ मा प्राधिकरणको अध्यक्षमा नियुक्त भएका शरद ओझा २ भदौ ०८२ मा बर्खास्तमा परेका थिए। त्यसपछि सरकारले नयाँ अध्यक्ष नियुक्तिका लागि १५-२१ भदौको म्याद राखेर गरेको प्रस्तावमा १४ जनाले आवेदन दिएका थिए। उता ओझाले भने २२ भदौमा आफ्नो बर्खास्तीविरुद्ध रिट दिए। त्यसमा २३ फागुनमा सर्वोच्च अदालतका न्यायाधीश सारंगा सुवेदीको इजलासले अल्पकालीन अन्तरिम आदेश दिएको थियो। त्यसपछि नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया पनि यथास्थितिमा रह्यो। जेन-जी आन्दोलनको प्रभावले अदालत बन्द भएपछि ओझाले लिखित आदेश पाउन सकेनन्। पछि लिखित आदेश आए पनि उनलाई अर्थ मन्त्रालयले प्राधिकरणमा हाजिर गर्न दिएन। उनले तत्कालीन अर्थमन्त्री रामेश्वर खनाललाई अदालतको अवहेलनासम्बन्धी मुद्दासमेत हालेका थिए। तर, १८ माघमा सर्वोच्चका न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश दियो। योसँगै नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया अघि बढाउन बाटो खुला भयो। तर, गत २१ फागुनको निर्वाचन आचारसंहिता लागू भइसकेका कारण त्यो तत्काल सम्भव भएन। नयाँ सरकार गठन भएको करिब एक महिनामा अर्थात् ८ वैशाखमा सिफारिस समिति बनाएर प्राधिकरणको अध्यक्ष नियुक्ति गर्न प्रक्रिया अघि बढाइएको थियो। समितिले पुरानो प्रक्रिया रद्द गरेर नयाँ प्रक्रिया अघि बढाए पनि पूर्णता पाउन सकेको छैन।

हाललाई अस्थायी रूपमा प्राधिकरण अध्यक्षको जिम्मेवारी सचिव चन्द्रकला पौडेललाई दिइएको छ। स्थायी अध्यक्ष नियुक्ति गर्न नसक्दा प्राधिकरणको नियमित काम-कारबाही प्रभावित हुनुका साथै ठुला नीतिगत निर्णय हुन नसकेको प्राधिकरणका एक कर्मचारीले बताए।

गलत उजुरीका आधारमा उद्योगीको घरमा छापा मारिएकोप्रति प्रहरीले माग्यो माफी



विराटनगरमा **गणेश लम्साल**

गलत उजुरीका आधारमा प्रतिष्ठित औद्योगिक घराना देवेनारा ग्रुपका सञ्चालक प्रकाश मुन्दडाको घरमा दलबलसहित छापा मारेको विषयमा कोशी प्रदेश प्रहरी प्रमुख डिआइजी शेखर खनालले माफी मागेका छन्। डिआइजी खनालले मंगलबार विराटनगर रानीस्थित कार्यालयमा उद्योगी-व्यवसायीलाई बोलाएर सडकमै प्रहरी फौज तैनाथ गरेर मोरङ प्रहरीले गल्ती गरेको भन्दै आफ्नोतर्फबाट क्षमा मागेका थिए। उनले भने, 'मैले सादा पोसाकमा थोरै जानु भनेको थिएँ, तर त्यसरी धेरै फौज नै किन लानुपरेछ, यसबारे म स्पष्टीकरण माग्नेछु।'

> सोमबार औद्योगिक घराना देवेनारा ग्रुपका सञ्चालक प्रकाश मुन्दडाको घरमा मोरङ प्रहरीले पाँच घण्टा छापा मार्दा पनि केही फेला पार्न सकेको थिएन

छलफलमा उद्योगीहरूले आर्थिक संकटमा परेका निजी क्षेत्रलाई विश्वास र भरोसा दिनुपर्नेमा विनाआधार छापा मारेर त्रसित बनाएको गुनासो गरेका थिए। वर्षौं लगाएर कमाएको मानप्रतिष्ठा नै धूलिसात् हुने गरी छापा मारेर उद्योगीहरूलाई त्रसित बनाउने हो भने नेपालमा कसैले पनि लगानी गर्न नसक्ने अवस्था आउन सक्ने चेतावनी उद्योगीहरूले दिएका थिए। छलफलमा सहभागी उद्योग वाणिज्य महासंघ कोशीका अध्यक्ष राजेन्द्र राउतले भने, 'हामीले त नयाँ सरकारको बजेटलाई पनि राम्रो भनेर स्वागत गरेका थियौं। संकटमा परेका उद्योगीहरूलाई अब सरकारले केही राहत दिन्छ भन्ने विश्वास पनि लिएका थियौं। तर, विनाआधार उद्योगीहरूलाई त्रसित बनाएर सरकारले निजी क्षेत्रसँगको विश्वास गुमाउन खोजेको छ, यो राम्रो भएन।'

छलफलमा उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठी, उद्योग परिसंघ कोशीका अध्यक्ष पवन सारडा, उद्योग वाणिज्य महासंघ कोशीका अध्यक्ष राजेन्द्र राउतलगायतको सहभागी थियो।

मोरङका एसपी कवित कटुवाललाई चौबिसघण्टे स्पष्टीकरण

उद्योगी-व्यवसायीसँगको छलफलपछि कोशी प्रदेश प्रहरी कार्यालयले मोरङ प्रहरी प्रमुखलाई छापा मार्नुको कारण खुलाएर चौबिस घण्टाभित्र जानकारी दिन परिपत्र गरेको छ। कोशी प्रदेश प्रहरी प्रवक्ता एसएसपी योगेन्द्रसिह थापाले छापा किन र के कारणका लागि कसरी मारिएको थियो भनेर थप जानकारी लिन परिपत्र गरिएको जानकारी दिए। उनले भने, 'कारबाहीका लागि हैन, घटना किन र कसरी भयो भनेर थप बुझ्नका लागि जानकारी मागिएको हो, अन्यथा हैन।'

सोमबार नाम, ठेगाना र फोन नम्बरसहितको फेक उजुरीका आधारमा मोरङका एसपी कवित कटुवाल नेतृत्वको टोलीले विराटनगरका औद्योगिक घराना देवेनारा ग्रुपको निवासमा छापा मारेको थियो। विराटनगर महानगरपालिका- ७, गोल्छाचोकस्थित मुन्दडा निवासमा सोमबार मोरङ प्रहरीले पाँच घण्टा छापा मार्दा पनि केही फेला नपरेपछि सिंगो प्रहरीको चर्को अलोचना भएको छ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC FINANCE LIMITED

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२० गते

यस फाइनान्सको शाखा कार्यालय न्यूरोड, काठमाण्डौंबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरूबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखित तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखित पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरि लिनेछ। सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीहरूको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरूको अन्य चल अचल सम्पत्तिहरूबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरू, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरूलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरूबाट नै भराई लिईनेछ। तपाई ऋणीहरूबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेहरुको विवरण
नाम : राजेश बुयो बाबु : विश्वराम बुयो बाजे : हर्षलाल बुयो ना.प्र.नं. : १६६४८ मिति : २०६०/११/१५, जि.प्र.का., भक्तपुर। ठेगाना : भक्तपुर न.पा. वडा नं. ०८, भक्तपुर।	**क) नाम : विश्वराम बुय** बाबु : हर्ष लाल वुय बाजे : हर्ष नारीन्ना बुय ना.प्र.नं. : ३०० मिति : २०४५/०२/०४, जि.प्र.का., भक्तपुर। ठेगाना : भक्तपुर न.पा. वडा नं. ०८, भक्तपुर।
ख) नाम : लक्ष्मी माया बुय बाबु : कृष्ण लाल ख्वायमली पति : विश्वराम बुय ससुरा : हर्ष लाल वुय ना.प्र.नं. : ३०१ मिति : २०४५/०२/०४, जि.प्र.का., भक्तपुर ठेगाना : भक्तपुर न.पा. वडा नं. ०८, भक्तपुर।	**ग) नाम : कृतिका बासु (बुयो)** बाबु : भक्त बहादुर बासु पति : राजेश बुयो ससुरा : विश्वराम बुयो ना.प्र.नं. : २९-०१-०६७-०७००२ मिति : २०६७/०९/२२, जि.प्र.का., भक्तपुर। ठेगाना : भक्तपुर न.पा. वडा नं. ०८, भक्तपुर।
२. ऋणीको विवरण	
भक्तपुर नगरपालिका, १० नं वडा कार्यालय, भक्तपुरमा मिति २०७७/०९/१६ मा दर्ता. नं. ००-०६-५६६६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भक्तपुरबाट स्थायी लेखा नं. ६१४८७०३८१ को प्रमाणपत्र प्राप्त **नवदुर्गा कृषि पोल्ट्री फर्म तथा चल्ला कुखुरा अण्डा दाना सप्लायर्स।** **प्रोपाइटर : कृतिका बासु (बुयो)** ठेगाना : देकोचा वडा नं. १०, भक्तपुर नगरपालिका, भक्तपुर।	
व्यक्तिगत जमानी दिनेहरुको विवरण	
क) नाम : विश्वराम बुय बाबु : हर्ष लाल वुय बाजे : हर्ष नारीन्ना बुय ना.प्र.नं. : ३०० मिति : २०४५/०२/०४, जि.प्र.का., भक्तपुर। ठेगाना : भक्तपुर न.पा. वडा नं. ०८, भक्तपुर।	**ख) नाम : लक्ष्मी माया बुय** बाबु : कृष्ण लाल ख्वायमली पति : विश्वराम बुय ससुरा : हर्ष लाल वुय ना.प्र.नं. : ३०१ मिति : २०४५/०२/०४, जि.प्र.का., भक्तपुर ठेगाना : भक्तपुर न.पा. वडा नं. ०८, भक्तपुर।
ग) नाम : राजेश बुयो बाबु : विश्वराम बुयो बाजे : हर्षलाल बुयो ना.प्र.नं. : १६६४८ मिति : २०६०/११/१५, जि.प्र.का., भक्तपुर। ठेगाना : भक्तपुर न.पा. वडा नं. ०८, भक्तपुर।	**घ) नाम : कृतिका बासु (बुयो)** बाबु : भक्त बहादुर बासु पति : राजेश बुयो ससुरा : विश्वराम बुयो ना.प्र.नं. : २९-०१-०६७-०७००२ मिति : २०६७/०९/२२, जि.प्र.का., भक्तपुर। ठेगाना : भक्तपुर न.पा. वडा नं. ०८, भक्तपुर।

सि.नं. १ र २ को कर्जाहरुमा रहेको धितो सुरक्षणको विवरण
भूमि प्रशासन कार्यालय भक्तपुरमा लक्ष्मी माया वुयंको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं. ८ स्थित कित्ता नं. १६५६ को क्षेत्रफल ०-१३-१-० रोपनी को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरू, लिगलगापात समेत।
३. ऋणीको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/१२/२६ मा दर्ता. नं. २६१७०६/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट स्थायी लेखा नं. ६०९९९४२०७ को प्रमाणपत्र प्राप्त **निभा एग्रो प्रिजर्भेसन एण्ड कोल्ड स्टोरेज प्रा.लि.।** **संचालक : निषेश मिश्र** ठेगाना : कुपण्डोल वडा नं. ०१, ललितपुर महानगरपालिका, ललितपुर।
व्यक्तिगत जमानी दिनेहरुको विवरण
क) नाम : निषेश मिश्र बाबु : पियुष राज मिश्र बाजे : इन्द्र राज मिश्र ना.प्र.नं. : १५०३२ मिति : २०५९/११/०५, जि.प्र.का., ललितपुर। ठेगाना : ललितपुर वडा नं. ०१, ललितपुर।
ख) नाम : आस्मा ढकाल बाबु : भरत राज ढकाल पति : निषेश मिश्र ससुरा : पीयुषराज मिश्र ना.प्र.नं. : २७१०६०/२१५१ मिति : २०६५/०४/१२, जि.प्र.का., काठमाण्डौं। ठेगाना : कन्चनपुर वडा नं. ०१, सप्तरी हाल : ललितपुर वडा नं. ०१, ललितपुर।
ग) नाम : मीना मिश्र पति : पीयुषराज मिश्र ससुरा : इन्द्र राज मिश्र ना.प्र.नं. : २००४/०४०/४१ मिति : २०४०/१०/१३, जि.प्र.का., ललितपुर। ठेगाना : ललितपुर वडा नं. ०१, ललितपुर।
घ) नाम : पियूषराज मिश्र बाबु : इन्द्र राज मिश्र बाजे : बिश्व राज मिश्र ना.प्र.नं. : ९८१८६ मिति : २०५५/१०/२७, जि.प्र.का., ललितपुर। ठेगाना : ललितपुर वडा नं. ०१, ललितपुर।
धितो सुरक्षणको विवरण
भूमि प्रशासन कार्यालय लगनखेल, ललितपुरमा मीना मिश्रको एकलौटी नाममा हकभोग दर्ता कायम रहेको ललितपुर जिल्ला ललितपुर वडा नं. १ स्थित कित्ता नं. १३४८ को क्षेत्रफल ०-०-२-० रोपनी र कित्ता नं. १३५१ को क्षेत्रफल ०-५-०-१ रोपनी को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरू, लिगलगापात समेत।
४. ऋणीको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/११/२१ मा दर्ता. नं. १८५०८३/०७४/०७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, जनकपुर, धनुषाबाट स्थायी लेखा नं. ६०६७६४९०४ को प्रमाणपत्र प्राप्त **प्रतिभा इन्टरनेशनल एण्ड एक्सपोर्ट इम्पोर्ट प्रा.लि.।** **संचालक : सिकेन्दर साह** ठेगाना : जनकपुर उप-महानगरपालिका वडा नं. ७, भमरपुरा, धनुषा।
व्यक्तिगत जमानी दिनेहरुको विवरण
क) नाम : सिकेन्दर साह बाबु : चन्द्र साह सोनार बाजे : रुदल साह सोनार ना.प्र.नं. : १२७२६९३३ मिति : २०६२/११/१७, जि.प्र.का., महोत्तरी। ठेगाना : भंगहा वडा नं. ०६, महोत्तरी हाल : भंगहा वडा नं. ०५, महोत्तरी।
ख) नाम : जितेन्द्र कुमार साह बाबु : चन्द्र साह सोनार बाजे : रुदल साह सोनार ना.प्र.नं. : १२७२६९३१ मिति : २०६२/११/१७, जि.प्र.का., महोत्तरी। ठेगाना : भंगहा वडा नं.०६, महोत्तरी हाल : भंगहा वडा नं.०५, महोत्तरी।
ग) नाम : बिमल कुमारी साह पति : सिकेन्दर साह ससुरा : चन्द्र साह सोनार बाबु : विलट साह सोनार ना.प्र.नं. : १७१०८३/३०४ मिति : २०६८/१०/१२, जि.प्र.का., धनुषा। ठेगाना : भंगहा वडा नं.०५, महोत्तरी।
घ) नाम : अम्बिका कुमारी साह पति : जितेन्द्र कुमार साह ससुरा : चन्द्र साह सोनार बाबु : छठु साह ना.प्र.नं. : १८३०६१/११४ मिति : २०७०/०१/३१, जि.प्र.का., महोत्तरी। ठेगाना : भंगहा वडा नं.०६, महोत्तरी हाल : भंगहा वडा नं.०५, महोत्तरी।
धितो सुरक्षणको विवरण
भूमि प्रशासन कार्यालय बिराटनगर, मोरङमा जग्गाधनि प्रतिभा इन्टरनेशनल एण्ड एक्सपोर्ट इम्पोर्ट प्रा.लि.को नाममा एकलौटी हकभोग दर्ता कायम रहेको मोरङ जिल्ला झोराहाट वडा नं. ५ स्थित कित्ता नं. ४४२ को क्षेत्रफल ५७६४.२० ब.मि र कित्ता नं. ४८० क्षेत्रफल २६९४.८५ ब.मि को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरू, लिगलगापात समेत।

१४२५ थिरबम सडक, माटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np

अर्थमन्त्री र बैंकका सिइओबिच संवाद

'निजी क्षेत्रको आत्मविश्वास पुनर्स्थापित गर्ने साझा लक्ष्य'



काठमाडौं/ अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चालू आर्थिक वर्ष ०८३/८४ को बजेटमार्फत आर्थिक रूपान्तरणको स्पष्ट दिशा तय भइसकेकाले अबको मुख्य ध्यान कार्यान्वयनमा रहेको स्पष्ट पारेका छन्। मंगलबार नेपाल बैंकर्स संघका प्रतिनिधिहरूबिच अर्थतन्त्रलाई पुनः गति दिन र वित्तीय प्रणालीका समस्या समाधानका विषयमा भएको छलफलमा उनले यस्तो बताएका हुन्। वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरू सहभागी बैठकमा अर्थमन्त्री वाग्लेले निजी क्षेत्रको आत्मविश्वास पुनर्स्थापित गर्ने सबैको साझा लक्ष्य हुनुपर्नेमा जोड दिए। छलफलमा बजेट कार्यान्वयन र अर्थतन्त्रका समस्या समाधानका लागि बैंकरहरूको अनुभव र सुझाव सुन्न चाहेको बताउँदै लगानी बढाउने, उत्पादन विस्तार गर्ने, रोजगारी सिर्जना गर्ने सरकारको उद्देश्य रहेको बताए। उनले भने, 'उत्पादन, लगानी, बचत, वित्तीय विश्वास र आर्थिक गतिविधिको केन्द्रमा बैंकिङ प्रणाली नै रहेको उल्लेख गर्दै उनले वाणिज्य बैंकहरूलाई बचतकर्ता, उद्यमी, किसान, उद्योगी, लगानीकर्ता र नयाँ युवा व्यवसायीहरू भेटिने सबैभन्दा महत्त्वपूर्ण संगम हो। त्यसैले बजारको वास्तविक मनोविज्ञान, आत्मविश्वास र भविष्यप्रतिको अपेक्षा बैंकरहरूले नै सबैभन्दा स्पष्ट रूपमा महसुस गर्न सक्छन्।'

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले बैंकरहरूका तर्फबाट व्यावसायिक वातावरण सहज बनाइदिन अर्थमन्त्रीसमक्ष आग्रह गरे। उनले भने, 'पछिल्लो समय निजी क्षेत्रमाथि भइरहेको धरपकड र अस्वाभाविक व्यवहारले व्यावसायिक वातावरण खलबलिएको विषयमा गुनासो राख्यौं। विशेषगरी सोमबार विराटनगरका एक व्यवसायीको घरमा प्रहरीले गरेको खानतलासीका कारण सिंगो व्यावसायिक जगत् त्रसित बनेको छ। यसरी व्यावसायिक वातावरण बिग्रँदा बैंकहरूलाई कर्जा असुली गर्नसमेत धौ-धौ परिरहेकाले अर्थ मन्त्रालयले यसमा सहजीकरणको भूमिका निर्वाह गरिदिनुपर्ने आवाज हामीले उठायौं।'

नेपालगन्ज नाकाबाट ८४ करोडको जडीबुटी निर्यात

विश्वराज पछ्लडङ्गया

नेपालगन्ज नाकाबाट एक वर्षमा ८४ करोड २६ लाख ७४ हजार रुपैयाँबराबरको जडीबुटी निर्यात भएको छ। गत आर्थिक वर्ष ०८२/८३ मा नेपालगन्ज नाकाबाट ३७ लाख तीन हजार आठ सय ६१ किलोबराबरका विभिन्न प्रकारका जडीबुटी निर्यात भएको नेपालगन्ज भन्सार कार्यालयले जनाएको छ।

जडीबुटी निर्यातको यो परिमाण अघिल्लो वर्षको तुलनामा केही बढी भएको नेपालगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले जानकारी दिए। 'नेपालगन्ज नाका मुलुककै सबैभन्दा बढी जडीबुटी निर्यात हुने नाकाका रूपमा स्थापित भएको छ,' उनले भने। पछिल्ला केही वर्षयता जडीबुटीको निर्यात पुनः बढ्दै गएको उनले बताए।

निर्यात बढेसँगै पश्चिम नेपालका जडीबुटी उत्पादक किसान, संकलक र व्यवसायी उत्साहित भएको उनले बताए। आर्थिक वर्ष ०८१/८२ मा नेपालगन्ज नाकाबाट ८३ करोड ६४ लाख ७० हजार रुपैयाँबराबरको जडीबुटी निर्यात भएको थियो। आर्थिक वर्ष ०८०/८१ मा ७९ करोड ४८ लाख ८२ हजार रुपैयाँबराबरको जडीबुटी निर्यात भएको उनले जानकारी दिए।

नेपाल जडीबुटी व्यवसायी संघका अध्यक्ष टंकप्रसाद शर्माले जडीबुटी निकासी प्रक्रिया सहज हुँदै गएपछि नेपालगन्ज नाकाबाट निर्यात क्रमशः बढेको बताए। 'कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा उत्पादन तथा संकलन हुने जडीबुटीको भण्डारण तथा विदेश निर्यातका लागि नेपालगन्ज प्रमुख ट्रान्जिटका रूपमा विकास भएको छ,' उनले भने।

एलजीको 'एक्सपिरियन्स एआई : अफेक्सोनेट इन्टेलिजेन्स' प्रदर्शनी



काठमाडौं/ एलजी इलेक्ट्रोनिक्स, सिंगापुरले सिजी इलेक्ट्रोनिक्सको साझेदारीमा एक्सपिरियन्स एआई : अफेक्सोनेट इन्टेलिजेन्स' प्रदर्शनी सुरुवात गरेको छ। प्रदर्शनीको उद्घाटन एलजीका बंगलादेश ब्रान्चका सुन्घो चुनले गरेका थिए। यस प्रदर्शनीमा एलजीका नवीनतम एआई पावर्ड टेलिभिजन, अडियो सिस्ट, वासिङ मेसिन तथा रेफ्रिजेरेटरलगायतका उत्पादन प्रस्तुत गरिएको बताइएको छ।

४ भदौदेखि १४ असोजसम्म सञ्चालन हुने उक्त प्रदर्शनीले एलजीका नयाँ पुस्ताका घरायसी उपकरणले प्रयोगकर्ताको बानी बुझ्ने, दैनिक आवश्यकताको पूर्वानुमान गर्ने तथा घरायसी कामलाई सहज बनाउने तरिका प्रस्तुत गर्ने बताइएको छ। एलजीको अफेक्सोनेट इन्टेलिजेन्स अवधारणामा आधारित एआई होम इकोसिस्टमले परम्परागत स्वचालितको तुलनामा प्रयोगकर्ताको जीवनशैलीलाई बुझ्नेर आफूअनुकूल बनाउने कम्पनीको दाबी छ। व्यक्तिगत मनोरञ्जनदेखि स्मार्ट कपडा धुने सुविधा र खाद्य सामग्रीलाई लामो समयसम्म ताजा राख्ने प्रविधिसम्म एलजीका एआई सञ्चालित घरायसी उपकरणहरूले घरलाई अझ स्मार्ट, सहज र प्रभावकारी बनाउँदै दैनिक जीवनलाई सरल र सुविधाजनक बनाउने अनुभव प्रदान गर्ने बताइएको छ।

भर्सन नेक्स्ट आई-सोलुसन प्रणाली सार्वजनिक



काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना उत्कृष्ट सिटिजन लिडर, एजेन्सी म्यानेजर, अभिकर्ता तथा शाखालाई सम्मान गर्ने उद्देश्यले आयोजना गरेको 'सिटिजन लिडर्स नाइट २०२६' सम्पन्न गरेको छ। कार्यक्रममा देशभरबाट एक हजारभन्दा बढी सिटिजन लिडर, कर्मचारी तथा विशिष्ट अतिथिहरूको सहभागिता रहेको कम्पनीले जनाएको छ।

कम्पनीले नयाँ आई-सोलुसन प्रणाली 'भर्सन नेक्स्ट' सार्वजनिक गरेको छ। कम्पनीका अध्यक्ष प्रदीपजंग पाण्डे, सञ्चालक समितिका सदस्य तथा व्यवस्थापन टोलीले संयुक्त रूपमा उक्त प्रणालीको सुरुवात गरेका हुन्। आधुनिक प्रविधिमा आधारित उक्त प्रणालीले सेवा प्रवाहलाई थप प्रभावकारी, छरितो, सुरक्षित तथा ग्राहकमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कार्यक्रममा ह्युमानोइड रोबोट र रोबोटिक डगको प्रस्तुति आकर्षणको केन्द्र बनेको थियो। ह्युमानोइड रोबोटले प्रेरणादायी तथा मनोरञ्जनात्मक शैलीमा सम्बोधन गरेको कम्पनीले जनाएको छ।

सिद्धार्थ बैंकको खुद नाफा साढे तीन अर्ब नाघ्यो

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले गत आर्थिक वर्ष ०८२/८३ को चौथो त्रैमाससम्म तीन अर्ब ५१ करोड ९४ लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ। यो अघिल्लो आर्थिक वर्षको तुलनामा ४.५४ प्रतिशतको वृद्धि हो। अघिल्लो आवमा बैंकले तीन अर्ब ३६ करोड ६५ लाख नाफा आर्जन गरेको थियो।



बैंकको खुद ब्याज आम्दानी आठ अर्ब ४३ करोड रुपैयाँबाट बढेर नौ अर्ब पाँच करोड ११ लाख रुपैयाँ पुगेको छ। त्यस्तै, फी तथा कमिसन आम्दानी पनि एक अर्ब ५८ करोड बढेर एक अर्ब ८६ करोड ४६ लाख रुपैयाँ पुगेको छ। सञ्चालन नाफा चार अर्ब ९७ करोडबाट बढेर पाँच अर्ब १६ करोड कायम भएको बताइएको छ।

समीक्षा अवधिमा बैंकको कुल वितरणयोग्य नाफा एक अर्ब ७० करोड ५६ लाख छ। बैंकको प्रतिसेयर वितरणयोग्य नाफा ११.५३ रुपैयाँ छ। यस्तै, निक्षेप दुई खर्ब ८० अर्ब ३२ करोड रुपैयाँबाट बढेर तीन खर्ब २७ अर्ब एक करोड रुपैयाँ पुगेको छ भने कर्जा प्रवाह दुई खर्ब १४ अर्ब ४५ करोड रुपैयाँबाट बढेर दुई खर्ब ३३ अर्ब ८७ करोड पुगेको छ।

नबिल बैंक लिमिटेडको शाखा कार्यालय समायोजन तथा स्थानान्तरण हुने सम्बन्धी सूचना

यस बैंकको निम्न लिखित स्थानहरुमा अवस्थित शाखा कार्यालयहरु, हालको स्थानबाट समायोजन तथा स्थानान्तरण भई बैंकको निम्न लिखित शाखा कार्यालयबाट यहि मिति २०८३ भाद्र १ गते, तदनुसार 17 August, 2026 देखि संचालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै समायोजन तथा स्थानान्तरण हुनलागेका शाखा कार्यालयहरुमा रहेका लकर तथा ग्राहक महानुभावका खाताहरु समायोजित तथा स्थानान्तरण भई निम्न उल्लेखित शाखा कार्यालयहरुबाट सेवा सुचारु रहने व्यहोरा समेत जानकारी गराउदछौं।

हालको शाखा	हालको शाखा कार्यालय बाट स्थानान्तरण हुने शाखा कार्यालयको दुरी	हालको ठेगाना	स्थानान्तरण भई लकर तथा खाता संचालनमा रहने शाखा कार्यालयको नाम	स्थानान्तरण भई संचालनमा रहने शाखा कार्यालयको ठेगाना
घण्टाघर शाखा	५०० मि.	काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २८, घण्टाघर, कमलादी गणेशथान बाट १०० मि. अगाडि त्रिचन्द्र कलेज पट्टि	तिनधारा शाखा	काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ०१, तिनधारा, याक एण्ड यति होटल नजिक
बुटवल शाखा	१५० मि.	रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं.०४, बुटवल	बुटवल शाखा	रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं.०४, बुटवल, हालको शाखा कार्यालयको पारिपट्टि

माथि उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहक महानुभावहरुले कुनै टुटफुट हुने सामानहरु राख्नु भएको भएमा लकर सार्नु अगावै मिति २०८३ श्रावण २९ गते शुक्रबारको दिनसम्ममा साबिकको शाखा कार्यालयबाट यस्ता सामानहरु कार्यालय समय (बिहान ९ बजे देखि दिउँसो ४ बजे) भित्र निकाल्नुहुन विनम्र अनुरोध गर्दछौं, अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति पुग्न गएमा बैंक जिम्मेवार नरहने व्यहोरा समेत जानकारी गराउँदछौं।

सम्पर्क नम्बर
घण्टाघर शाखा : ०१-४२३३७८०-८५
तिनधारा शाखा : ०१-५९७१८७१
बुटवल शाखा : ०७१-५३२२७४/५३४२७४

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाण्डौं फोन नं. ०१-५९७१८७१

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०३८ फाल्गुन २६ गते

स्वर्गारोहण: वि.सं. २०८३ श्रावण ०८ गते

स्व. रश्मी रिजाल

हाम्रा सहकर्मी **रश्मी रिजाल**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
Sama Marga, Naxal, Kathmandu, Nepal, Tel No.: 01-4540508
Email: sanimacapital@sanimacapital.com

कर्मचारी आवश्यकता

प्रकाशित मिति : २०८३/४/२०

बालाजुमा धेरैलामो समय देखि निरन्तर संचालित प्रतिष्ठित, कम्पनीको लागि निम्न उल्लेखित योग्यता र अनुभव भएको जनशक्ति आवश्यक रहेको छ।

पद : लेखा प्रमुख
पद संख्या : २ (दुई जना)
योग्यता : वाणिज्य शास्त्रमा व्याचलर गरेको वा अध्यनरत रहेको।
अनुभव : लेखा सम्बन्धी कुनै पनि कम्पनी, बैक, सहकारी र अन्य संस्थामा ५ वर्ष वा माथी लेखा सम्बन्धी कार्य गरेको।
उमेर : महिला र पुरुष दुबै, ३५ वर्ष देखि ५० वर्ष सम्मको

आवश्यक अनुभव
- Talley software चलाउन सक्ने
- लेखा सम्बन्धि सम्पूर्ण कार्य गर्न सक्ने र रिपोट तयार तथा चेक गर्न सक्ने
- टीममा रहेर कार्य गर्ने व्यवस्थापकिय क्षेमता भएको
- तरकेश्वर नगरपालिका, बालाजु आसपास ३ किलोमिटर भित्रका व्यक्तिलाई प्रथमिकता।
- लेखाको साथै स्टक म्यानेजमेट गर्न सक्ने

तलब :
योग्यता र अनुभवको आधारमा आकर्षक पारिश्रमिक न्यूनतम ३५,०००/- तथा अन्य भत्ता।

सम्पर्क :
इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरण, योग्यता सम्पर्क नंवर सहित निवेदन तलको इमेलमा पठाउन सक्नु हुनेछ।
इमेल : abspokharel@gmail.com

हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना!

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तसर्सिल बमोजिमको चल अचल सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ । साथै ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पति लिलाम बिक्री हुने व्यहोरा यसै सुचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पति गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पतिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम	धितो विवरण
शाखा कार्यालय: लहान शाखा, सिराहा	
१. घरेलु तथा साना उद्योग कार्यालय लहान सिराहामा प्रा.फ.र.नं. ९३६६/०७५/७६ कायम भइ मिति २०७५/१२/१२ मा दर्ता भएको **प्रकाश डेरी उद्योग (ऋणी)** प्रोप्राईटर तथा व्यक्तिगत जमानी दिने: **राखी कुमारी साह** व्यक्तिगत जमानी दिने: **विजय साह र आशा देवी**	जानकी साहको बुहारी धुप नारायणको छोरी राम सेवक साहको पत्नी सिरहा जिल्ला लहान न.पा. वडा नं. १० बस्ने **आशा देवीको** नाममा दर्ता कायम रहेको सिरहा जिल्ला लहान बजार वडा नं. ४क (हाल परिवर्तित लहान न.पा. वडा नं. ६) स्थित कित्ता नं. १११९ र १११७ को क्षेत्रफल क्रमश: ०-०-१३-० र ०-०-७-० (विघा) घर/जग्गा समेत ।
२. जानकी साहको नाति राम सेवक साहको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १० बस्ने **विजय साह (ऋणी)** व्यक्तिगत जमानी दिने: **राखी कुमारी साह र आशा देवी** **यसअघि प्रकाशित सूचना**: मिति २०८२।१२।२२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सर्वजनिक सूचना ।	
शाखा कार्यालय: पनौती शाखा, काभ्रे	
वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय धुलिखेल, काभ्रे) मा प्रा.फ.र.नं. १८५८/०६९/०७० कायम भई मिति २०६९/०६/१० मा दर्ता भएको **चण्डेश्वरी अटो मार्ट (ऋणी)** प्रोप्राइटर: **विमल सोनाम** व्यक्तिगत जमानी दिने: **विष्णु देवी श्रेष्ठ, निर्मल सोनाम, कमल सोनाम र श्रीजना प्रधान** **यसअघि प्रकाशित सूचना**: मिति २०८०।०९।१५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा ३५ दिने सूचना ।	हिमालयन बैंक लिमिटेड धनी र चण्डेश्वरी अटो मार्ट ऋणी कायम भइ दर्ता भएको बागमती प्रदेश ०१ २६ च. १५२८ च्यासिस नं. MA3NYFJ1SMF790013 इन्जिन नं. K15BN4152100 को Vitrara Breeza ZXI +, 2021.
शाखा कार्यालय: धादिङ शाखा, धादिङ	
वाणिज्य विभाग (जारी गर्ने कार्यालय: नीलकण्ठ नगर कार्यपालिका उद्योग विकास शाखा, धादिङ)मा प्रा.फा.र.नं. ३४६५/०७४/०७५ स्था. व्या. कायम भई मिति २०७४/०५/२१ मा दर्ता भएको **एस.के इन्टरप्राइजेज (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **सुमन बानिया** व्यक्तिगत जमानी दिने: **उदय बहादुर बानिया, सुजन बानिया, कल्पना उप्रेती र भगवती बानिया** **यस अघि प्रकाशित सूचना**: मिति २०८०।५।१३ को कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना । मिति २०८०।०८।२१ को कारोवार दैनिकमा १५ दिने धितो लिलाम बिक्रीको सूचना । मिति २०८१।०८।०३ को कारोवार दैनिकमा ७ दिने धितो लिलाम बिक्रीको सूचना ।	मान बहादुर बानियाको बुहारी बल बहादुर सिलवालको छोरी उदय बहादुर बानियाको पत्नी सिन्धुपाल्चोक जिल्ला सिपापोखरे गा.वि.स वडा नं. २ (हाल परिवर्तित इन्द्रावती गा.पा. वडा नं. ८) बस्ने **भगवती बानियाको** नाममा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला सिपापोखरे गा.वि.स वडा नं. २ (हाल परिवर्तित इन्द्रावती गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ५८३ को क्षेत्रफल २-५-०-२ र कित्ता नं. ५८६ को क्षेत्रफल ४-७-२-३ (रोपनी) जग्गा समेत।
शाखा कार्यालय: हर्नामाडी शाखा, मकवानपुर	
वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुर) मा प्रा.फ.र.नं. ६६९/२०७४/२०७५ स्था व्या. कायम भइ मिति २०७५/०२/२७ मा दर्ता भएको **श्री आर.के. सप्लायर्स (ऋणी)** प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **राज कुमार थिङ** व्यक्तिगत जमानी दिने: **शुवेक्षा थिङ र टुल्की माया थिङ** **यसअघि प्रकाशित सूचना**: मिति २०८१।०९।१७ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना ।	हिमालयन बैंक लि. धनी र **श्री आर.के. सप्लायर्स** ऋणी कायम भई दर्ता भएको तपसिल बमोजिमका सवारी साधनहरु : क) प्रदेश-३-०३ ००१ ख ०१२६ को च्यासीस नं MAT547105K8R12185 इन्जिन नं. 497TC44EPY818877 को TATA LCV TRUTIP LPT 810/34, 2019 । ख) बा-प्र-०३-००१ क ०९४३ को च्यासीस नं MAT454205M8R08098 इन्जिन नं. 497TC44DYX614432 को TATA LPT 912/27 CLB BS3, 2021 ।

बोलपत्रका शर्तहरू :

१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र खरिद गरी लिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र पेश गर्ने स्थान	बोलपत्र खोलिने स्थान
२०८३/०५/०३ कार्यालय समय सम्म	२०८३/०५/०८ अपरान्ह २:०० बजे	यस बैंकको कुनै पनि शाखा, कार्यालय	सम्बन्धित शाखा, कार्यालय

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

हिमालयन बैंक लि. केन्द्रीय कार्यालय
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६५१५०, पो.ब.नं. २०५५० काठमाडौं

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्न सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

(प्रकाशित मिति : २०८३/०४/२०)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८३/०५/०३

तपशिल

बोलपत्र खोलिने मिति
२०८३/०५/०४ दिउँसो ३ बजे

क्र.सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : भिजन प्रो टेक्नोलोजिस् प्रा.लि. (विविध कर्जा)** दर्ता नं. २१७६७२/७५/०७६, ठेगाना : भरतपुर म.न.पा. १०, चितवन **ऋण प्रवाह गर्ने शाखा : शाखा कार्यालय हाकिमचोक** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. जेम्स महतो-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.३५०३६६५०, मिति २०६४/०६/१० मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : कमलु महतो, बाजे : हिरामणी महतो **२. रोशन डल्लाकोठी-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ०४९४५८, मिति २०६६/१२/२७ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : राजेन्द प्रसाद डल्लाकोठी, बाजे : होमराज डल्लाकोठी **३. वासुदेव सेढाई-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ७३५०, मिति २०४३/०९/०८ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : विष्णुहरि सेढाई, बाजे : नन्द प्रसाद सेढाई **४.कमलु महतो -जमानीकर्ता** (ना.प्र.नं. २३४४, मिति २०४३/१०/२३ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : हिरामणी महतो, बाजे : नाम प्राप्त नभएको	जेम्स महतोको नाममा चितवन जिल्ला मालपोत कार्यालय चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पचकन्या गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. ४४७०-३-१-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय हाकिमचोक, चितवन/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु १०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। सो सूचना प्राप्त भएपश्चात स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम (धरौटी बापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकममध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी बापत राखिएको रकम बैकले जफत गर्न सक्नेछ।

ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी बापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूर्जीगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी बापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम फिर्ता दिईनेछ , तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।

ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७७
बुधबार २० साउन ०८३
www.nayapatrikadaily.com
नयाँ पत्रिका

खेलाडीको सामूहिक आग्रह
'नेपाली फुटबल बचाऔं'

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

गत महिना अमेरिकामा फिफा विश्वकप फुटबल प्रतियोगिता चलिरहँदा नेपाल अनिश्चितकालका लागि निलम्बनमा पऱ्यो । फिफाको निलम्बनमा परेको दुई महिनासम्म सम्बन्धित निकायदेखि खेलाडीसम्म चुप लागेर बसेका थिए । गत शनिबार १५औँ संस्करणको दक्षिण एसियाली फुटबल च्याम्पियनसिप (साफ)को 'ड्र' मा नेपाल समावेश भएन । दक्षिण एसियाली फुटबल महासंघले निलम्बन फुकुवा हुँदा नेपाललाई प्रतियोगितामा सहभागी गराइने जनाएको छ । योसँगै अहिले निलम्बनको सम्बन्धमा धमाधम आ-आफ्नो प्रतिक्रिया सोसल मिडियाबाट सार्वजनिक भइरहेको छ ।

निलम्बनमा फुकुवा हुनुपर्ने र सम्बन्धित निकाय गम्भीरतापूर्वक लाग्नुपर्ने भनी प्रत्येक दिनजसो सोसल मिडियामा आ-आफ्नो भनाइ सार्वजनिक भएको देखिन्छ । यसमा खेलाडी, पूर्वकप्तान र प्रशिक्षकहरूले समस्या समाधान निमित्त सम्बद्ध निकायलाई सामाजिक सञ्जालमार्फत गुहारेका हुन् । यो अभियान गत आइतबार सुरु भएको थियो । यसमा मनीष डाँगीले पहिलो कमेन्ट्स राखेका थिए । त्यसलगत्तै कप्तान किरणकुमार लिम्बूले पनि फिफाको निलम्बन हटाउन आग्रह गरेका थिए । लिम्बूले यसअघि एन्फाको कुनै पनि निर्णय वा अन्य गतिविधिबारे प्रतिक्रिया दिने गरेका थिएनन् । तर, डाँगीको भनाइ सार्वजनिक भएपछि उनले अभिव्यक्ति दिएका हुन् ।

उनीपछि पूर्वकप्तान हरि खड्कासमेत प्रधानमन्त्रीलाई सम्बोधन गरी तत्काल प्रक्रिया अगाडि बढाउन आग्रह गरेका थिए । राष्ट्रिय खेलाडीदेखि पूर्वकप्तानबाट सुरु भएको लहर अहिले व्यापक बनेको छ । मंगलबार नेपाली फुटबलको भविष्य अन्योलमा परेको जनाउँदै नेपाल फुटबल खेलाडी संघ (एनएफपिए)ले राष्ट्रिय टोलीका खेलाडीको सामूहिक भिडियो सन्देश सार्वजनिक गरेको छ । भिडियो सन्देशमा फिफा, एएफसी, राष्ट्रिय खेलकुद परिषद् (राखेप) र नेपाल सरकारसँग नेपाली फुटबल जोगाउन तत्काल पहल गर्न अपिल गरिएको छ ।

सो भिडियो कन्टेन्टमा राष्ट्रिय टोलीका लगभग एक दर्जनभन्दा बढी खेलाडीले वर्तमान फुटबलको अवस्थाप्रति गम्भीर चिन्ता देखाएका छन् । कतारमा रिह्याब गरिरहेकी महिला टोलीकी कप्तान सावित्रा भण्डारीले घरेलु शीर्ष डिभिजन लिगको अभावमा खेलाडी प्रभावित भएको बताइन् । लगभग दुई मिनेट सात सेकेन्डको भिडियोमा राष्ट्रिय टोलीका सनिश श्रेष्ठले अन्तिममा आफ्नो प्रतिक्रिया दिएका थिए । उनले फुटबल खेल्न वातावरण बचाइराख्न जनाए ।

१४ असोजसम्म फुकुवा हुँदा साफ खेल्न पाउने

फिफाले गत ११ असारमा फिफाले तेस्रो पक्षको हस्तक्षेप गरेको भनी नेपाललाई निलम्बन गरेको थियो । फिफाको निलम्बनसँगै फुकुवा नभएसम्म नेपालले कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउँदैन । समयमै निलम्बन फुकुवा नहुँदा नेपाली फुटबलरका लागि ठुलो अन्तर्राष्ट्रिय प्रतियोगिताका रूपमा रहेको साफ च्याम्पियनसिप खेलाडीले गुमाउनेछन् । दक्षिण एसियाली फुटबल महासंघले आगामी १४ असोजसम्म फिफाको निलम्बनबाट फुकुवा हुँदा नेपाल आयोजक बंगलादेश, श्रीलंका र भुटान रहेको समूह 'ए'मा रहनेछ । यो समयअगाडि फुकुवा नहुँदा इतिहासमै पहिलोपटक नेपाल साफ च्याम्पियनसिप खेल्नबाट वञ्चित हुनेछ । भिडियोमा खेलाडीले फुटबलको वर्तमान संकट समाधानका लागि सम्बन्धित निकायले तत्काल समन्वय गर्नुपर्ने माग राखेका छन् । 'अहिले नेपालको फुटबल ठुलो दुर्घटनातर्फ अग्रसर भइरहेको छ । खेलाडीको भविष्य सुनिश्चित गराउन फिफाको निलम्बन फुकुवा गर्न वातावरण बनाउन आग्रह छ,' खेलाडीहरूले भनेका छन्, 'आफूहरू क्लब र देशका लागि उच्चस्तरीय फुटबल खेल्दै नेपालको नाम उज्यालो बनाउनुपर्ने अवस्थामा थियौँ । आज हामी आफ्ना बेवास्ता गरिएका आवाज सुनाउन बाध्य भएका छौँ ।' अन्तर्राष्ट्रिय फुटलब प्रतियोगिता गुमाउने सम्भावना बढेपछि महिला टोलीकी सदस्य प्रीति राईले नेपाली फुटबल पूरै प्यारालाइज्ड भएको प्रतिक्रिया दिएकी छिन् । 'फिफाको निलम्बन लगभग दुई महिना हुन लागेको छ ।

नेपाली फुटबल पूर्ण रूपमा प्यारालाइज्ड भएको छ,' उनले भनिन् । यसैगरी, पुरुष टोलीका एट्याकिङ खेलाडी रोहित चन्दले फिफादेखि सरकारसम्म निलम्बन हटाउन आग्रह गरेका छन् । 'हामीले सिधै फिफा, एएफसी, राष्ट्रिय खेलकुद परिषद् र नेपाल सरकारलाई आग्रह गरेका छौँ,' चन्दले लेखेका छन् ।

यसैगरी, महिला टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपानेले साफ च्याम्पियनसिपलाई विश्वकपसरह भएको बताएका छन् । उनी भन्छन्, 'हाम्रा लागि साफ च्याम्पियनसिप विश्वकपसरह हो ।

निलम्बनका कारण यति ठूलो प्रतियोगिता नै गुम्न सक्ने अधवस्था आउनु निकै दुःखद हो । अन्य प्रतियोगिता पनि गुमाइरहँदा यसको प्रत्यक्ष असर, खेलाडी, प्रशिक्षक, रेफ्री, कर्मचारीलगायतमा परिरहेको छ ।' एन्फाका पूर्व अध्यक्ष कर्माछिरिङ शेर्पाले निलम्बन हटाउने नै अहिलेको पहिलो प्राथमिकता भएको बताए ।

यू-१७ र यू-२० अन्योलमा

फिफाको निलम्बनसँगै नेपालले आगामी दिनमा आउने अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता गुमाउने पक्का छ । यसको पछिल्लो उदाहरण १५औँ संस्करणको साफ च्याम्पियनसिप हो । यसअघि नै नेपालले एएफसी यू-१७ महिला एसियनकप र एएफसी यू-२० एसियनकप छनोट गुमाइसकेको छ । यसका साथै नेपाल एपिएफ क्लबले एएफसी महिला च्याम्पियन्स लिग पनि खेल्न नपाउने भएको छ ।

> फिफाको निलम्बनपछि फुटबलको भविष्य अन्योलमा परेको जनाउँदै नेपाल फुटबल खेलाडी संघ (एनएफपिए) ले राष्ट्रिय टोलीका खेलाडीको दुई मिनेट सात सेकेन्डको सामूहिक भिडियो सन्देश सार्वजनिक गरेको छ



फिफासँग निरन्तर संवाद : मन्त्री पोखरेल

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले एन्फाको निलम्बन फुकुवा गर्न फिफासँग संवाद भइरहेको बताएका छन् । मन्त्री पोखरेलले आफू मन्त्रीको हैसियतले फिफासँग इमेलमार्फत कुराकानी भइरहेको बताएका हुन् । 'झट्ट हेर्दा सरकारले केही गरेको छैनजस्तो पनि लाग्न सक्छ, म मन्त्री भएको हैसियतले फिफासँग निरन्तर कुरा भइरहेको छ । हामी एउटा बाटोतर्फ जाँदै छौँ' उनले भने 'अब हुन लागेको साफ च्याम्पियनसिप फुटबलमा नेपालको सहभागी हुने किसिमले कुराकानी भइरहेको छ ।'

मन्त्री पोखरेलले अब आउने एन्फाको नेतृत्वमा खेलाडी वा फुटबल बुझेको व्यक्ति हुनुपर्ने बताए । 'अब बन्ने एन्फा अध्यक्ष खेलाडी वा फुटबललाई राम्रोसँग बुझेको हुनेछन्,' उनले भने । यसैबिच सरकारले गर्न ढिलाइ गरेको काम आफूहरूले छोटो समयमै पूरा गरेको पनि बताए । 'अघिल्लो सरकारबाट पुरस्कार घोषणा भएको लामो समयसम्म रकमको व्यवस्था हुँदैनथ्यो । हामी आएको चार महिना भयो । हामीले खेलाडीलाई १० करोडको नगद पुरस्कार घोषणा गरेका छौँ,' उनले भने । २०औँ एसियाली खेलकुद प्रतियोगितामा जाने खेलाडीहरूका लागि यसपटक केही अतिरिक्त खर्चसमेत दिएर पठाउने व्यवस्था गरेको उनको भनाइ छ ।

एरिका र दीपेन्द्र वर्ष खेलाडी



नयाँ पत्रिका

कराँतेकी एरिका गुरुङ महिलातर्फ र टी-२० राष्ट्रिय क्रिकेट टोलीका कप्तान दीपेन्द्रसिंह ऐरी पुरुषतर्फ वर्षका उत्कृष्ट खेलाडी (२०८२/०८३) घोषित भएका छन् । हाम्रो खेलकुदडटकमको ११औँ वार्षिकोत्सवका अवसरमा मंगलबार एरिका र दीपेन्द्रलाई वर्ष खेलाडी घोषित भएका हुन् । दीपेन्द्रका तर्फबाट राष्ट्रिय महिला क्रिकेट टोलीकी कप्तान इन्दु बर्माले अवार्ड ग्रहण गरेकी थिइन् । उत्कृष्ट खेलाडीहरूले अवार्डसहित २५ हजार रुपैयाँ प्राप्त गरेका छन् । सन् २०२२ को सेप्टेम्बरमा पहिलोपटक अन्तर्राष्ट्रिय प्रतियोगितामा पाइला टेकेकी एरिकाले चार वर्षको छोटो अवधिमै नेपाली कराँतेमा असाधारण प्रदर्शन गरेकी छिन् ।

एरिकाले अहिलेसम्म १८ अन्तर्राष्ट्रिय प्रतियोगिताबाट २१ पदक जितेकी छिन् । उनले १३ स्वर्ण, ६ रजत र दुई कांस्य पदक जितेकी छिन् । वर्तमान समयमा एरिका नेपाली कराँतेकै सर्वाधिक सफल खेलाडी हुन् । उनले पहिलोपटक २०औँ सिनियर एकेएफ कराँते च्याम्पियनसिपमा ऐतिहासिक रजत पदक जितेकी थिइन् । यसैगरी, पहिलो सहभागीमै उनले तीन वर्षअघि चीनको हाङझाउमा भएको १९औँ एसियाली खेलकुदमा रजत पदक जितेकी थिइन् ।

> एरिका गुरुङ महिलातर्फ र दीपेन्द्रसिंह ऐरी पुरुषतर्फ वर्षका उत्कृष्ट खेलाडी घोषित भएका हुन्

गत वर्ष एरिकाले मलेसियामा भएको डब्लुकेएफ कराँते वान सिरिजमा स्वर्ण पदक जितिन् । त्यसपछि विश्व कराँते च्याम्पियनसिपका लागि छनोट हुँदै उनले अर्को ऐतिहासिक उपलब्धि हात पारिन् । उनले नेपाललाई टर्की र चीनमा भएको डब्लुकेएफ कराँते वान प्रिमियर लिगमा रजत पदक दिलाएकी थिइन् । उनी यो पदक जित्ने पहिलो नेपाली खेलाडी हुन् ।

एरिकाले २२औँ एकेएफ एसियन सिनियर कराँते च्याम्पियनसिपको कांस्य पदक र बंगलादेशमा सम्पन्न १०औँ एसएकेएफ दक्षिण एसियाली कराँते च्याम्पियनसिपका दुई स्वर्ण पदक हात पारेकी थिइन् । यसैबिच नेपाल ओलम्पिक कमिटीका अध्यक्ष श्रेष्ठ, कर्णाली प्रदेश खेलकुद परिषद्का सदस्यसचिव रवीन्द्र चन्द, पारालम्पिक्सकी कांस्य पदक विजेता पलेशा गोवर्धन, सागकी स्वर्ण पदक विजेता सन्तोषी श्रेष्ठले नेपाली खेलकुदमा पूर्वाधार विषयमा आ-आफ्नो विचार राखेका छन् ।

खेलकुदको व्यवसायीकरणमा नेपाल क्रिकेट संघका सचिव पारस खड्का, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्द, ललितपुर सिटी एफसी प्रबन्ध निर्देशक आलोकजंग जोशी, लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जिसीले आ-आफ्नो धारणा राखेका थिए ।

खेल संक्षेप

एलआरआई र ब्रह्मकुञ्जलाई उपाधि

काठमाडौं/ एलआरआई, मित्रश्री पाठशाला र ब्रह्मकुञ्जले पाँचौं भ्याली पब्लिक अन्तरविद्यालय फुटसल प्रतियोगिताको उपाधि मंगलबार जितेका छन् । एलआरआई यू-१६ पुरुष, मित्रश्री पाठशाला यू-१२ पुरुष र ब्रह्मकुञ्ज यू-१६ महिलातर्फ च्याम्पियन बनेका हुन् । सिनियर पुरुषको फाइनलमा एलआरआईले निम्सलाई टाइब्रेकरमा २-० ले पराजित गऱ्यो । यू-१२ पुरुषको उपाधि भिडन्तमा मित्रश्रीले नेसनल ब्लुमिङ फ्लावर एकेडेमी (एनबिएफए)लाई २-१ ले हरायो । यसैगरी, यू-१६ महिलाको उपाधि भिडन्तमा ब्रह्मकुञ्जले कौस्तुभ एकेडेमीमाथि १-० को जित निकाल्यो । ब्रह्मकुञ्जकी दीक्षा कँडेलले निर्णायक गोल गरिन् । यू-१६ पुरुषमा एलआरआईका आशुतोष महतारा उत्कृष्ट खेलाडी, एलआरआईका दीक्षान्त शर्मा उत्कृष्ट गोलरक्षक र रिब्सका रिसन लामा सर्वाधिक गोलकर्ता भए । यू-१२ पुरुषमा एनबिएफएका सुप्रभ श्रेष्ठ उत्कृष्ट खेलाडी, मित्रश्रीका कृष श्रेष्ठ उत्कृष्ट गोलरक्षक र रिब्सका आक्रिस खत्री सर्वाधिक गोलकर्ता बने । यू-१६ महिलामा ब्रह्मकुञ्जकी दीक्षा कँडेल उत्कृष्ट खेलाडी, ब्रह्मकुञ्जकै वेहेलिङ राई उत्कृष्ट गोलरक्षक र प्याराडाइस रिडर्स एकेडेमीकी आराध्या श्रेष्ठ सर्वाधिक गोलकर्ता बनेका छन् । प्रतियोगितामा यू-१६ पुरुषमा २६ टोलीले भाग लिएका थिए । यू-१२ पुरुषमा र यू-१६ महिलामा समान १६ टोली सहभागी थिए ।



जुनियर क्रिकेट लिग आइतबारदेखि

काठमाडौं/ एन्जल्स हार्ट नेसनल स्कुलको आयोजनामा दोस्रो जुनियर क्रिकेट लिग (जेसिएल) आगामी आइतबारदेखि हुने भएको छ । प्रतियोगितामा २४ टोलीको हभागिता रहने आयोजक एन्जल्स हार्टका प्रधानाध्यापक टकबहादुर थापाले बताएका छ् । एन्जल्स स्पोर्ट्स् एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा नेपाल प्रिमियर लिग (एनपिएल) टिम काठमाडौं गोर्खाजको सहयोगमा हुनलागेको प्रतियोगिताको विजेताले ३० हजार र उपविजेताले २० हजार रुपैयाँ पाउनेछन् । सर्वोत्कृष्ट खेलाडी, ब्याट्सम्यान, बलर, उदीयमान खेलाडी र अनुशासित टिमलाई पनि पुरस्कृत गरिनेछ ।

रामबहादुरलाई वाइल्ड कार्ड

काठमाडौं/ ह्विलचियर टेनिस खेलाडी रामबहादुर तामाङले पाँचौं एसियाली पारा खेलकुदमा सहभागी हुन वाइल्ड कार्ड पाएका छन् । राम विपर्टाइट इन्भिटेसन प्रणालीमार्फत पारा एसियाली खेलकुदका लागि छनोट भएको नेपाल ह्विलचियर टेनिस संघका अध्यक्ष विकास थापाले जनाएका छन् । पारा एसियाली खेलकुदको ह्विलचियर टेनिसमा नेपालको पहिलो सहभागिता हुने अध्यक्ष थापाले बताए । पारा एसियाली खेलकुद जापानमा आगामी अक्टोबर १८ देखि सुरु हुनेछ । यसअघि आइसी र नागायामा २०औँ एसियाली खेलकुद प्रतियोगिता आयोजना हुनेछ ।

लालीगुराँस र हेराल्ड क्वार्टरफाइनलमा

काठमाडौं/ लालीगुराँस नेसनल एकेडेमी र हेराल्ड इन्टरनेसनल कलेज प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको पुरुषमा मंगलबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन् । लालीगुराँसले भ्याली पब्लिकलाई ४५-३८ ले पराजित गऱ्यो । अर्को खेलमा हेराल्डले न्युटनलाई ३६-२९ ले हरायो । पुरुषतर्फ जेभियरले गोल्डेनगेटलाई ३८-३४ ले पाखा लगाएको छ । सिसिआरसीले थ्रिनफिल्डलाई ६०-३४ ले हराउँदै अन्तिम आठको स्थान सुरक्षित गऱ्यो । पुरुषतर्फको सेमिफाइनल प्रवेश खेलमा निम्सले लालीगुराँसको सामना गर्नेछ । सिसिआरसी र गोल्डेनगेटबिच दोस्रो क्वार्टरफाइनल खेल हुनेछ । जेभियरले हेराल्डविरुद्ध खेल्ने छ । अन्तिम क्वार्टरफाइनल खेल मनास्लु र सगरमाथाबिच हुने आयोजकले जनाएको छ ।

वेस्ट इन्डिजविरुद्ध अब्दुल्लाहको शतक

एजेन्सी/ पाकिस्तानका मध्यक्रम ब्याट्सम्यान अब्दुल्लाह सफिकले वेस्ट इन्डिजविरुद्धको दोस्रो टेस्टमा शतकीय इनिङ्स खेलेका छन् । उनले १५३ रनको योगदान दिएका छन् । उनले ३०३ बलमा १४ चौका र तीन छक्का प्रहार गरेका छन् । पाकिस्तानले मंगलबार दोस्रो टेस्टको पहिलो इनिङ्समा ६ विकेट गुमाएर ३६४ रन बनाएको छ । यसअघि वेस्ट इन्डिज ३४४ रनमा अलआउट भएको थियो ।



पाकिस्तानी बक्सर होटेलबाट भागे

एजेन्सी/ स्कटल्यान्डको ग्लासोमा चलिरहेको कमनवेल्थ खेलकुद प्रतियोगितामा सहभागी पाकिस्तानी बक्सर कुदर तुल्लाह होटेलबाटै भागेका छन् । पाकिस्तान बक्सिङ महासंघले आफ्ना खेलाडी होटेल रुममा नभएको र उनी सम्पर्कविहीन भएको जानकारी आयोजकलाई दिएको छ । होटेलबाट बेपत्ता भएका कुदर तुल्लाहको पासपोर्ट भने उनका टिम म्यानेजरसँगै छन् ।

पिटिआईले खेलाडी भाग्दा बक्सिङ संघका पदाधिकारीमाथि शंका गरेको छ । कमनवेल्थ खेलमा कुदरले राउन्ड अफ ३२ मा फिजीका जोनलाई ५-० ले हराएका थिए । त्यसपछि उनी उत्तरी आयरल्यान्डका जुडबाट ०-४ ले पराजित भए । यस खेलको समाप्तिपछि कुदर अफिसियलसँगै होटेल फर्केका थिए । होटेलमा सबै आराम गरिरहेको मौका छोपेर उनी भागेको पिटिआईले जनाएको छ । होटेलमा अन्तिमपटक मंगलबार बिहान दुई बजेसम्म उनको सिसिटिभीमा फुटेज देखिएको छ । त्यसपछि उनको उनको कुनै फुटेज देखिँदैन ।

पाकिस्तानी अधिकारीहरूले कुदरले आफ्ना लगेज होटेल रुममै छाडेका छन् । ग्लासोमा लुकेका कुदरको पाकिस्तान फर्कने टिकटसमेत म्यानेजरसँग छ । यस्तो अवस्थामा उनी स्कटल्यान्डमा धेरै समयसम्म लुकेर बस्न नसकिने जनाइएको छ । सन् २०२२ मा इंग्ल्यान्डमा भएको कमनवेल्थ खेलकुदमा पाकिस्तानी बक्सर सेलमान बलोच र नजिरउल्लाह पनि भागेका थिए । सन् २०२४ मा इटालीमा भएको ओलम्पिक छनोटमा एसियाली पदक विजेता जोहेव रसिन पनि भागेका थिए ।

फिफाका भावी अध्यक्षका लागि चलखेल सुरु

एजेन्सी

फिफाका महत्त्वपूर्ण फुटबल प्रतियोगितामा निजी लगानी भित्र्याउने योजना विवादास्पद योजना असफल भएपछि अध्यक्ष जियानी इन्फान्टिनो एक्लै परेका छन् । इन्फान्टिनो अहिले आफ्नो पद बचाउन संघर्ष गरिरहेका छन् । अर्को वर्षको मार्चमा फिफाको निर्वाचन हुँदै छ । तर, उनको पुनः चौथो कार्यकालका लागि फिफा अध्यक्ष हुने सपना पूरा नहुने छाँटकाँट देखिएको छ । विशेष गरी युरोपले इन्फाटिनोको साथ छाड्दै गइरहेको छ ।

अघिल्लोपटकको निर्वाचनमा अध्यक्षमा विजयी बनाउन महत्त्वपूर्ण योगदान दिएका इंग्ल्यान्ड र वेल्सजस्ता फुटबल संघले आगामी फिफा निर्वाचनमा इन्फाटिनोलाई साथ नदिने घोषणा गरेका छन् । यी दुवै फुटबल संघले इन्फान्टिनोलाई दिएको समर्थन पनि फिर्ता लिएको छ । यसैक्रममा अन्य युरोप, उत्तर र दक्षिण अमेरिका र एसियाका राष्ट्रहरूले समर्थन फिर्ता लिँदा इन्फान्टिनोले राजीनामा दिनुपर्ने अवस्था आउन सक्छ । अहिले फिफाको भावी अध्यक्षका रूपमा विभिन्न नाम बाहिरिएका छन् । फिफाको नयाँ अध्यक्षको टुंगो आगामी मार्चमा मोरोक्कोमा हुने सम्मेलनले लगाउनेछ । चुनावमा उठ्न चाहनेले आगामी नोभेम्बर १८ सम्ममा आफ्नो नाम दर्ता गरिसक्नुपर्नेछ ।

भिक्टर मोन्टाग्लियानी (क्यानडा)



भिक्टर उत्तर र मध्य अमेरिकाको फुटबल महासंघका अध्यक्ष हुन् । भिक्टरलाई इन्फान्टिनोको विश्वास पात्र मानिन्छन् । गत महिना सम्पन्न २३औँ फिफा विश्वकपमा उनले इन्फान्टिनोलाई साथ दिएका थिए । अहिले भिक्टर अहिले इन्फान्टिनोको समूहबाट लगभग अलगजस्तै भएका छन् । उनलाई अंग्रेजी, फ्रेन्च, इटालियन र स्पेनिस भाषा राम्रोसँग बोल्न आउँछ । भिक्टरलाई फिफा अध्यक्षका रूपमा प्रमुख दाबेदारका रूपमा राखिएको छ ।

इब्राहिम अल खालिफा (बहराइन)



खालिफा एसियाली फुटबल महासंघ (एएफसी)का अध्यक्ष हुन् । एसियाले सधैँ फिफालाई सघाउँदै आएको छ । तर, यसपटक एसिया पनि इन्फान्टिनोको विपक्षीमा उभिएको छ । खालिफाले इन्फान्टिनोको पछिल्लो निर्णय र योजनाको कडा आलोचना गरेका छन् । फिफा अध्यक्षमा उम्मेदवार दिँदा उनलाई ४६ एसियाली राष्ट्रहरूको साथ पाउनेछ । ६० वर्षीय खालिफा सन् २०१३ देखि एएफसीको अध्यक्षमा छन् । अर्को वर्ष एएफसीमा उनको कार्यकाल सकिँदै छ ।

नासिर अल खेलाफी (कतार)



फ्रेन्स लिग वानको क्लब पेरिस सेन जर्मेन (पिएसजी)का अध्यक्ष नासिर अल हुन् । पिएसजीले लगातार दोस्रोपटक युरोपियन च्याम्पियन्स लिग उपाधि रक्षा गर्नुको पछाडि उनको योगदान अहम् मानिन्छ । पिएसजीमा राम्रा खेलाडी भित्र्याउनेदेखि कुशल प्रशासन व्यवस्था मिलाउने श्रेय उनलाई जान्छ । पिएसजीमा आबद्ध भएका कारण उनको प्रभाव युरोपमा ठुलो छ । यद्यपि, उनलाई फिफा अध्यक्ष बन्न कुनै चासो नभए पनि एक समूह नासिर अललाई उम्मेदवार बनाउने प्रयासमा रहेको एजेन्सीले जनाएको छ ।

म्याथियास ग्राफस्ट्रोम (स्विडेन)



इन्फान्टिनोको विश्वासिलो पात्र रूपमा वर्तमान महासचिव म्याथियास हुन् । धेरैजसोले म्याथियासलाई इन्फान्टिनोका दायाँ हात मान्ने गर्छन् । फिफाको प्रशासनिक कार्यमा दक्षता हासिल गरेकी उनलाई पनि अध्यक्षकै रूपमा अगाडि सार्ने प्रयास भइरहेको छ । यद्यपि, म्याथियासले यसपटक फिफा अध्यक्ष युरोप बाहिरको हुनुपर्ने माग राखेकी छिन् ।

आर्सेन वेंगर (फ्रान्स)



फुटबल जगत्मा वेंगरलाई एक कुशल प्रशासनिक मानिन्छ । इंग्लिस प्रिमियर लिगमा आर्सनललाई दुई दशकभन्दा बढी प्रशिक्षण गरेका वेंगर भलाद्मी हुन् । खासै नबोल्ने उनले फिफाको ग्लोबल विकास परियोजनामा प्रमुखका रूपमा काम गरेका छन् । वेंगरले विभिन्न समयमा इन्फान्टिनोलाई सहयोग गर्दै आइरहेका छन् । इमानदार छवि बनाएका वेंगरलाई पनि अध्यक्षका रूपमा अगाडि बढाइने योजना छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com